# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "टीकाराम उदासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके अन्तर्गत स्नातकोत्तर तह दोस्रोवर्षको दसौँपत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय प्रवेश

नेपाली साहित्यका प्रतिभाशाली साहित्यकार टीकाराम उदासी विद्यार्थी अवस्थादेखि नै विभिन्न साहित्यिक गतिविधिमा संलग्न हुँदै राष्ट्रभाषा र राष्ट्रिय भाषामा थुप्रै लेख, रचना र कृति प्रकाशित गरेका छन् । सर्वप्रथम वि.सं.२०४६ साल भाद्र ५ गते मंगलबारका दिन आन्तरिक व्यथा नामक कविता दाङबाट प्रकाशित हुने नयाँ युगबोध दैनिकमा प्रकाशित गरेर औपचारिक रुपमा साहित्यिक यात्राको प्रारम्भ गरेको पाइन्छ ।

विभिन्न पत्रपत्रिकाहरुमा उनका कथा, निबन्ध, गजल र कविता आदि प्रकाशित समेत भएको पाइन्छ । उदासीले वि.सं. २०४८ सालमा अनुरोध कविता सङ्ग्रह, वि.सं. २०५० सालमा वर्तमान बाँच्न खोज्दा र वि.सं. २०५६ परिवेशका धुनहरु गजल सङ्ग्रहहरु, वि.सं. २०५७

सालमा अनुभूतिका बाछिटाहरु हाइकू सङ्ग्रह, वि.सं. २०५८ सालमा मौसमका हरफहरु (संयुक्त कविता सङ्ग्रह) र वि.सं. २०५९ सालमा गजल सिद्धान्त र नेपाली गजलको इतिहास कृतिहरु प्रकाशित गरेको पाइन्छ ।

यसरी नेपाली साहित्यिकको सिर्जना गर्ने काम गर्दै आएका साहित्यकार टीकाराम उदासीका केही कृतिहरुमा सामान्य चर्चा, परिचर्चा भएबाहेक उनको जीवनी, व्यक्तित्व, कृतित्वको विस्तृत व्यवस्थित एवम् प्रमाणिक अध्ययन अनुसन्धान गरेको नपाइएकोले यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा अनुसन्धान तथा शोधखोज गरी विस्तृत रुपमा अध्ययन गरिएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरुको पहिचान गरिएको छ ।

- टीकाराम उदासीको जीवनी र व्यक्तित्व के कस्तो छ ?
- उदासीको साहित्ययात्रा र विकासक्रम कसरी अगाडि बढेको छ ?
- उदासीका कृति, लेख रचनाहरुले नेपाली साहित्यमा के कस्तो योगदान दिएका छन् ?

## १.५ शोधका उद्देश्यहरु

प्रस्तुत शोधपत्रको उद्देश्यहरु निम्नलिखित छन् :

- साहित्यकार टीकाराम उदासीको जीवनी र व्यक्तित्वको बारे परिचय दिने ।
- उदासीको साहित्यिक यात्रा र विकासक्रमको बारेमा चर्चा गर्न ।
- उदासीको कृति, लेखरचनाहरुले नेपाली साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरी निष्कर्ष दिने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका बहुमुखी प्रतिभा टीकाराम उदासीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा यसभन्दा अगाडि खास अध्ययन विश्लेषण, मूल्याङ्कन गर्ने कार्य कसैबाट भएको छैन । सामान्य रुपमा परिचय समीक्षा, टिप्पणी एवम् पाठक प्रतिक्रिया मात्र भएको पाइन्छ । जसले

गर्दा कवि, कथाकार, निबन्धकार, गजलकार एवम् समालोचक टीकाराम उदासी आजसम्म ओझेलमा परेको देखिन्छ । प्रस्तुत शोधपत्रको तयारीको सिलसिलामा उनको बारेमा जेजति सामाग्री प्राप्त भए तिनलाई कालक्रमिक रुपमा तल प्रस्तुत गरिएको छ :

**(क) गिरबहादुर क्षणिक :**

उदासीले शोषित पिडितहरुको यथार्थिक जीवनको सफल चित्रण गर्दै उनीहरुको गाँस, बाँस र कपास हकहित र अधिकारको लागि अगाडि बढ्नुपर्ने सत्यता देखाएको कुरा उल्लेख छ । - (टिकाराम उदासीको अनुरोध कविता सङ्ग्रहको भूमिका, दुईवटा कुरा वि.सं. २०४८)

**(ख) अमर गिरी :**

दाङ्गका कविता समसामयिक यथार्थले काव्यात्मक अभिव्यक्ति पाएको चर्चा गर्दै टीकाराम उदासीका गजलमा पनि सोही प्रवृत्ति भेटिने उल्लेख गरेका छन् । (दाङ्गका कविताहरुमा समसामयिक यथार्थ शीर्षमा नयाँ युगवोध, वर्ष १९, अंक १ र २०५५ वैशाख १ गते मंगलबार)

**(ग) गिरीराज शर्मा :**

दाङ्गको भूमिका पाइला टेकेका उदासीको यो गजल सङ्ग्रह पठनीय छ । अध्येता, चिन्तक र गजलकार टीकाराम उदासी दङ्गाली प्रतिभामा गणना गर्न लायक व्यक्तित्व मान्न सकिने कुरा उल्लेख छ । (टिकाराम उदासीको परिवेशका धूनहरु गजल सङ्ग्रह, परिवेशका धूनहरु एक ससर्ती नियाल्दा भन्ने शीर्षकमा परिवेशका धुनहरु पुस्तक समीक्षा, नयाँ युगबोध, वर्ष २०, अङ्क २४९ र २०५६ फाल्गुण १३ गते शुक्रबार)

**(घ) प्रा.डा. दयाराम श्रेष्ठ :**

टीकाराम उदासीले नेपाली गजलको अध्ययनको क्षेत्रमा ठोस काम गरी आफ्नो बौद्धिक उच्चताको परिचय दिएको कुरा उल्लेख छ । (टीकाराम उदासीको गजल सिद्धान्त र नेपाली गजलको इतिहास पुस्तकको मन्तव्य वि.सं. २०५९)

**(ङ) नविन विभास :**

बुँदालाई चुनौती र तन्नेरीहरुलाई हौसला बोकेर नेपाली साहित्यको गजल गाउँसम्म पुग्ने यही गजल बाटो टीकापथ भएको कुरा उल्लेख छ । (टीकाराम उदासीको गजल सिद्धान्त र नेपाली गजलको इतिहास पुस्तकको शोधग्रन्थ शीर्षकमा नयाँ युगबोध वर्ष २६, अङ्क १६० र २०५९ कार्तिक ८ गते शुक्रबार)

**(च) उत्तमकृष्ण मजगैयाँ :**

फुटकर रुपमा कथा लेखेर उदासीले दाङ्गको कथा साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएको कुरा उल्लेख गरिएको छ । (दाङ्गका कथाकारहरु एक संक्षिप्त परिचय शीर्षकमा नयाँ युगबोध वर्ष २७, अंक १४६ र २०६० मंसिर २६ गते शुक्रबार)

**(छ) उत्तमकृष्ण मजगैयाँ :**

गजलमा मात्र होइन उदासीको प्रत्येक रचनाहरुमा सुन्दर, समुन्नत र शोषणरहित समाजको सिर्जना भएको देख्ने रहर र हुटहुटीले पिरोलिएको पाइने कुरा उल्लेख छ ।
(दाङ्गका गजलकारहरु एक संक्षिप्त परिचय शीर्षकमा नयाँ युगबोध वर्ष २७, अंक २४५ र २०६० साल माघ २३ गते शुक्रबार)

## १.७ शोधको औचित्य

वि.सं. २०४७ सालदेखि नेपालका विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशन गरी साहित्यको क्षेत्रमा निरन्तर क्रियाशील रहेका साहित्यकार उदासीको बारेमा पूर्व अध्येताहरुले गरेको अध्ययन व्यवस्थित र विस्तृत छैन । अतः सर्वप्रथम उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सुव्यवस्थित ढङ्गले तथ्यपरक अध्ययन गरिने हुँदा तथा नेपाली साहित्यको क्षेत्रमा ओझेलमा परेका प्रतिभाहरुको योगदानका बारेमा सम्पूर्ण अध्येताहरुलाई जानकारी हुने भएकोले प्रस्तुत शोध स्वतः औचित्यपूर्ण देखिन्छ । साथै उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरुलाई पनि मार्ग निर्देशन हुने देखिन्छ । तसर्थ साहित्यकार उदासीलाई नेपाली साहित्यमा

चिनाउँदै उनको योगदानको मूल्याङ्कन गरिने भएकोले यस शोधको औचित्य स्वतः स्थापित हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

हरेक मानिसको सिङ्गो जीवन भनेको उसको जीवनमा घट्ने घटनाको सम्मिश्रण हो । त्यसमा पनि साहित्यकारको जीवनमा साना र ठूला विविध घटनाहरु अवश्य घटित भएका हुन्छन् । उदासीको जीवनमा घटित सानाठूला सम्पूर्ण घटनाहरुको विस्तृत चर्चा नगरी उनको जीवनको प्रमुख महत्वपूर्ण घटनाहरुको मात्र चर्चा गरिएको छ जसलाई प्रस्तुत शोधकार्यको पहिलो सीमाको रुपमा लिइएको छ । साहित्यकार उदासीका कुनै कृति प्रकाशित र प्राप्त छन् भने कतिपय कृति अप्रकाशित रुपमा रहेका छन् । साहित्यकार उदासीका कुनै कृति प्रकाशित र प्राप्त छन् । यस शोधपत्रमा उनका प्रकाशित उपलब्ध कृतिहरुको व्याख्या विश्लेषण गरिएको छ । उसलाई प्रस्तुत शोधकार्यको दोस्रो सीमाको रुपमा लिन सकिन्छ । यहाँ उदासीका प्रकाशित काव्यकृतिहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । जुन प्रस्तुत शोधकार्यको अन्तिम सीमा हो ।

## १.९. शोधविधि :

(क) सामाग्री सङ्कलन :

यस शोधपत्रको सामाग्री सङ्कलन गर्दा पुस्तकालयीय पद्धति र अन्तरवार्ता पद्धति अपनाइएको छ ।

(ख) सामाग्री विश्लेषण :

यस शोधपत्रमा जीवनी र व्यक्तित्व पक्षको अध्ययन जीवनीपरक समालोचना र कृति पक्षको विवेचना वर्णनात्मक र प्रभावपरक समालोचना एवम् विधागत सैद्धान्तिक तत्वको आधारमा गरिएको छ । यसैगरी उनको योगदानको चर्चा तुलनात्मक एवम् विश्लेषणात्मक समालोचना पद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा :

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र व्यवस्थित रुपमा प्रस्तुत गर्नको लागि यस अध्ययनलाई निम्न परिच्छेदमा विभाजित गरिएको छ ।

(क) पहिलो परिच्छेद : शोधपरिचय

(ख) दोस्रो परिच्छेद : टीकाराम उदासीको जीवनी र व्यक्तित्व

(ग) तेस्रो परिच्छेद : उदासीको साहित्ययात्रा र उनका कृतिहरुको वर्गीकरण

(घ) चौथो परिच्छेद : उदासीका कृतिहरुको अध्ययन र उनको योगदान

(ङ) पाँचौ परिच्छेद : उपसंहार

उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरुमा विभाजन गरी अध्ययन गरिएको प्रस्तुत शोधपत्र पाँचवटा परिच्छेदले युक्त छ ।

# परिच्छेद दुई

# टीकाराम उदासीको जीवनी र व्यक्तित्व

## २.१ जीवनी :

### २.१.१ उदासीको पारिवारिक पृष्ठभूमि :

रोल्पा जिल्ला राप्ती अञ्चलमा पर्ने जिल्ला मध्येको एउटा पिछडिएको जिल्ला हो । अधिकांश भूभाग पहाडद्वारा निर्मित र बाँकी भूभाग पनि कृषि योग्य जमिन नभएको कारण त्यहाँका वासिन्दाहरुले निकै कष्टकर जीवन भोगिरहेका छन् । त्यहाँका मानिस वैदेशिक रोजगार, विभिन्न देशका सुरक्षा क्षेत्रमा काम गर्न गएका र बाँकीले आफ्नो हलो कोदालो गरी खाने मिहेनती कृषकका छोरा भएर त्यही पारिवारिक पृष्ठभूमिमा जन्मिएका हुन् ।

वि.सं. २०३० साल पुष १५ गते बुधबारका दिन रोल्पा जिल्लाको गर्पा गाउँ विकास समितिमा पिता धर्मजित बुढा र माता सुना बुढाको कोखबाट साइलो सुपुत्रका रुपमा उनको जन्म भएको हो । एकल परिवारमा जन्मिएका उदासीले बाबुआमा तथा दाजुभाइ र बहिनीहरुबाट यथेष्ट माया प्राप्त गरी सानैदेखि हुर्कने अवसर प्राप्त गरेको बताउँछन् । शिक्षाको क्षेत्रमा वा पठनपाठनमा आफ्नो बुबा धर्मजित बुढाको प्रेरणाबाट आफू प्रेरित भएको कुरा उदासी बताउँछन् । उनको बुबा त्यतिबेला कृषि पेशा लगायत मुखिया (मुख्य व्यक्ति) गाउँको भई समाजसेवा गर्ने गर्थे । उनको समाजका अनेकौं समस्याको समाधान गर्न सक्थे । आफ्नो बुबाको सामाजिक मर्यादा देखेर उदासीले आफू पनि ठूलो मान्छे बन्न पाएँ हुन्थ्यो भन्ने कल्पना गर्थे । उदासीको पारिवारिक पृष्ठभूमिमा नियालेर हेर्दा पनि उनी सामान्य एक कृषक तर समाजसेवी परिवारमा जन्मेका व्यक्ति भएको देखिन्छ । उनी आमाबुबाको प्रेरणाका कारण पढ्नुलाई भन्ने धारणाप्रति दृढ बन्दै चार वर्षको कलिलो उमेरमा प्रा.वि. कर्पामा भर्ना भई नेपाली भाषाको स्वर र व्यञ्जन अक्षर पढ्न थाले । आफ्नो जन्मस्थान गर्पामा भएको र

त्यहाँको स्थानीय स्कूलमा तीन कक्षासम्म मात्र पढाई हुने भएकोले कक्षा तीन उत्तीर्ण गरिसकेपछि कक्षा चार पढ्न रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्मा भर्ना भई अध्ययन गर्न थाले । त्यहाँबाट कक्षा पाँचमात्र के उत्तीर्ण गर्न पाएका थिए, उनको परिवार गासबासको निम्ति अलिक फराकिलो ठाउँको खोजीमा दाङ्ग जिल्लाको सौडियार गा.वि.स. वडा नं. १ अघरामा आई बसोबास गर्न  थाले । उदासीलाई एकपछि अर्को स्कूल बदल्नु पर्दा असजिलो महसुस त भयो तरपनि उनको मिलनसार स्वभाव र आकर्षक बोलीले गर्दा जहाँ गएपनि असजिलो भएन । दाङ्ग जिल्लाको बसाइँसराइपछि क्रमिक रुपले माथिल्लो तहको अध्ययन बढेको पाइन्छ । पारिवारिक पृष्ठभूमिलाई नियालेर हेर्दा दुई दाइ आफू र एक भाइ गरी जम्मा ४ भाइ र ३ बहिनी रहेको देखिन्छ ।

### २.१.२ टीकाराम उदासीको बाल्यकाल :

रोल्पा जस्तो दुर्गम जिल्लाको गाउँमा जन्मिएका उदासीको बाल्यकाल रोल्पाको गर्पामा नै बित्यो । त्यही छँदासम्म उनको परिवार मुखियाको रुपमा भएको कारण नेतृत्व लिने क्षमताको प्रभाव उनको बाल मस्तिष्कमा परेको कुरा स्वभाविकै रुपमा अनुमान गर्न सकिन्छ । उनी बाल्यकालदेखि नै अन्तर्मुखी प्रवृत्तिका थिए ।

### २.१.३ शिक्षादीक्षा :

वि.सं. २०४० सालमा उदासी श्री महेन्द्र साधारण मा.वि. धर्ना दाङ्गमा कक्षा ६ मा भर्ना भई अध्ययन गर्न थाल्छन् । त्यही पढ्दा उनमा पढाइको लगनशीलतामा थप उर्जा थपिदै जान्छ । वि.सं. २०४१ सालमा श्री पद्मोदय पब्लिक उच्च मा.वि.मा कक्षा सातमा भर्ना भई त्यहाँबा एस.एल.सी. उत्तीर्ण हुन्छन् । घोराही उपत्यकाको चर्चित सरकारी स्कुलबाट एस.एल.सी. उत्तीर्ण गरेपछि त्यही स्थित श्री महेन्द्र बहुमुखी क्याम्पस, घोराही दाङ्गमा भर्ना भई प्रविणता प्रमाणपत्र तह अध्ययन गर्न थाले । स्कूले विद्यार्थी अवस्थादेखि औपचारिक रुपमा साहित्यिक क्षेत्रमा देखा पर्न थाल्छन् । वि.सं. २०४६ साल भाद्र ५ गते मंगलबारका दिन 'आन्तरिक व्यथा' नामक कविता नयाँ युगवोध राष्ट्रिय दैनिकमा प्रकाशित गरी शुभारम्भ गरेको

देखिन्छ । त्यतिबेलादेखि नै उदासीको औपचारिक साहित्यरूपी रथ चल्न थाल्छ । त्यही क्याम्पसबाट वि.सं. २०५२ मा स्नातक तह, वि.सं. २०५४ सालमा एकवर्षे बि.एड. गरेपछि वि.सं. २०५६ सालमा त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर र वि.सं. २०६० सालमा राजनैतिकशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको पाइन्छ । वि.सं. २०५४ सालमा माउन्ट कार्मेल स्कुल ललितपुरमा शिक्षण कार्य समेत गरेको पाइन्छ । एकातिर पढाइ र अर्कोतिर शिक्षण कार्यबाट व्यस्त रहँदारहँदै पनि साहित्यको गति पनि अग्रदिशातिर लागि नै रहेको देखिन्छ । वि.सं. २०५६।०५७ तिर गोर्खा इन्टरनेशनल बोर्डिङ्ग स्कुल, घोराही दाङ्गमा शिक्षण गरेको पाइन्छ । सोही विद्यालयमा अध्यापन गर्दागर्दै दुर्गम क्षेत्रको शिक्षालाई अगाडि बढाउने तीब्र इच्छा आएकोले वि.सं. २०५७ सालमा भेरी ज्ञानोदय क्याम्पस, जाजरकोट, खलङ्गामा गई अध्यापन कार्य गरेको पाइन्छ । त्यहाँ वि.सं. २०६३ सालसम्म अध्यापन गरेको पाइन्छ । ज्ञानोदय पब्लिक क्याम्पसबाट वि.सं. २०६३ सालमा आफ्नै गृह जिल्ला दाङ्गमा आई अध्यापन गरिरहेको पाइन्छ । मध्यम वर्गीय परिवार भएको कारण आर्थिक जिम्मेबारी पनि काँधमा पूर्णरुपले आइसकेको भएतापनि आफ्नो अध्ययनलाई निरन्तरता दिने क्रममा हाल “समकालीन नेपालीका गजलका प्रवृत्तिहरु” भन्ने शीर्षकमा विद्यावारिधि उपाधिका लागि अनुसन्धानमा संलग्न भइरहेको पाइन्छ । यसरी प्रारम्भिक तहका विभिन्न शैक्षिक खुट्किला पार गर्दै विभिन्न बाधा अड्चनको सामना गर्दै हालसम्म पनि निरन्तरगामी कदम अगाडि बढाइरहेको देखिन्छ । हाल उनी बालविद्या निलकण्ठ र गोर्खा इन्टरनेशनल उच्च मा.वि.हरुमा अध्ययनरत छन् । पढाइको व्यस्तताले आफूलाई दिएका अन्य उच्च मा.वि.का कक्षाहरु नलिन सकेको कुरा समेत उदासीले बताउँछन् । यदि प्राध्यापन कार्यलाई मात्र प्रमुखता दिने हो भने आफूलाई खाना खान समेत समय निकाल्न कठिन हुने कुरा समेत व्यक्त गर्छन् । यसको कारण हालका वर्षहरुमा नेपाली भाषा शिक्षकहरुको आवश्यकता बढी खड्कीरहेको छ, त्यसमा पनि उदासी एक क्षमतावान्, सक्षम व्यक्ति हुन् ।

### २.१.४ विवाह र दाम्पत्य जीवन :

नेपाली संस्कारमा विवाह गर्नुपनि एक जिम्मेबारी कर्तव्य भएकोले वि.सं. २०६१ साल माघ २१ गतेका दिन उदासीको शुभविवाह दाङ्ग जिल्ला लक्ष्मीपुर गा.वि.स. वार्ड नं. १

कुहिरेपानी निवासी गोपाल पुनकी कान्छी छोरा राधा पुनसँग सम्पन्न भएको कुरा स्वयम् उदासीले बताउँछन् । विवाह पश्चात पनि अध्ययन कार्य निरन्तर रुपमा चलिरहेको देखिन्छ । उदासीको हाल एक श्रीमती र एक छोरा छन् । उदासीको छोराको जन्म वि.सं. २०६४ कार्तिक २७ गते भएको र आफूले उसको नाम परिवेश बुढा राखेको कुरा समेत बताउँछन् । दाम्पत्य जीवनलाई हेर्दा उनको दाम्पत्य जीवन अति सुखी देखिन्छ ।

### २.१.५ पारिवारिक अवस्था :

उदासीको पारिवारिक अवस्थालाई नियाल्दा उनी ४ भाइ र ३ बहिनी आमाबुबासहित ९ जनाको परिवारमा जन्मेका हुन् । पुर्ख्यौली पेशा कृषि भएको र हालसम्म पनि कृषि पेशामा आश्रित परिवारजनको सङ्ख्या बढी भएकोले उनको जीवन सामान्य रुपले चल्ने गरेको देखिन्छ । श्रीमती समेत स्नातकोत्तर अध्ययन गरिरहेको र छोरो सानै भएको कारण शिक्षालयको ढोकामा नपुगेको तर निकट भविष्यबाट उसको पनि प्रारम्भिक चरण सुरुवात हुने कुरा निश्चय रहेको छ । दाजुभाइका छोराछोरीलाई समेत आफैले शिक्षादीक्षा दिंदै आएको पाइन्छ ।

### २.१.६ आर्थिक अवस्था :

आर्थिक दृष्टिले हेर्दा उदासीको जीवन सामान्य रहेको पाइन्छ । आफूलाई निम्न मध्यम वर्गीय भन्न रुचाउने उदासीको जन्म एउटा किसानको छोराको रुपमा त्यो पनि रोल्पाजस्तो विकट जिल्लाको गर्पामा भएको कुराबाट स्पष्ट हुन्छ । उसो त गाउँले जीवन जो कोहीको पनि सामान्य र सरल हुन्छ । एउटा सामान्य जनजाति परिवारमा जन्मिएका उदासीको कुरा पनि भिन्न रहन सकेको देखिन्न । परिवारका अन्य सदस्यको भरणपोषणको लागि पनि उनको कमाइले पुग्न कठिन भएको देखिन्छ । आयस्रोतको कुरा गर्दा आफू नै परिवारमा जागिर गर्ने बाँकी सबैको कृषि पेशा आयआर्जनको मूलस्रोत भएको कुरा बताउने उदासीलाई जसरी तसरी भएपनि एक गास दिन र एकसरो लगाउन भने पुगेको देखिन्छ ।

### २.१.७ संस्थागत संलग्नता :

संस्थागत संलग्नताको दृष्टिले हेर्दा उनी कुनै राजनैतिक संघसंस्थाप्रति आवद्ध रहेको देखिंदैन । उनी समानताको आवाज उठाउने साहित्यकार भएको नाताले सामाजिक, शैक्षिक, साहित्यिक संघसंस्थामा निकै संलग्न रहेको पाइन्छ । सायद राप्तीबाट प्रकाशित अत्याधिक पत्रपत्रिकाहरुमा समेत उनको संलग्नता पाइन्छ । वि.सं. २०५१ सालदेखि नै राप्ती साहित्य परिषदमा संलग्न भई सहसचिवसम्मको पदधारण गरिसकेको पाइन्छ । वि.सं. २०५१ सालमा साहित्यप्रेमी विद्यार्थी समूह म.ब. क्याम्पस दाङ्गको संस्थापक अध्यक्ष भएको देखिन्छ । दाङ्ग विद्यार्थी समिति, कीर्तिपुरको उपाध्यक्ष वि.सं. २०५४, नेपाल मगर संघ जिल्ला समिति दाङ्गको सचिव वि.सं. २०५१, केही साथीहरुसँग मिलेर अतिरिक्त प्रकाशन नेपालको स्थापना र सञ्चालन जस्ता विविध साहित्यिक र सामाजिक संघसंस्थामा जिम्मेबारी पद धारण गरेको उदासीको हालसम्म पनि यस्ता साहित्यिक संघसंस्थाप्रति प्रत्यक्ष/अप्रत्यक्ष कुनै न कुनै तरिकाले अहोरात्र सम्मिलित हुँदै आएको देखिन्छ । रेडियो मध्यपश्चिम दाङ्गका स्टेशन म्यानेजर, नयाँ युगवोध राष्ट्रिय दैनिक दाङ्गका स्तम्भकारका साथै अन्य विविध संघसंस्थाप्रति आवद्ध रहेको पाइन्छ ।

### २.१.८ बसाइँसराई :

बसाइँसराई भन्नाले कुनै मुलुकको एक क्षेत्रबाट अर्को क्षेत्रमा आउने/जाने क्रमलाई आन्तरिक र आफ्नो मुलुकबाट अर्को मुलुकमा जाने/आउने क्रमलाई वाध्य बसाइँसराई भनिन्छ । उदासीको परिवार अलिक फराकिलो ठाउँको खोजीमा वि.सं. २०४० सालमा रोल्पा जिल्लाको गर्पाबाट दाङ्ग जिल्लाको सौडियारमा बसाइँसराई गरेको पाइन्छ । निश्चय पनि मानिस सुविधाभोगी प्राणी हो यसमा द्विविधा छैन, त्यसैले पनि उनको परिवार रोल्पाबाट दाङ्ग आएको हुनुपर्दछ । दाङ्गमा बसोबास गरेतापनि जन्मभूमिको माया ममता उनको हृदयमा अमिट रुपमा रहेको देखिन्छ ।

### २.१.९ सम्मान र पुरस्कार

आफूले हालको उमेरसम्म प्राप्त गरेको विभिन्न सम्मान र पुरस्कारहरुभन्दा पनि सबैले दिने गरेको हौसला, माया र प्रेरणा नै सबैभन्दा आफूले पाएको ठूलो सम्मान र पुरस्कार हो भन्ने मान्यता उदासीले राख्दै आएका छन् । यसको अर्थ पुरस्कार र सम्मानको उपेक्षा गरेको भन्ने होइन भन्ने कुरा उनी बताउँछन् । यस क्रममा विद्यालय र जिल्लास्तरीय प्रतियोगिताहरुमा पनि पुरस्कृत भएको देखिन्छ ।

संस्थागत रुपमा उदासीको प्रकाशित कृति तथा गजल साहित्यमा पुऱ्याएको योगदानलाई कदर गर्दै "घनश्याम साहितियक पुरस्कार" राप्ती साहित्य परिषद दाङ्गले वि.सं. २०५० सालमा प्रदान गरेको छ । वि.सं. २०६१ सालमा लेखक संघ, दाङ्गले बमशङ्कर साहित्यिक पुरस्कारले सम्मानित गरेको छ । प्रगतिशील लेखक संघ दाङ्गले वि.सं. २०६४ सालमा "गोविन्द चिस स्मृति पुरस्कार समेत प्रदान गरेको छ । उनले गजल क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै राप्ती समाज काठमाडौंले वि.सं. २०६६ मा अभिनन्दन गरेको पाइन्छ । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानद्वारा वि.सं. २०६६ सालमा यस क्षेत्रको दोस्रो गजलकार र दुईवटा गजलकृति प्रकाशित गर्ने पहिलो गजलकार भएको चर्चा गर्दै दोसल्ला ओढाई सम्मान समेत गरेको पाइन्छ ।

### २.१.१० अनुभव र कार्य

जबसम्म मान्छेलाई कुनै काम आफ्नो जिम्मामा आउँदैन तबसम्म उसले त्यो कामको बारेमा जानकारी प्राप्त गरेपनि निपुणता अवश्य प्राप्त गर्न सकेको हुँदैन । नेपाली समाजप्रति अभिरुची बढ्दै गएकोले उनले सामाजिक संघसंस्थाको नेतृत्व लिने काम कलिलै उमेरदेखि गरेको देखिन्छ । उनको बुबा मुखिया भएको कारणले पनि समाजको नेतृत्व लिने अभिरुची आएको कुरा सहजै अनुमान गर्न सकिन्छ ।

उदासीले वि.सं. २०५१ सालमा म.ब. क्याम्पस, घोराही दाङ्गमा साहित्यप्रेमी विद्यार्थी समूह गठन गरी त्यसको संस्थापक अध्यक्ष र वि.सं. २०५१-५२ सालमा राप्ती साहित्य परिषद दाङ्गको सहसचिव भई कार्य गरेको देखिन्छ । त्रि.वि. मा अध्ययनको क्रममा दाङ्ग विद्यार्थी समिति

कीर्तिपुरको उपाध्यक्ष वि.सं. २०५४-५५ मा भई टाढा बस्दा आफूले खेले, बसेको ठाउँको कति याद आउँछ भन्ने कुराको समेत अनुभव बटुलेको पाइन्छ ।

वि.सं. २०५७ सालमा साहित्य सम्प्रेषण अभियान दाङ्गको स्थापना गरी त्यसको संस्थापक संयोजक भई कार्य अनुभवलाई तिखार्दै लगेको देखिन्छ । यसरी नै वि.सं. २०५७-०६२ सम्म भेरी ज्ञानोदय क्याम्पस, जाजरकोटको सहायक क्याम्पस प्रमुख भई आफ्नो जीवनमा प्रशासनिक अनुभव बटुलेको पाइन्छ । त्यसै क्याम्पसमा रहँदा वि.सं. २०६२ सालमा संस्थापक सभापति त्रि.वि. प्राध्यापक संघ क्याम्पस इकाई समिति जाजरकोटको भई कार्य अनुभव लिएको भेटिन्छ । वि.सं. २०६३ सालमा दाङ्ग आएपछि पब्लिक क्याम्पस प्राध्यापक संघ (राप्ती- भेरी) को उपाध्यक्ष भई कार्य समेत गरेको देखिन्छ ।

वि.सं. २०६४।०६५ मा रेडियो मध्यपश्चिम दाङ्गको स्टेशन म्यानेजर भई सञ्चार क्षेत्रमा आफूलाई चिनाउन पुगेको देखिन्छ । नयाँ युगवोध राष्ट्रिय दैनिक दाङ्गको नियमित स्तम्भकारको रुपमा समेत उदासीले काम गरेको देखिन्छ ।

यस्ता अनुभव र कार्य भन्दा बाहेक विविधखाले सामाजिक संघसंस्थामा संलग्नता रहेको छ । यी कुराहरुबाट के स्पष्ट हुन्छ भने उदासी एक क्षमतावान चौतर्फी क्षेत्रका अनुभवी व्यक्ति हुन् । बहुमुखी क्षेत्रमा अनुभव प्राप्त गर्न सफल उदासीले आफूलाई प्राध्यापक, साहित्यकार, पत्रकार, सम्पादक, स्टेशन मास्टर, स्तम्भकारका रुपमा आफूलाई निचाएका छन् । आफूमा जे जस्ता कामको जिम्मा आउँछ, त्यो नडराई लिनुपर्दछ । हिम्मत र आँटका साथ गरेको खण्डमा जस्तोसुकै काममा पनि सफलता प्राप्त गर्न सकिन्छ भनी उदासी बताउँछन् । जो कोहीले पनि साहसपूर्ण तरिकाले अग्रदिशातिर लागेपछि सफलता प्राप्त गर्छ जस्तो आफूलाई लाग्छ भनी जानकारी समेत दिन्छन् ।

### २.१.११ प्रेरणा र प्रभाव

कुनै व्यक्ति भविष्यमा कस्तो बन्ला भन्ने कुरा वर्तमानमा किटान गर्न सकिंदैन तापनि एउटा वातावरणले भने निश्चय नै प्रभाव पार्न सक्छ । उदासी गर्पाजस्तो दुर्गम ठाउँमा जन्मे, हुर्केको एक सामान्य परिवार, त्यसमा पनि बुबा सामान्य साक्षर र आमा निरक्षर भएको पारिवारिक वातावरण भएको हुँदा उनको साहित्य लेखनमा पनि गाउँघर, किसान, मेलापात,

मजदूर, भरिया तथा अभावग्रस्त नेपाली समाजमा रहेको दुःखी प्राणीहरुको प्रेरणा र प्रभाव परेको देखिन्छ । समय र परिस्थितिको कारण पनि उनमा एक जल्दोबल्दो जोश आउनुपनि स्वभाविकै थियो । खासगरी आफू अनपढ भएपनि मेरा छोराले पढे हुन्थ्यो भनने वाक्यांश उदासीले दुधे काखदेखि नै आमाको मुखारबिन्दुबाट सुन्दै आएको हुनाले त्यसबाट प्रेरित भएको कुरा र बुबाले मेरो छोरा ठूलो मान्छे भए हुन्थ्यो भन्ने कुराले पनि प्रेरित भएको हुँदा उनी मूलतः अन्य कुराहरुमा भन्दा शिक्षादीक्षा आर्जन गर्नमा नै व्यस्त रहेको देखिन्छ । यसको साथै आफू बसाइँ सरी दाङ्ग आएपछि तत्कालिन दाङ्गका साथीहरुको उचित सल्लाह एवम् प्रेरणाले गर्दा मैले केही गर्नुपर्छ भन्ने भावना उनमा जागृत भएको देखिन्छ । सानै उमेरदेखि नै गिरबहादुर अधिकारी ‘क्षणिक’ जस्ता साहित्यप्रेमी साथीहरु भएको हुँदा पढाई र साहित्यतिर लाग्ने प्रेरणा प्राप्त भएको देखिन्छ । उदासी एक पत्रपत्रिका पढ्न रुची राख्ने एक अध्ययनशील व्यक्ति भएकोले पत्रिकाबाट प्रकाशित विभिन्न साहित्यकारहरुका लेखरचनाले पनि उनमा दुरगामी प्रभाव परेको देखिन्छ । त्यसपछि पनि उनी एक नेपाली साहित्यको विद्यार्थी भएको नाताले र साथीहरुसमेत आफूलाई साहित्य क्षेत्रमा लाग्न प्रेरित गरेको कुरा उदासी बताउँछन् ।

## २.२ उदासीको व्यक्तित्व

### २.२.१ शारीरिक व्यक्तित्व

मानिस कस्तो छ भन्ने कुरा उसको शारीरिक संरचनाबाट मात्र थाहा पाउन कठिन हुन्छ किनभने आकर्षण शारीरिक व्यक्तित्व हुने व्यक्ति पनि बौद्धिक रुपले कमजोर हुन सक्छ । कमजोर शारीरिक अवस्था भएको व्यक्ति पनि बौद्धिक रुपले प्रबल हुनसक्छ । शारीरिक दृष्टिले हेर्दा उदासी कमजोर देखिन्छन् । दुब्लो, पातलो, गहुँ गोरो वर्णका एक सामान्य मान्छेको रुपमा उदासीलाई लिन सकिन्छ । शारीरिक व्यक्तित्वलाई हेर्ने हो भने उदासीको उचाई ५ फिट २ इन्च र तौल करिब ५० किलोग्राम जति छ । जो सामान्य मान्छे जस्तै हो । यसबाट के स्पष्ट हुन्छ भने स्वभाविक रुपमा उनको आकर्षक व्यक्तित्व छैन । यस बाहेक उदासी सधै सामान्य पहिरनमा भेटिन्छन् । लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहमा “म मै जस्तो छु अरु जस्तो छैन” भनेका छन् । एक प्रसङ्गमा आइस्टाइनले पनि यस्तै कुरा भनेका छन् :- “अरुसँग

तुलना नगर्ने हो भने संसारका सबै वस्तु आफैंमा राम्रो हुन्छ ।" वस्तुतः साहित्यकार उदासी आइस्टाइको आदर्शवादबाट बढी प्रेरित भएको देखिन्छ । महात्मा गान्धी जस्तै सादा जीवन र उच्च विचारमा रमाउन चाहन्छन् ।

## २.२.२ **स्वभाव :**

यस पृथ्वीमा पाइला टेक्ने हरेक प्राणीको स्वभाव आआफ्नो हुन्छ । त्यसमा पनि विवेकशील मानवमा त झन् भिन्न नहुने कुरै आउँदैन । त्यो शारीरिक रुपमा होस् वा मानसिक रुपमा होस् वा मानसिक रुपमा यसलाई शिक्षाशास्त्रमा व्यक्तिगत भिन्नता भनिन्छ । एउटा मान्छेको प्रकृति र शारीरिक संरचना अर्को व्यक्तिसँग मिल्दैन । साहित्यकार उदासीका पनि आफ्नै प्रकारको प्रवृत्तिगत विशेषता रहेको देखिन्छ । उनी समाजमा जहिले पनि आफूलाई अति सामान्य मान्छेको रुपमा चिनाउन चाहन्छन् । सधैं भरी ठूलासाना सबैसँग विनम्र भएर प्रस्तुत हुन रुचाउँछन् । उनको विचलनशीलतालाई जसले उदासी भनी चिन्छन् उनीहरुले मुक्तकण्ठले प्रशंसा गर्दछन् । आफ्नो क्षमता र योग्यताको प्रदर्शन सामान्य गफहरुमा कहिल्यै गर्दैनन् । आफूजस्तै साहित्य अनुरागी बौद्धिक व्यक्तित्वहरुको संवादको क्रममा मात्र क्षमता प्रदर्शन गर्दछन् । यो नै उदासीको मूल प्रवृत्तिगत स्वभाव हो । व्यवहारिक रुपमा गाउँघरमा सामान्य जीवन निर्वाह गर्ने मान्छेलाई महान ठान्दछन् । जीवनभर सामान्य खानपिन बाहेक अन्य कुराको ग्रहण नगरेका उदासी लोकसंस्कृति र लोकजीवनप्रति बढी आकर्षित रहेको देखिन्छन् । संसारमा कुनै पनि मानिस अध्ययन नगरी केही पनि गर्न सकिंदैन । जुन काम गर्नका लागि भएपनि सबभन्दा पहिले जसरी भएपनि अनिवार्य रुपले राम्रो शिक्षा प्राप्त गर्नुपर्दछ । यसका लागि अनिवार्य रुपले अध्ययन गर्नुपर्दछ भन्ने मान्यतामा उदासी दृढ रहेको देखिन्छन् । यिनै स्वभाव उनका मूल स्वभावका रुपमा रहेको पाइन्छ ।

## २.२.३ **शैक्षिक व्यक्तित्व**

मानिसका प्राकृतिक दुईवटा नेत्र हुन्छन् भने त्योभन्दा शक्तिशाली अर्को एउटा कृत्रिम नेत्र हुन्छ, जुन ज्ञानको आँखा हो । जसलाई हामी तेस्रो नेत्र भन्दछौं । यसले मानिसलाई

सानोबिन्दुबाट पूर्णतातिर बढ्न प्रेरित गर्दछ । तसर्थ मानिसको शिक्षा आर्जन गर्ने काम आमाको काखबाट आरम्भ भई चितामा गएर अन्त्य हुन्छ भनेर शिक्षाशास्त्रीले सबैलाई शिक्षा आर्जन गर्नतर्फ प्रेरित गरेका हुनसक्छ ।

साहित्यकार उदासी पनि मानिसले आधा पेट खाएर, भुत्रा कपडा लगाएर भएपनि पढ्नै पर्छ भन्ने ठान्दछन् । तसर्थ शैक्षिक व्यक्तित्व पनि सामाजिक व्यक्तित्व जस्तै असल छ । कक्षाकोठामा शिक्षार्थीहरुसँग सामान्य व्यक्तिको रुपमा घुलमिल भई बाल मनोवैज्ञानिक सिद्धान्त अनुशरण गर्दै शिक्षा लिने र दिने काम गर्न सकिन्छ भन्ने मान्यता राख्नु उनको शैक्षिक व्यक्तित्व हो । एउटा शिक्षक विद्यार्थीको अगाडि आफूलाई ज्ञान र दक्षता प्रस्तुत गर्नको लागि होइन, विद्यार्थीहरुको उमेर, तह र क्षमता अनुसार सहयोग गर्ने एउटा सहयोगी वा सहजीकरण गर्न सहजकर्ताको रुपमा प्रस्तुत गर्नुपर्दछ भन्ने मान्यता राख्नु उनको शैक्षिक विभिन्न कक्षाहरु विद्यार्थीहरुको स्तर, क्षमता र सीप अनुसार आफूलाई प्रस्तुत गर्न उदासी रुचाउँछन् ।

वि.सं. २०५४ सालदेखि विद्यालय तहबाट प्राध्यापन कार्य गर्दै आएका उदासीले हाल बालविद्या निलकण्ठ बहुमुखी क्याम्पस र गोर्खा इन्टरनेशनल कलेज, घोराहीमा कार्यरत छन् ।

प्राध्यापन कार्यमा आफूलाई सामान्य व्यक्तित्वको रुपमा प्रस्तुत हुन चाहने उदासीको यही नै शैक्षिक व्यक्तित्वको मूल केन्द्रबिन्दु हो ।

### २.२.४ सम्पदाकीय व्यक्तित्व :

उदासी विभिन्न शैक्षिक र साहित्यिक पत्रपत्रिकाको सम्पादक बनेको देखिन्छन् । सम्पादक कार्यमा उदासीको विचित्रको नमुना देखिन्छ । उनले राष्ट्रभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषामा प्रकाशित हुने विविध पत्रपत्रिकाको सम्पादन कार्य सम्पन्न गरेको देखिन्छ । हालसम्म उदासीले झण्डै एकदर्जनभन्दा बढी पत्रपत्रिकाहरुमा सम्पादक समेत बनेको देखिन्छ । यसरी हेर्दा उनको सम्पदाकीय व्यक्तित्व ज्यादै उच्च छ भन्दा बढी हुँदैन होला । उनले अंग्रेजी भाषाका "The Mirror The Gokhara" र "Founders Magazine" वार्षिक पत्रिकाको सम्पादन गरेको देखिन्छ । राष्ट्रिय भाषातिर “मगर आवाज” वार्षिक पत्रिकाको सम्पादन गरेको देखिन्छ । नेपाली भाषामा जमर्को र इन्द्रेणी मासिक पत्रिका, सप्तरङ्गी, द्वैमासिक, अन्तरध्वनि, आँखीझ्याल, आदिवासी मञ्च र अनाम त्रैमासिक पत्रिकाका साथै दङ्गाली आवाज वार्षिक पत्रिकाको समेत

सम्पादन गरेको पाइन्छ । उनले राप्तीका गीत (राप्तीका गीतहरुको प्रतिनिधि सङ्कलन) को समेत सम्पादक बनेको पाइन्छ । यसबाट उदासीमा सम्पादक व्यक्तित्व के कस्तो छ भन्ने कुरा स्पष्ट हुन्छ । उनी सम्पादक कार्य गरेर कहिल्य नथाक्ने एक साधक हुन् जसले साहित्यिक र शैक्षिक पत्रिकाहरुको सम्पादनमा संलग्न रहेको देखिन्छ ।

### **२.२.५ पत्रकार व्यक्तित्व :**

आरम्भिक चरणमा केही सञ्चार माध्यमसँग संलग्न रहेर पत्रकारिता गरेतापनि हाल उनी स्वतन्त्र पत्रकारिता गरिरहेका छन् । विभिन्न किसिमका कविता, गजललाई आकर्षक ढङ्गले प्रस्तुत गर्ने कला र गला दुबैको बरदान पाएका छन् । उदासीले रेडिया मध्यपश्चिम घोराही दाङ्गबाट २०६४।०६५ तिर स्टेट म्यानेजर समेत भई कार्य समेत गरिसकेका छन् । यस क्रममा रेडियो पत्रकार समेत बनेर विभिन्न व्यक्ति वा संस्थाहरुको अन्तरवार्ता लिने र दिने काम गर्दै आएका छन् । यसका साथै उदासी नयाँ युगबोध दैनिक, गाउँघर साहित्यिक, राप्तीदूत, अन्तध्र्वनि आदि विभिन्न पत्रपत्रिकाहरुमा समाचारमूलक र साहित्यिक रचनाहरु प्रकाशित भएको देखिन्छ । उनमा जागरुक र प्रभावशाली पत्रकारिता व्यक्तित्व रहेको कुरा स्पष्ट देखिन्छ ।

### **२.२.६ साहित्यिक व्यक्तित्व**

उदासी मूलत : साहित्यकार हुन् । उनले गजल विधामा विशिष्टता हासिल गरेका छन् भने अन्य विधाहरुमा गीत, कविता, निबन्ध, कथा, समालोचना आदि विधामा समेत कलम चलाएका छन् । उनलाई कवि, गीतकार, गजलकार कथाकार निबन्धकार, अनुवादक र समालोचकका रुपमा वर्गीकरण गरी उनको समग्र साहित्यिक व्यक्तित्वलाई अध्ययन गर्न सकिन्छ ।

### २.२.६.१ कवि उदासी :

कवि उदासी मूलरुपमा गद्यकवि हुन् । उनका कवितामा गोपालप्रसाद रिमालको गद्यकविताले धेरैथोरै प्रभाव जमाएको देखिन्छ । जेजति कविता रचेका छन् ती सम्पूर्ण कविताहरुमा गद्यशैली अगालिएको छ र भावलाई प्रखर बनाइएको देखिन्छ । उनको साहित्यिक यात्राको शुरुवात पनि कविता विधाबाट भएको पाइन्छ । उनले “आन्तरिक व्यथा” नामक कविताबाट नै आफ्नो कविताको रचना शुभारम्भ गरेका हुन् । कविताको क्षेत्रमा उनको ‘अनुरोध’ कविता सङ्ग्रह र अर्को ‘मौसमका हरफहरु’ (आफू र अन्य कविहरुको) संयुक्त कविता सङ्ग्रह गरी दुईवटा सङ्ग्रह प्रकाशित छन् । सङ्ग्रहका रुपमा सङ्कलित नभएका कविताहरु र अन्य फुटकर कविताहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएको देखिन्छन् । उनको कवित्व झल्काउने एउटा कविता यहाँ राख्दा उनको कवित्व व्यक्तित्व अझ स्पष्ट हुन्छ ।

**अग्नि पीडा**

एउटा नौलो आकाश
अनवरत जलिरहेछ
जलिरहेछ स्निग्ध जून
जलिरहेछन् अबोध ताराहरु-विधुवा शितिजहरु
एउटा सुन्दर भूगोल
अनवरत जलिरहेछ ।
जलिरहेछ निर्दोष फूल
जलिरहेछन् तन्नेरी नदीहरु- धामका पहाडहरु
उस्तै जलिरहेछ एउटा इतिहास
जलिरहेछ एउटा इन्द्रेणीझैं संस्कृति
र समवेदनाका समुद्र पनि
अनवरत जलिरहेछ
यथाक्रम

म पनि जलिरहेछु उस्तै
कुनै बुढो घर झैं
एउटा भयावह
अग्नि पीडाभित्र-चिन्तनपीडाभित्र
र पर्खिरहेछु प्रतिफल
एउटा सृष्टिको असीम वर्षा ॥ [१]

यो कविताले उनी गद्य कवि हुन् । उनले भावपूर्ण मार्मिक गद्य कविता लेख्छन् भन्ने उनको कवि व्यक्तित्वलाई उजागर गर्ने काम गरेको छ । यो उदाहरणबाट उनमा काव्य प्रतिभा कस्तो छ भन्ने कुरा स्पष्ट हुन्छ ।

टीकाराम उदासी : अग्नि-पीडा
राप्ती दूत : वि.सं. २०६२ वैशाख
वर्ष २८, अङ्क ५ पेज ३ मा प्रकाशित

### २.२.६.२ गीतकार

कविताका साथसाथै कवि उदासीलाई गीतहरु पनि मन पर्छन् । उनले राष्ट्रप्रेमी मुटु छुने खालका गीतहरु लेखेका छन् । करुणरसप्रधान गीत रचना गर्न र सुन्न गीतकार बढी उत्साहित हुन्छन् । यस अर्थमा उनी करुणरसप्रधान बालगीतकार र राष्ट्रप्रेमी गीतकार हुन् भन्न सकिन्छ । उनको कोपिला नामक एल्बम्मा "उत्साहका खहरेझैं" बोलको गीत रेकर्ड भएको छ, जसमा राजेन्द्र श्रेष्ठले संगीत भर्नै काम गरेका छन् भने स्वर दिने काम इच्छा दाहाल र भावना श्रेष्ठले गरेका छन् । उनको यस्तै अर्को कर्णप्रिय "ढुङ्गा दुखेको छ , माटो दुखेको छ ।" बोलको गीत आमा नामक एल्बममा कैद गरिएको छ जसमा डा. गोविन्द आचार्यले संगीत भर्नै काम गरेका छन् भने कृष्ण भट्टराईले स्वर दिएका छन् ।

यसबाहेक उदासीका विभिन्न कर्णप्रिय गीतहरु पत्रपत्रिकाहरुमा समेत प्रकाशित भएको देखिन्छ तापनि उनको गीतहरुको छुट्टै एल्बम् भने हालसम्म निस्केको देखिंदैन । आफूसमेत सम्पादक रहेको 'राप्तीका गीत' नामक पत्रिकामा उनका यस्तै करुणारसप्रधान हृदयस्पर्शी

---

१. टीकाराम उदासी, अग्नी पीडा, राप्ती दूत, वि.सं. २०६२, वैशाख, वर्ष २८, अंक ५, पृ. ३ ।

गीतहरु 'बाटाहरु' र 'मुटुभरि' प्रकाशित भएको पाइन्छ । उदाहरणको रुपमा 'मुटुभरि' नामक गीतको केही अंश प्रस्तुत गरिएको छ ।

मभ्रेरीमा हाँस्छु म त पँधेरीमा रुन्छु
अँधेरीमा सधै म त जुनकिरी नै हुन्छु
पसिनाले प्यास मेट्छु पौरखले भोक
दिनभरि रातभरि देशकै गर्छु शोक ॥[२]
आदि ।

यसका साथै थुप्रै आधुनिक गीतहरु उदासीले लेखेका छन् । प्रकाशित भन्दा अप्रकाशित बढी रहेको कुरा स्वयम् उदासीले बताउँछन् । यसको एल्बम् बनाउने कार्य हालसम्म हुन सकेको छैन ।

टीकाराम उदासी :- 'बाटाहरु' र 'मुटुभरि' गीत
राप्तीका गीत वि.सं. २०६० पेज नं. ४५ ।

### २.२.६.३ गजलकार

साहित्यकार उदासीले सबैभन्दा बढी कलम चलाएको विधा भनेको गजल हो । मूलतः उदासी एक प्रगतिशील गजलकार हुन् । नेपाली गजज क्षेत्रमा उनले दुईवटा गजल सङ्ग्रहहरु प्रकाशित गरेको पाइन्छ । उदासीलाई मध्यपश्चिम क्षेत्रमा मूल्याङ्कन गर्दा सङ्ग्रहको रुपमा गजल लेख्ने दोस्रो गजलकार र सर्वप्रथम दुईवटा गजल सङ्ग्रह प्रकाशित गर्ने पहिलो गजलकारको

रुपमा चिनिन्छ । यस आधारमा उदासीले गजल सिर्जनाको क्षेत्रमा सर्वप्रथम आफ्नो भिन्नै पहिचान गराएको देखिन्छ । यतिमात्र होइन विभिन्न पत्रपत्रिकाहरुमा उनका गजलहरु यत्रतत्र

२. टीकाराम उदासी, बाटाहरु र मुटुभरि गीत, राप्तीका गीत, वि.सं. २०६०, पृ. ४५ ।

छरिएर रहेको समेत पाइन्छ । उनको गजलहरु 'वर्तमान बाँच्न खोज्दा' र 'परिवेशका धूनहरु' छन् । सर्वप्रथम यस क्षेत्रमा उनी वि.सं. २०४९ सालमा स्याङ्जाबाट प्रकाशित हुने 'विचार' साप्ताहिकमा सार्वजनिक रुपमा देखा परेको पाइन्छ । उनका गजलहरु सङ्ख्यात्मक र गुणात्मक दुबै रुपले उत्कृष्ट रहेको देखिन्छ ।

**२.२.६.४ कथाकार :**

साहित्यकार उदासीका साहित्य-यात्रा मध्येको एउटा यात्रा कथा पनि हो । उनको साहित्य क्षेत्रको अध्ययनमा कथाकारितालाई पनि नकार्न मिल्दैन । उनले विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित गरेको कथाबाट यो कुरा स्पष्ट हुन्छ । विशेषत : उदासीका सवाँ एक दर्जन जति कथाहरु वि.सं. २०५६ र २०५७ सालमा गाउँघर साप्ताहिक पत्रिकाबाट विभिन्न अङ्कहरुमा प्रकाशित भएको पाइन्छ । फुटकर रुपमा अन्य पत्रिकाहरुमा समेत उनका कथाहरु पाऊन सकिन्छ । यसबाट उदासीका कथाकारिता पनि बेजोड छ भन्दा दुईमत नहोला ।

**२.२.६.५ निबन्धकार :**

विधागत दृष्टिले हेर्दा उदासीलाई मनपर्ने अर्को विधा निबन्ध पनि हो । निबन्ध विधामा पनि उदासीको कलम अछुतो रहन सकेन । निबन्धको क्षेत्रमा यद्यपि उनको छुट्टै निबन्ध सङ्ग्रह प्रकाशित नभएतापनि निकट भविष्यमा उनका २ वटा निबन्ध सङ्ग्रह प्रकाशनको तयारीमा रहेको कुरा स्पष्ट निबन्धकार उदासी बताउँछन् । यसको साथै ती निबन्धहरु हाल युगबोध,

गाउँघर, अन्तध्वनि जस्ता पत्रपत्रिकाहरुमा प्रकाशित भइसकेका छन् । उदासीका निबन्धहरुमा आत्मपरक र वस्तुपरक दुबै शैली पाइन्छ । यसका साथै उनका निबन्धमा यात्रा वर्णन पनि उत्तिकै झल्कन्छ ।

### २.२.६.६ अनुवादक :

उदासी कृति रचनाकार मात्र नभई विभिन्न भाषाका अनुवादक पनि हुन् । उनले विभिन्न गजलकारका गजल लगायत अन्य विधाहरुमा अनुवाद गर्ने काम समेत गरेको पाइन्छ । यिनी मूलतः हिन्दी भाषाबाट नेपाली भाषामा अनुवाद गर्न पोख्त छन् । हिन्दी भाषाबाट नै उनले गरेको अनुवाद विभिन्न पत्रपत्रिकामा भेट्न सकिन्छ । हिन्दी भाषामा डा. सरदार भुजुवारद्वारा सम्पादित, वाणी प्रकाशन नयाँ दिल्लीबाट २००१ मा प्रकाशित दिनेश शुक्लको "हिन्दी गजल जलकारको दृष्टिमा" नामक पुस्तकबाट अनुवाद गरिएको केही अंश यहाँ प्रस्तुत गर्ने जमर्को गरिन्छ । जस्तै :

जीवन कठिन सवाल हाम्रो बस्तीको
हरेक सपना कङ्गाल हाम्रो वस्तीको
तिम्रो आँशु पानी- उनको भने मोती
यस्तै छ नि जञ्जाल हाम्रो वस्तीको ।[३]

### २.२.६.७ समालोचक

साहित्यका विभिन्न विधाहरुमध्ये समालोचना सबैभन्दा कठिन विधा हो । यसमा भावपरकता भन्दा वस्तुपरक सत्यताले नै प्रमुख स्थान हासिल गरेको हुन्छ । उदासीले विभिन्न पत्रपत्रिकाहरुमा समालोचना गरेको पाइन्छ । समसामयिक विषयवस्तु तथा साहित्य क्षेत्रका जल्दाबल्दा समस्याको समालोचना बाहेक उनले अन्य साहित्यकारको कृतिहरुमाथि पनि

समालोचना गरेका छन् । उनले नविन विभासको 'आधा बाटो हिडेपछि' कथा सङ्ग्रहको पनि समालोचना गरेको पाइन्छ ।

३. अनु: टीकाराम उदासी- दिनेश शुक्लको गजल, अन्तध्वनि त्रैमासिक, वर्ष ४०, अङ्क २, पूर्णाङ्क १३, वि.सं. २०६३ (माघ-चैत्र) पेज ४७ ।

यस्तै पुण्य कार्कीको "आस्थाको अग्निपथ" कविता सङ्ग्रहको समेत समालोचना गरेका छन् । वि.सं. २०६६ भाद्रमा प्रकाशित लाल राणाको "अफगानिस्तानमा दशैं" नामक कविता सङ्ग्रहको पनि समालोचना गरेको पाइन्छ । बृहत समालोचनाग्रन्थ, गजल सिद्धान्त र नेपाली गजलको इतिहासका बारेमा तयार पारिएको छ जसलाई अनुसन्धानको भाषामा शोधप्रबन्ध भनिन्छ । यो नै उनको समालोचकीय विशिष्ट ग्रन्थ हो ।

### २.२.७ जीवनदर्शन

जीवनदर्शनको बारेमा साहित्यकार उदासीसँग जिज्ञासा राख्दा जीवन र जगतका बारेमा उनको आफ्नै प्रकारको दृष्टिकोण र मान्यता रही आएको देखिन्छ । उदासी जीवनका सम्बन्धमा वस्तुगत सत्यका साथै भावनात्मक सत्यमाथि विश्वास राख्दछन् । पहिलो कुरा हाम्रो जीवन हामीले सोचे जस्तो छैन । हामीले भोगे जस्तो छ । यही सत्य वा यथार्थ हो भन्ने मान्यतामा उदासीले आफ्नो पनि सहमति रहेको कुरा बताउँछन् । हामी हाम्रो जीवनमा जे होला भन्ने कल्पना गर्दछौं तर यथार्थ रुपमा त्यो नभएर बेग्लै भइदिन्छ । यो जीवन र जगत जसले जे भोग्छ, त्यसले त्यसै अनुसार आफूलाई परिभाषित गर्दछ । जस्तै : रोई रोई बाँचिरहेको मानिसले आफ्नो जीवनमा हाँसोको कल्पना पनि गर्न सक्दैन भने हाँसीहाँसी बाँचिरहेको मानिसले आँसुको कल्पना गर्न सक्दैन । तसर्थ जीवन के हो ? भन्ने प्रश्नको जवाफमा उदासी भन्छन् : वास्तवमा मानिसले जे भोगेको थियो, जे भोग्दैछ र भोलिका दिनमा जे कुरा भोग्न तयार छ, त्यही नै जीवन हो । जीवन संघर्षशील छ । संघर्षरुपी सिढीमा उकालो-ओरालो गरी व्यथित भइरहेको छ ।

भावनात्मक सत्यका सम्बन्धमा उनको भनाई "हामीले देखे भोगेका कुरा मात्र सत्य हो, नदेखेको र नभोगेको कुरा बेकार हो भन्न म सक्दिन, किनभने हामीले आफ्नो जीवनमा परिकल्पना नगरेका कुरा पनि हुनसक्छ । जस्तै : कुनै मानिसले कल्पनामा नचिताएको यथार्थमा भइदिन्छ । यो भावनात्मक सत्य हो । माया, दया, खुशी, रिस, आवेग, विवेक, संवेग आदि संवेगात्मक कुराहरु हामीले देख्न सक्दैनौं र खाली अनुभूतिका रुपमा महसुस गर्न सक्छौं तापनि यी केही होइनन् र छैनन् भन्न मिल्दैन । तसर्थ यी भावनात्मक सत्य हुन् । अर्थात आँखाले देख्न नसकिने वस्तु पनि यस संसारमा भावनात्मक सत्यको रुपमा व्याप्त छन् । तसर्थ वस्तुगत सत्य र भावनात्मक सत्यलाई एकैसाथ आत्मसात गर्नुपर्दछ । यही वस्तुगत र भावनात्मक दुबै सत्यलाई विषयवस्तु बनाएर साहित्य सिर्जना हुन्छ । साहित्य सिर्जनाको सम्बन्धमा पनि विभिन्न मतमतान्तर फेला पर्छन् । जस्तै कहिले वर्गीय साहित्यको पक्षपोषण गर्छन् भने कहिले शाश्वत सत्य साहित्यको पक्षपोषण गर्छन् । उदासीको विचारमा साहित्यकला समाजसापेक्ष, जीवनसापेक्ष र संस्कृतिसापेक्ष हुन्छ भन्ने मान्यता राख्छन् र कलासाहित्यको सांस्कृतिक दृष्टान्त गर्ने पनि हो भन्छन् । साहित्य अलिक भिन्न छ । सच्चा साहित्य जनसाहित्य हो । जनसाहित्य भनेको जनताको साहित्य हो । जुन साहित्य जनजीविकाको सवालसँगै निरन्तर रुपमा सम्बृद्ध हुन्छ । जस्तै ठूलाठूला कृति लेखेतापनि नेपालमा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई मुनामदनले ज्यूँदो बनाएको छ किनभने त्यसमा जीवन र जगतको यथार्थ पीडा अभिव्यक्त भएको छ तर शासकवर्गको स्तुतिगान गरिएको साहित्य भार साहित्य हो । त्यसलाई साहित्य नै मान्नुहुँदैन भन्ने उनको भनाई हो ।

यसरी जीवन, जीवनसम्बन्धी दृष्टिकोण र त्यही जीवनजगतकै बारेमा लेखिने साहित्यको बारेमा उदासीको आफ्नै प्रकारको मान्यता रही आएको छ । जसले उनलाई साहित्यको नविन फाँटोमा उभ्याउन सफल बनाएको छ । एउटा जनताको साहित्यकार बनाउन सफल भएको देखिन्छ ।

# परिच्छेद तीन

# टीकाराम उदासीको साहित्यिक यात्रा र उनका कृतिहरुको वर्गीकरण

## ३.१ उदासीको साहित्यिक यात्रा

### ३.१.१. उदासीको साहित्यिक यात्राको विकासक्रम

साहित्यकार उदासीको साहित्य यात्रालाई मूलतः साहित्य यात्राको पृष्ठभूमि र साहित्य यात्रा गरी दुई खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.१.२ साहित्य यात्राको पृष्ठभूमि

दाङ् जिल्ला सौडियार गा.वि.स.को अघरा गाउँको बसाइँसराइँ र त्यहाँको साहित्यप्रेमी साथी गिरबहादुर 'क्षणिक सँगको संगत, आफू समेत एक चिन्तन बढ्दे गरेको अनुभवले आफू साहित्य सिर्जनातिर लागेको बताउने साहित्यकार उदासीले स्कुले अवस्थादेखि कविता, कथा आदि लेख्न थालेको पाइन्छ । दाङ् उपत्यकाका एक चर्चित विद्यालय पद्मोदय पब्लिक स्कूलमा अध्ययन गर्दा त झण्डै यिनमा साहित्य सिर्जना गर्नुपर्दछ भन्ने मानसिकता बन्दै गएको र विद्यालयमा हुने औपचारिक कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेको कुरा उदासी बताउँछन् । यसै क्रममा दाङ्का साहित्यकार, साहित्यसँग सम्बन्धित पत्रपत्रिका र संघसंस्थासँग पनि चिनजान हुने सुनौलो अवसर प्राप्त हुँदै गएको पाइन्छ जसले उनलाई साहित्यको अग्रगामी दिशातिर पाइला सार्न सजिलो बन्दै गएको पाइन्छ । जीवनमा विविध साहित्यको मोडको जमर्को

त्यसै समयमा भएको पाइन्छ । धेरथोर मात्रामा भएपनि साहित्यप्रतिको यिनको लगाब बढ्दै गएको देखिन्छ । यो नै उनको साहित्ययात्राको पृष्ठभूमि हो ।

### ३.१.३ साहित्य यात्रा :

वि.सं. २०४१ सालमा तत्कालिन पद्मोदय पब्लिक स्कूलमा कक्षा ७ बाट अध्ययन आरम्भ गरेका उदासी पछि त्यही स्कूलको सिमाना जोडिएको तकालिन म.ब. क्याम्पस, घोराही दाङ्गमा अध्ययन गर्न थाले । उनको क्याम्पस आगमनले क्याम्पसस्तरको साहित्यिक वृत्तमा पनि नविनता छाएको देखिन्छ । वि.सं. २०४६ सालमा युगबोधमा "आन्तरिक व्यथा" नामक कविता प्रकाशित गरी साहित्यफाँटमा औपचारिक रुपमा देखा परेको पाइन्छ । शैक्षिक खुट्किला चढ्दै जाँदा उनको साहित्य यात्रा पनि झाँगिदै गएको देखिन्छ । क्याम्पस स्तरका र दाङ्गका विभिन्न साहित्यिक कार्यक्रममा उदासी पुरस्कृत हुँदै जाँदा उनी आफ्ना मित्रहरु र गुरुहरुका माझ निकै लोकप्रिय हुँदै जान थालेको पाइन्छ । त्यतिबेला क्याम्पसबाट प्रकाशित हुने साहित्यिक पत्रिका 'छहरा' र अन्य विविध पत्रपत्रिकाहरुमा साहित्य रचना प्रकाशित गरी साहित्ययात्रालाई निरन्तर अगाडि बढाएको पाइन्छ । समग्रमा साहित्यकार उदासीको साहित्य यात्रालाई विभिन्न तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

(क) पहिलो चरण : वि.सं. २०४६ देखि वि.सं. २०४९ सम्म
(ख) दोस्रो चरण : वि.सं. २०५० देखि वि.सं. २०५९ सम्म
(ग) तेस्रो चरण : वि.सं. २०६० देखि हालसम्म

#### ३.१.३.१ पहिलो चरण (वि.सं. २०४६ देखि २०४९ सालसम्म)

वि.सं. २०४६ साल भाद्र ५ गते मंगलबारका दिन नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित "आन्तरिक व्यथा" नामक शीर्षको कवितासँगै उदासीको साहित्य यात्राको औपचारिक रुपमा थालनी भएको पाइन्छ । गोपालप्रसाद रिमालले नेपाली साहित्यमा थालनी गरेको गद्य शैलीमा लिखित सो कवितामा कविले समसामयिक युगचेतनालाई प्रस्तुत गर्नुका साथै आफू

त्यस परिस्थितिले पिडित हुनुको यथार्थरुप प्रस्तुत गरेका छन् । पछि यो कविता वि.सं. २०४८ सालमा प्रकाशित 'अनुरोध' कविता सङ्ग्रहमा समेत सङ्ग्रहित रहेको छ । यो पहिलो कविता यसप्रकारको छ । जस्तै :

**आन्तरिक व्यथा**

व्यक्तिगत समस्याको कारणले
मेरो घरमा गृहयुद्ध चलिरहेको छ ।
बालक, जवान र बृद्धको
व्यक्तिगत प्रस्तावमा
आआफ्नो जितको लागि
वादविवाद भइरहेको छ ।
गृहयुद्धको साथै शत्रुहरुको
चियाईरहेका छन्, आक्रमण गर्न हामीलाई
शत्रुहरुले योजना तयार पारिसकेका छन् ।
वशमा ल्याउन हामीलाई
मैले वायुको माध्यमद्वारा
सन्देश पाइसकेको छु
जीर्ण घरको आकृतिद्वारा
बैरीहरुको आकांक्षा
अन्वेषण गरिसकेको छु ।
किनभने
जीर्ण जीर्ण घरको स्थितिलाई जीर्णोदार नगरे
मेरो घरमा शत्रुहरुले अधिकार जमाउन सक्छन् ।
आफ्नो घरको झगडालाई चाडै शान्त नगरे
पराईले हामीलाई निर्मुल गर्न सक्छन् ।

त्यसैले

म गृहयुद्धलाई शान्त गर्न आत्तिएको छु

म परिवारलाई एकतामा आवद्ध हुन्

आश्वासन दिइरहेको छु ।[४]

---

४. टीकाराम उदासी- अनुरोध कविता सङ्ग्रह, २०४८, पृ. १३ ।

त्यसपछि उदासीका एकपछि अर्को गर्दै कविताहरु प्रकाशित हुँदै गर्दछन् । पञ्चायती व्यवस्थाको ढल्दो अवस्था र बहुदलीय व्यवस्थाको उदाउँदो अवस्थामा कवि उदासी देखापरेका छन् । साहित्य यात्राको थालनीमा नै कवि उदासीले युगचेतना, मातृप्रेम भावलाई आत्मसात गरेका छन् । त्यसमा आउन सक्ने अनिष्टको पूर्व : अनुमान समेत गर्न सफल भएका देखिन्छन् । यो प्रथमचरणमा उदासीको पहिलो कविता सङ्ग्रह 'अनुरोध' वि.सं. २०४८ सालमा प्रकाशित हुनपुग्छ । यस कृतिभित्र, उसको आत्मविश्वास, तिम्रो र मेरो अन्तराल, आफ्नै चिहान खन्न आतुर साढेहरु आन्तरिक व्यथा, प्रतिक्षा गर्नेहरु, म र आफन्तहरु, झ्याल खोलेर बाहिर हेर्दा अगाडि बढिरहेको जुलुस पेशा, तिम्रो बलिदान, अनुरोध, कैद भएको अधिकार, त्यो मान्छे, उज्यालो दिन ल्याउँ अब, तीन टुक्रा, ब्यूँझिसकेका कुम्भकर्णहरु, सानो डायरीभित्र लिएर आऊ, परिचय र कालो पर्खाल भित्र गरी जम्मा २० वटा फुटकर कविताहरु सङ्ग्रहित भएका छन् ।

उनको पहिलो चरणको साहित्य यात्रा छोटो छ तापनि प्रथम रचना प्रकाशित गरी सार्वजनिक भएको दुई वर्षमा एउटा सङ्ग्रह प्रकाशित हुनुको उनको साहित्ययात्रा अग्रगतिमा लम्कदैछ भन्ने कुराको बोध हुन्छ र पहिलो चरणको साहित्ययात्रा पूरा हुन्छ ।

### ३.१.३.२ दोस्रो चरण (वि.सं. २०५० देखि वि.सं. २०५९ सालसम्म)

वि.सं. २०५० सालदेखि वि.सं. २०५९ सालसम्मको कालखण्डलाई साहित्यकार उदासीको साहित्यिक यात्राको दोस्रो चरणको रुपमा लिन सकिन्छ । यस चरणबाट अर्को विधामा उनको

लेखनी सफलताका साथ अगाडि बढेको मानिन्छ, त्यो विधाको प्रारम्भ पनि यही समयदेखि भएको पाइन्छ । यो समय साहित्य सिर्जनाको दृष्टिकोणलाई हेर्दा अति उत्तम कालखण्डका रुपमा लिन सकिन्छ । विविध साहित्यकृतिको रचना र प्रकाशन तिब्र रुपमा अगाडि बढेको देखिन्छ । यो कालखण्डको प्रारम्भमा नै वर्तमान बाँच्न खोज्दा वि.सं. २०५० सालमा लघु आकारको गजल सङ्ग्रह प्रकाशित भएको पाइन्छ । जुन गजल सङ्ग्रहमा आठवटा गजलहरु प्रकाशित भएका छन् ।

यसै कालखण्डमा उनको अर्को गजल सङ्ग्रह वि.सं. २०५६ सालमा परिवेशका धुनहरु प्रकाशित हुन्छ । जसको प्रकाशन मध्यपश्चिम साहित्य परिषद काठमाडौंले गरेको छ । यस गजल सङ्ग्रहभित्र उदासीका ५० वटा गजलहरु सङ्ग्रहित भएको देखिन्छ । यस कृति भित्रका केही गजलहरु यस पूर्व विभिन्न पत्रपत्रिकाहरुमा समेत प्रकाशित भएको कुरा उल्लेख गरिएको छ । यस कृतिभित्र काँडा होइन यो बगैचामा, पत्र नलेखे भैगो, आफ्नो त्यो गाउँको घरमा, जुनकिरी रोयो तारा रोयो, चिसो लाग्छ मौसम पनि, प्रतिपल मनहरुमा, बुद्धको त्यो देशमा, हिजोआज यो सहरमा, आस्थाको आकाश, अभाव र पीडाको, आउनुपर्ने समयको, यी दिनहरु भयावह, जून थियो आकाशमा, पौरखहरु जम्मा गर्ने, आँखाभरि मुटुभरी, उज्यालो कुनै धाम छैन, काठमाडौंमा नैतिकताको समय कतै ला बोल्छ, सग्दिध  लाग्छन् यहाँ हावा जस्तै माथि उड्ने, आज पनि ेपारोहरुको, स्वाभिमानको यात्रा, यो सहरमा मान्छेहरुको, धेरै छन् बाँझा अझै, तनहरु अचेल, यो अध्यारो रात पनि, अनायस आँधीले उडाएको, लेखक होइन सत्ताको, मलिन किन लाग्छन् अझै, सुदूरवसतीको पसल, बाँच्नु पनि अचेल यहाँ, सारा तिम्रो व्यवहार नै, लामखुट्टेले सताइरा छ, अचेल पीडाको, अध्यारो छ मुहार, खस्ने यहाँ आकाशबाट सुन्दर सुन्दर फूलहरु, जति हिड्यो उति लाग्छ, जिन्दगी यो चेतनाको, जिन्दगी जस्तै लेखनमा, उत्साहको गीत बन्नु, जुलुस छ वर्तमान विरुद्ध, रोएको जस्तै कुनै आकाश, पस्न थाले कोठाभित्र, वर्तमानको यात्रामा, विश्वासको हाँसोमा, हेर्दाहेर्दै आज उनको, उज्यालो यो जिन्दगीको, गर्छ धेरै गफ त, र तरबारको विषालु धारमा रहेका छन् ।

यसै कालखण्डमा 'अनुभूतिका वाछिटाहरु' हाइकू सङ्ग्रह वि.सं. २०५८ सालमा प्रकाशित हुन्छ । यो कृति आदिवासी मञ्च त्रैमासिक (कार्तिक-पुष) वि.सं.

२०५९ वर्ष ४ पूर्णाङ्क ४, दाङ्ग घोराहीबाट समेत प्रकाशित भएको पाइन्छ । यस भित्र उनका एक सय वटा आइकू सङ्ग्रहित भएको देखिन्छ ।

त्यसपछि उनको अर्को कृति 'मौसमका हरफहरु' संयुक्त कविता सङ्ग्रहको प्रकाशन वि.सं. २०५८ सालमा नै भएको पाइन्छ । जुन दङ्गाली नवप्रतिभाशाली साहित्यकारहरुको एकमुष्ट साझा प्रकाशित कृति बन्छ । जसमा टीकाराम उदासी लगायत उदय जी.एम., नविन विभास र आकाश गङ्गा बी.सी.का गरी ४१ वटा कविताहरु रहेको पाइएतापनि उदासीका १० वटा मात्र कविताहरु यसभित्र अटाएको देखिन्छ । यस भित्र रहेका कविताहरु, जाजरकोट, अभिलेख, पीडा, डाँडामाथिको घाम, सुन्तली, हुरीको गीत, सग्लो समय, ऐना पानी र अनुहार, आगोको यात्रा र जूनको माला रहेका छन् ।

यी कृतिहरु बाहेक यस चरणमा उनका कथाहरु पनि प्रकाशित भएको पाइन्छ । वि.सं. २०५६-०५७ सालमा, उमेशले पसल छोड्यो, अर्धपरिचित लेख्न नसकेको, श्यामलाल, एउटा नयाँ घरमा, मलामी माना, परिचय, बाजेको स्मृति, पहलमानको धोको, अतिरिक्त जिज्ञासाहरु, सारङ्गीको पीडा, केही भूतपूर्व साथीहरु, आधुनिक क्लिनिक पेटिमा, मर्महरु, पश्चाताप आदि कथाहरु गाउँघर साप्ताहिकमा प्रकाशित भएको पाइन्छ । यी बाहेक फुटकर रुपमा विभिन्न पत्रिकाहरुमा कविता, गीत, गजल, निबन्ध, समालोचनात्मक लेख प्रकाशित गरेको भेटिन्छ ।

यसरी साहित्यकार उदासीको साहित्यिक यात्राको दोस्रो चरणलाई पहिलो चरणसँग तुलना गरेर अध्ययन गर्दा सङ्ख्यात्मक र गुणात्मक रुपमा दोस्रो चरण निकै माथि उठेको देखिन्छ । सिर्जनाको निरन्तरता, साहित्यिक वातावरणको अनुकूलता, प्रयासको निरन्तरता आदि विभिन्न कारणले उदासीको यस चरणको सिर्जना माथि उठ्न सकेको अनुमान गर्न सकिन्छ । उनको विभिन्न पत्रपत्रिकाहरुको सम्पादन र संलग्नताका साथै अत्याधिक निकटताले उनको साहित्य सिर्जनालाई अगाडि बढाउँदै लैजान थालेको पाइन्छ ।

### ३.१.३.३ तेस्रो चरण (वि.सं. २०६० देखि हालसम्म)

यो चरण प्रकाशित कृतिको दृष्टिकोणले कमजोर भएतापनि साहित्य रचनाको सिर्जना र विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएको दृष्टिकोणले प्रबल रहेको पाइन्छ । यतिबेला नेपाल

देश र त्यसमा पनि मध्यपश्चिमाञ्चल क्षेत्रमा त दशवर्षे जनयुद्धले व्यापक प्रभाव पारेको र यसले जनजीवनमा ल्याएको नव जागरणको लहर जस्ता सन्देशहरुको साथै युद्धजन्य पीडाबाट सर्वसाधारणमा परेको विनाशकारी प्रभावबाट प्रभावित र प्रेरित हुँदै नेपाली समाजमा दिनप्रतिदिन बढ्दै गएको विविध पत्रपत्रिकाहरुमा उनका साहित्य रचना तथा समालोचनात्मक लेखहरु खोज अनुसन्धानमा भेटिन्छन् । यस चरणमा कृतिको रुपमा पनि कुनै पनि विधाको सङ्ग्रह नदेखिएतापनि प्रकाशित गरेको भए थुप्रै कृति बन्न लायक साहित्य रचना विभिन्न पत्रपत्रिकाहरुमा फेला पार्न सकिन्छ । यो समयमा प्रकाशित कविताहरु, सतिसालहरु, यात्राक्रम, समयको ऐना, सडकमा चुपचाप, खलङ्गा, अविरल आँसु, समानताको स्वभाव, कोइलावास, एउटा देश जलिरहेछ, वादशाह विरुद्ध, मशाल, जुनकिरी आदि, देखा परेका छन् भने निबन्धहरु पनि विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका छन् । यस समयमा प्रकाशित निबन्धहरुमा सल्ली बजारका साँझहरु, प्रमियसहरु विचारयात्रा, बादलमाथिको यात्रा छुटेपछि, चिसो मौसम उदास साँझ, भीडमा उभिएर, कति इच्छुकको स्मृति पीडा, सडकमा सिर्जनात्मक आवाज, तीन दिनहरु ती आयामहरु, सिर्जनाको यात्रारम्भ उज्यालो सपनापात्र, एउटा कथाको पात्र, मानिस खोजीरहेको समय, फुर्सदमा सिर्जनाको चिन्ता, यात्राकै आरम्भ विन्दुमा, आफ्नो आवाज आफ्नै बिम्व मध्यान्तमा उभिएर, मुर्खहरुको भीड, चुपचाप आत्महत्या गुनासोदेखि गुनासोसम्म, एउटा समयसँग दिनभर, गुफा बाहिर, नयाँ नेपालको कला साहित्य, तिम्रो गहिरो माया बस्यो जलजला आदि देखिन्छन् ।

यी बाहेक उनका समालोचनात्मक लेखरचनाहरु पनि थुप्रै प्रकाशित भएको पाइन्छ । विभिन्न ठाउँबाट प्रकाशित हुने विविध पत्रपत्रिकाहरुमा उनका लेखरचना यस समयमा प्रशस्तै देख्न पाइन्छ । यस चरणमा उनको सिर्जनाको लहर चर्को रुपमा चुलिंदै गएको पाइन्छ । कृतिको रुपमा पाठकसामु कुनै कृति आउन नसकेतापनि विभिन्न पत्रपत्रिकाहरुको साथमा उदासीको साहित्ययात्रा अथक रुपमा बढ्दै गएको स्पष्ट हुन्छ । निकट भविष्यमा उनका थप कृति आउनेछन् भनी पूर्व अनुमान सहजै गर्न सकिन्छ ।

निष्कर्षमा साहित्यकार उदासीको कालक्रमिक साहित्ययात्रालाई नियाल्दा उनका कविता, गजल, हाइकू, कथा, निबन्ध र समीक्षा तथा समालोचनात्मक लेख रचिएको पाइन्छ ।

आश्चर्यको करा उनका साहित्य रचना लेखेजस्तै गरी कृतिको रुपमा विकसित हुन नसकेको अवस्था छ ।

विधागत रुपमा कविता विधाबाट साहित्य सिर्जना गर्ने कामको थालनी गरेका उदासीले कविताबाट गजल विधामा प्रवेश गरी सोही विधामै विशिष्टता प्राप्त गरेको देखिन्छ । तापनि उनका निबन्ध र कथाविधा पनि  कम महत्वपूर्ण देखिंदैन । उनले साहित्यका विविध विधालाई उत्तिकै रुपमा अगाडि बढाउन सफल रहनु एउटा आश्चर्यको कुरो हो । उनका प्रारम्भिक कालका साहित्य रचनाहरुमा युगबोध, दुःखी पिडित नेपालीहरुको यथार्थ स्थिति र अशिक्षा र अभावग्रस्त नेपाली भोका, नाङ्गा आमजनताको यथार्थरुपबाट पार गराउँदै आदर्श समाजवादको परिकल्पना पाइन्छ । उनका कृति रचनामा सामाजिक यथार्थता, प्रकृति चित्रण र जीवन भोगाइका वास्तविक अनुभूतिहरु पनि  पाइन्छ । उनको यो प्रवृत्ति पहिलो, दोस्रो र तेस्रो चरणमा क्रमिक रुपले परिष्कृत र परिमार्जित हुँदै माथि उड्दै गएको देखिन्छ । उनको साहित्यलेखन मार्क्सवादी चिन्तन र प्रगतिशील सोचका साथ निरन्तर रुपमा अघि बढिरहेको पाइन्छ । खासगरी मार्क्सवादी गजलकार कविको रुपमा उदासीलाई लिन सकिन्छ । उनका कृतिहरुमा मार्क्सवादी विचारको लेप लगाइएको पाइन्छ । वैचारिक धरातलबाट अध्ययन गर्दा मार्क्सवादी विचारले ओतप्रोत रहेको पाइन्छ ।

## ३.२ टीकाराम उदासीका कृतिहरुको वर्गीकरण

### ३.२.१ विषयवस्तुको आधारमा कवि उदासीका कविताको वर्गीकरण

विषयवस्तु भनेको कविताको बीज हो । यही विषयवस्तुरुपी बीजलाई कविले आफ्ना विभिन्न अनुभूतिजन्य कलात्मक रङ्गले रङ्गयाएर पाठकसामु प्रस्तुत गर्ने गर्दछन् । यस्ता विषयवस्तुलाई कविले हाम्रा समाजका विभिन्न पक्षबाट टिपेको पाइन्छ । कवि उदासीले पनि के कस्ता विषयवस्तुलाई कविले हाम्रा समाजका विभिन्न पक्षबाट टिपेको पाइन्छ । कवि उदासीले पनि के कस्ता विषयवस्तुलाई लिएर आफ्ना कथा, व्यथा र अनुभूतिहरुका माध्यमबाट आफ्ना कविताहरुमा कलात्मक रङ्ग लगाएका छन् ? भन्ने कुराको खोजी गर्दै विषयवस्तुका ‘अनुरोध’ र ‘मौसमका हरफहरु’ कविता सङ्ग्रहमा सङ्कलित उदासीका कविताहरुको वर्गीकरण गरिएको छ ।

'अनुरोध' कविता सङ्ग्रहमा सङ्कलित २० वटा र 'मौसमका हरफहरु' मा सङ्कलित १० वटा कविताहरु गरी जम्मा ३० वटा कविताहरु सङ्ग्रहमा सङ्ग्रहित छन् । विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरुमा उनका कविताहरु प्रकाशित भएपनि यहाँ उनका दुई कृतिमा सङ्ग्रहित कविताहरुलाई मात्र विभिन्न बिषयवस्तुका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

(१) प्रकृतिप्रधान कविता

(२) निराशावादी कविता

(३) प्रगतिवादी कविता

(४) विसङ्गतिवादी कविता

(५) समानताको वकालत गर्ने कविता

(६) विद्रोह र क्रान्ति चेत बोकेका कविता

**३.२.१.१ प्रकृतिप्रधान कविता :**

उदासी एक गद्य कवि हुन् । उनले प्रकृतिको सुन्दर स्वरुपको वर्णन आफ्ना गद्य कविता मार्फत वर्णन गरेको पाइन्छ । प्रकृतिको वर्णनमा केन्द्रित उनका कविताहरु 'जाजरकोट' पीडा र डाँडामाथिको घाम आदि हुन् ।

यी कविताहरुमा विभिन्न समयमा घट्ने घट्ना परिघटनाको वर्णन गर्दै स्थानको चर्चा परिचर्चा समेत गरेका छन् । 'जाजरकोट' कवितामा उनले जाजरकोटमा घट्ने विविध घटनाहरुको ओजपूर्ण वर्णन गरेका छन् । पीडा कवितामा प्रकृति पनि समयको दुःखदायी परिस्थिति कारणले रोएको अर्थात् समाजको अन्याय, अत्याचार र थिचोमिचोले प्रकृति समेत रोएको कुराको वर्णन गरेका छन् । त्यसैगरी डाँडामाथिको घाम र अन्य कविताको माध्यमबाट कविले प्रकृतिको प्राकृतिक चित्रण गरेको पाइन्छ । प्रकृति प्रधान कविताको एउटा नमुनाको रुपमा 'जाजरकोट' कविताको केही कवितांश उल्लेख गर्न सकिन्छ ।

जस्तै :

जाजरकोट

कहिले खुम्चदै खुम्चदै

सदरमुकाम खलङ्गा बन्छ

जाजरकोट

कहिले फैलदै फैलदै

देशको प्रमुख समाचार

जाजरकोट

कहिले हेर्दाहेर्दै

कुनै अधुरो मुक्तक बन्छ

जाजरकोट

कहिले पढ्दा पढ्दै

समयको बृहत उपन्यास [५]

---

५. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु, अतिरिक्त प्रकाशन, पृ. २।।

### ३.२.१.२ निराशावादी कविता

मानव जीवन मानवीय संवेगको खानी हो। रिस, डाह, माया, करुणा आदि मानवीय संवेग हुन्। आफूलाई दुःख, पीडा र आत्मग्लानी भइरहेको बेला मानिस निराशावादी बन्दछन् र करुणरस प्रधान साहित्यिक सिर्जना मार्फत आफ्नो मनलाई सान्तवना दिने काम गर्छन्। कवि उदासीलाई पनि करुणरस प्रधान निराशावादी सिर्जनाको राम्रो छाप परेको देखिन्छ। त्यसैले आफ्नो सिर्जनामा गरिबीको भुमरीमा पिल्सिएर, अन्याय अत्याचाररुपी जाँतोमा पिसिएका नेपाली दाजुभाइको यथार्थवोध गरेको पाइन्छ। उनका यस्ता प्रवृत्तिका कविताहरु, अभिलेख, ऐना पानी र अनुहार कविताको केही अंशलाई लिन सकिन्छ। जस्तै :

प्रतिपल बढिरहेछ खडेरी

प्रतिपल घटिरहेछ पानी

र यतिखेर

यो विद्युवा साँझमा

खुब सताएको छ मलाई आशंकाले

कतै पानी नै भएन भने धर्तिमा

कहाँ हेर्ने मैले आफ्नो अनुहार ?
कहाँ पढ्ने मैले आफ्नो आस्था ?
कहाँ खोज्ने मैले आफ्नो प्रिय देश ?[६]

### ३.२.१.३ प्रगतिवादी कविता

मानिस कुनै न कुनै विचारबाट अवश्य प्रभावित भएको हुन्छ । जसको प्रभाव उसको साहित्यमा पनि अछुतो रहन सक्दैन । उदासी पनि एक प्रगतिवादी विचारमा विश्वास राख्ने चिन्तक भएको कारण पनि उनका कवितामा प्रगतिवादी भावना पाइनु स्वभविकै हो । नेपाली समाजमा भएको असमानता देखिेर पनि उनमा यस्तो विचार पलाएको हो जस्तो लाग्छ । प्रगतिवादी विचार व्यक्त गर्ने क्रममा कवि उदासी सुन्तली जस्ता मजदुर वर्गको व्यथा वर्णन गर्न पुगेका छन् त कहिले उसको आत्मविश्वास वोध गराउन पुग्छन् । अति उनीहरुलाई खोसिएको अधिकार प्राप्त गर्नको निम्ति जागृत हुन आह्वान पनि गर्न पुग्छन् । उनका प्रगतिशील चिन्तनमा आधारित कविताहरु, सुन्तली, हुरीको गीत उसको आत्मविश्वास, आन्तरिक व्यथा, म र आफन्तहरु झ्याल खोलेर बाहिर हेर्दा, तिम्रो बलिदान, प्रतिज्ञा गर्नेहरु, परिचय आदि छन् । यसलाई स्पष्ट पार्न 'सुन्तली' कविताको केही अंश उल्लेख गरी हेरौं : जस्तै :

उसको आफ्नो एक टुक्रा बारी छैन, खेत छैन, यो धर्तिमा
उसको आफ्नो कुनै छाप्रो छैन आँगन छैन
तैपनि
वगरमै जन्मिएर बगरमै हुर्किएकी सुन्तली किन अझै प्रश्नहीन
बसेर उजाड बगरमाथि
चूपचाप गिट्टी फोडिरहेको छ ?

६. ऐजन्, पृ. ९ ।

किन अझै गुनासोहीन

बसेर उदास बगरमाथि

चूपचाप गिट्टी कुटिरहेको छे ?

साच्चै किन अझै

आफ्नै सुन्दर जिन्दगी

गिट्टी बनाएर कुटिरहेको छे सुन्तली ?[७]

---

६. ऐजन्, पृ. ६ ।

**३.१.३.४ विसङ्गतिवादी कविता**

मान्छेका इच्छा, चाहना र रहरहरु एकातर्फ हुन्छन् भने मान्छेको जीवन भोगाई अर्कोतिर भइदिन्छ । मानिसले एउटा कुरा चाहेको हुन्छ तर त्यहाँ अर्को कुरा भइदिन्छ । मानव जीवन भनेको र सोचेको जस्तो हुदैन त्यसैल त मानिसको जीवन विसंगत वनेको छ । यिनै जीवनको विसङ्गतिपूर्ण व्यवहारलाई कवि उदासीले आप्ना कविताको विषय वस्तु बनाएका देखिन्छन् । उनका सस्ता विसङ्गतिवादी कविताहरुमा सग्लो समय, तीन टुक्रा, त्यो मान्छे आदि हुन् । यी कविताहरुमा मान्छेका बिकृत विचारलाई अगाडि सारिएको छ भने नेपालीहरुमा देखिने नकरात्मक संस्कारको पनि ब्याख्या गरिएको पाइन्छ । उदारणको पनि व्याख्या गरिएको पाईन्छ । उदारणको रुपमा सग्लो समय शीर्षक कविताको निम्नलिखित कविताले कवितांशलाई लिन सकिन्छ ।   जस्तै :

कुनै नेता

उभिएर मञ्चमा

गरिरहेछ विचारोत्तेजक भाषण

तर छैन भाषणमा सग्लो समय

र उसै गरी

लेखिरहेछु म कविताहरुमा

बसेर एकान्त कोठामा

तर छैन मेरो कविताको सग्लो समय [८]

### ३.१.३.५ समानताको वकालत गर्ने कविता

मान्छे आमाको कोखबाट पृथ्वीमा आगमन  हुँदा एउटै जन्मजात पोशाक लिएर आएको हुन्छ, जुन पोशाकमा कुनै किसिमको भिन्नता हुँदैन । सबै उही छालाको प्राकृतिक पोशाकमा हुन्छन् । तर जन्मपश्चात् समाजमा उचनीचको पगरी गुताइदिने काम हुन्छ । मान्छे मान्छेका बीचमा विषम भेदभाव हुन्छ । एउटा मान्छे हातमुख कसरी जोर्ने भन्ने समस्याले ग्रसित हुन्छ त अर्को मान्छे महलमा बसी आरामदायी जीवन निर्वाह गरिरहेको हुन्छ । कवि उदासीले यस्ता असमानताको विरुद्ध आवाज उठाउने खालका कविताको विषयवस्तु बनाएका छन् । ती कविताहरुमा पेशा, कालो पर्दाभित्र र कैद भएको अधिकार जस्ता कविताहरु पर्दछन् । यी कविताहरुमा मान्छेले मान्छे माथि कस्तो अन्याय, अत्याचार र शोषण गरेको छ भन्ने कुराको वकालत गरिएको विचारलाई अगाडि बढाइएको छ भने नेपाली समाजमा भएको धनी र गरीब वर्गको असमानताको खाडललाई यथार्थ रुपमा चित्रण गर्ने काम गरिएको छ । उदाहरणको रुपमा ‘कैद भएको अधिकार’ शीर्षकको कविताको केही अंश यहाँ प्रस्तुत गरिएको छ । जस्तै :

ठूलाठूला महलहरु सधै हाँसिरहेछन्

सानासाना बुकुराहरु सधै रोइरहेछन्

हाँसो र खुशी बुकुराहरु लुटेर बुकुराहरुको

फेरी महलहरु अट्टहास गरिरहेछन् ।

बुकुराका हाँस्ने र बाँच्ने अधिकारहरु

महलका वाकस र सुटकेशमा कैद गरिएका छन् ।[९]

---

८. ऐजन्, पृ. ८ ।

### ३.१.३.६ विद्रोह र क्रान्ति चेत बोकेका कविता

जीवनलाई निराशा जन्माउने चिन्तनलाई त्याग्दै क्रान्तिकारी चिन्तनलाई अगाडि बढाउनुपर्दछ भन्ने कुरामा कवि उदासी पनि सहमत छन् । देशमा भएको अन्याय, अत्याचार, शोषण दमन आदिको प्रभाव हरेक सचेत नागरिकमा पर्दछ झन् त्यसमा पनि एउटा

---

९. टीकाराम उदासी अनुरोध कविता सङ्ग्रह २०४८, पेज नं. २५ ।

साहित्यकारमा त नपर्ने कुरै भएन । त्यसमा पनि एउटा साहित्यकारमा त नपर्ने कुरै भएन । त्यसको विरुद्ध आवाज उठ्नु र साहित्यकारको कलम सलबलाउनु स्वभाविकै हो । उनका विद्रोह र क्रान्ति चेत बोकेका कविताहरु 'आगोको यात्रा', 'अनुरोध' उज्यालो दिन ल्याउ अब, 'जुनको माला', आफ्नै चिहान खत्र आतुर साँढेहरु आदि भेटिन्छन् । यी कविताहरुमा असमानताका विरुद्ध चर्को आवाज र मानव अधिकार प्राप्त गर्नको लागि क्रान्ति गर्नुपर्ने मान्यतालाई अघि सार्दै सम्पूर्ण मानव समुदायलाई विद्रोह गर्न आह्वान समेत गरेका छन् । दृष्टान्तको रुपमा "उज्यालो दिन ल्याउँ अब" शीर्षक कविताको निम्नलिखित कवितांशलाई लिन सकिन्छ :

किकर्तव्य बिमूद भएर जनता नबस अब<br>
बिहानीको प्रतिज्ञा गरेर जनता नसुत अब<br>
निमिट्यात्र गरिकन शत्रुभरी बाँचौ र हाँसौ अब<br>
कालो रातको अन्त्य गरी उज्यालो दिन<br>
ल्याउँ अब । [१०]

### ३.२.२ विषयवस्तुको आधारमा गजलकार उदासीको गजलको वर्गीकरण

साहित्यकार उदासीको कृतित्व अध्ययनको प्रमुख विधा गजल पनि हो । त्यसैले विषयवस्तुको आधारमा उनको गजल विधाको पनि वर्गीकरण गरिएको छ । उदासीले आफ्ना अनुभूतिजन्य बीजलाई कविताको माध्यमभन्दा बढी सशक्त रुपमा गजलको माध्यमबाट

दिएका छन् । नेपाली गजल परम्पराको शुभारम्भ युवा गजलकार मोतीराम भट्टले गरेका हुन् । भट्टदेखि हालसम्म आउँदा नेपाली गजल यात्राले विभिन्न घुम्ती र मोडहरु पार गरिसकेको छ । नेपाली गजलको पहिलोचरण (वि.सं. १९४०- २०३४ सम्म) र दोस्रो चरण (वि.सं. २०३५ देखि हालसम्म) रहेको देखिन्छ ।[11] ज्ञानुकर पौडेलले वि.सं. २०३५ सालमा नेपाली गजल क्षेत्रमा दोस्रो

१०. ऐजन्, पृ. २६ ।

११. टीकाराम उदासी "गजल सिद्धान्त र नेपाली गजलको इतिहास" वि.सं. २०५९, पेज : ४० ।

चरणको शुभारम्भ गरे । यो चरणमा आइपुग्दा उदासीजस्ता युवा पिढीको एउटा प्रतिभा सुनाउने र रमाउने माध्यमको रुपमा गजल विधा देखा परेको पाइन्छ । गजलभित्र पनि मानवीय भावना प्रखर रुपमा अटाउने हुँदा उदासीले आफ्नो समाज र राष्ट्रका कथा, व्यथा र अनुभूतिजन्य भावनाहरु आफ्ना गजलहरुमा कलात्मक रङ्ग लगाएका छन् ? भन्ने कुराको खोजी गर्दै विषयवस्तुको आधारमा वर्तमान बाँच्न खोज्दा गजल सङ्ग्रहका आठवटा र परिवेशका धुनहरु गजल सङ्ग्रहका ५० वटा सङ्ग्रहित गजलहरु अध्ययन गरिन्छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरुमा उनका गजलहरु प्रकाशित भएपनि यहा उनका दुई गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरुलाई मात्र विभिन्न विषयवस्तुका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

(१) प्रगतिवादी गजल

(२) निराशावादी गजल

(३) व्यङ्ग्यवादी गजल

(४) समानताको वकालत गर्ने गजल

### ३.२.२.१ प्रगतिवादी गजल

आफ्नो देश, आफ्नो गाउँ र देशमा परिवर्तन भएको हेर्न नचाहने नेपाली सायदै नेपालमा होलान् । कति साहित्यकारले समाजलाई अग्रगति दिनको निम्ती अर्थात् समाजमा रहेका हरेक मान्छेलाई प्रगतिपथमा अगाडि बढ्नको लागि प्रेरणा दिने साहित्यको सिर्जना

गर्छन् । कतिपय मान्छेले त्यस्ता प्रगतिशील भावनालाई साहित्य रचनामा नभई आफ्ना प्रगतिशील व्यवहारद्वारा आफ्नो राष्ट्रप्रति सम्मानभाव व्यक्त गरेको पाइन्छ । प्रगतिशील नयाँ नेपाल, त्यो पनि युटोपिया राज्यको कल्पना गर्न पुग्दछन् । उनले नेपाललाई सिंगापुर बनाउन सम्मको समेत गर्न पछि परेका छैनन् । अनि नेपाललाई एउटा प्रगतिशील भावना व्यक्त गर्न पछि परेका  छैनन् । अनि नेपाललाई एउटा प्रगतिशील राष्ट्रको रुपमा स्थापना गर्ने उनको धोको छ । उनले निकै आशावादी प्रगतिशील स्वरहरु गजलको माध्यमबाट नेपाली गजल साहित्यमा भर्ने काम गरेका छन् । उनका गजल सङ्ग्रहमा सङ्कलित गजलहरुमा 'काँडा होइन यो बगैचा', 'स्वाभिमानको यात्रा', 'लेखक होइन सताको' 'उज्यालो त्यो जिन्दगीको' गर्छ धेरै गफ त जस्ता रहेका छन् । 'उज्यालो त्यो जिन्दगीको शीर्षक गजलको केही गजलकीय अंश यहाँ उदाहरण स्वरुप उल्लेख गरिएको छ ।
जस्तै :

उज्यालो त्यो जिन्दगीको धाम खोज्दैछु म
हराएको आफ्नै यहाँ लाभ खोज्दैछु म ।[१२]

### ३.२.२.२ निराशावादी गजल

मान्छेमा एकपछि अर्को दु:खमाथि दु:ख थपिदै जान्छ, ठीक त्यसैबेला मान्छे निराशावादी बन्दछ । उनमा आएको पीडा र आत्मग्लानीले उसलाई हीनताबोध गराउँछ । सामान्य मान्छेले आँशु बगाएर मनलाई सान्त्वना दिने काम गर्दछन् भने साहित्यकारहरुले सिर्जनाको माध्यमबाट आफ्नो मनमा परेका पिरमर्का पोखेर सान्त्वना दिने काम गर्दछन् । गजलकार उदासीले पनि करुणरस प्रधान निराशावादी सिर्जनाको छाप समेत परेको देखिन्छ । उनले आफ्नो गजलमा विभिन्न पीडा र समस्याले छटपटाउनुपर्ने, जीवनमा सोचेभन्दा भिन्न भइदिनाले हुने प्रभाव र शिक्षा हासिल गरेर पनि जागिर नपाएर भौतारिएका नेपाली युवाहरुको दुर्दशामा रहेको रोदन र क्रन्दनलाई विषयवस्तु बनाएका छन् । उनका निराशावादी करुणरस प्रधान गजलहरु यस प्रकारका रहेका देखिन्छन् :- 'चिसो लाग्छ मौसम पनि', 'जुनकिरी रोयो तारा रोयो', 'अभाव र पीडाको', 'आउनुपर्ने समयको', 'यी दिनहरु भयावह', जून थियो आकाशमा', 'पौरखहरु जम्मा

गर्ने', 'आँखाभरी मुटुभरी', 'उज्यालो कुनै घाम छैन', 'काठमाडौंमा नैतिकताको, समय कतै लात बोल्छ, हावा जस्तै माथि उड्ने, आज पनि छेपाराहरुको' धेरै छन् बाँझा अझै तनहरु अचेल' जस्ता छन् । निराशावादी गजलको एउटा नमुनाको रुपमा पौरखहरु जम्मा गर्ने गजलको गजलकीय अंश यहाँ प्रस्तुत गरिएको छ । जस्तै :

---

१२. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ४८ ।

पौरखहरु जम्मा गर्ने आफ्नो कुनै खाता भएन
परेलीमा वर्षात ओढ्ने आफ्नो कुनै छाता भएन
पेट भरिदो रहनेछ, योग्यताको फाइल बोकी
कतै रोजगार खोजूँ भने आफ्नो कुनै नाता भएन ।[१३]

### ३.२.२.३ व्यङ्ग्यवादी गजल

कुनै पनि देश, समाज वा टोलमा विभिन्न समयमा विभिन्न खाले घटनाहरु घटिरहेका हुन्छन् । समाजमा विविधखाले समस्याले जरा गाडेको हुन्छ । जहाँ जुनसुकै परिस्थितिमा होस् जति आदर्शवादी कानुन भएपनि आखिर व्यवहारमा मत्स्यवाद नै व्यापक देखिन्छ । गजलकार उदासीले पनि नेपाली समाजमा जे जस्तो भोग्छन्, भागेको देख्छन् त्यो कुरालाई साहित्यिक सिर्जनाको घेराभित्र बन्दी गरी आफ्नो आक्रोश पोखी शान्त बन्ने कोशिस गर्दछन् । त्यस परिप्रेक्ष्यमा तत्कालिन विसङ्गति, अव्यवस्था, अराजकता बेइमानी, अनास्था, सन्त्रास र भ्रष्टाचारजस्ता युगीन बिडम्बनाको उद्घाटन गर्न र त्यसप्रतिको आफ्नो आक्रोश तथा असन्तुष्टिलाई व्यक्त गर्न गजलकार उदासीले व्यङ्ग्यात्मक रुपको प्रस्तुत गरेका छन् । साहित्यकारलाई आफू जन्मेको अनि बाँचेको समयको समाजले केही न केही प्रभाव पार्दछ । उदासीलाई पनि नेपाली जनयुद्ध कालमा जे जस्ता घटना र परिघटनाहरु घट्दै गए नेपाली आमजनतालाई सत्तासीनहरुले सवाउने काम गरे त्यो आक्रोश व्यङ्ग्यात्मक रुपमा गजलकार उदासीले गजलको माध्यमबाट पोखेको पाइन्छ ।

व्यङ्ग्यवादी चिन्तनले लेखिएका उनका गजलहरुमा 'पत्र नलेख भैगो', आफ्नै 'त्यो गाउँको घरमा' प्रतिपल मनहरुमा, 'बुद्धको त्यो देशमा', 'सन्दिग्ध लाग्छ यहाँ' लामखुट्टेले सटाइराछ' 'अचेल पीडाको' अध्यारो मुहार, वर्तमानको यात्रामा, तरबारको विषालु घारमा' जस्ता शीर्षक रहेको पाइन्छ ।

---

१३. ऐजन्, पृ. १४ ।

उदासीलाई नेपालका दलहरु स्याल झैं लाग्ने गरेको कुरा सन्दिग्ध लाग्छन् यहाँ' गजलमा उल्लेख छ । उदाहरणको लागि यस गजलमा रहेका केही अंश हेरौ :-

सग्दिग्ध लाग्छन् यहाँ हरेक पलहरु अचेल
स्यालझैं लाग्छन् यहाँ हरेक दलहरु अचेल [१४]

आज मान्छेमा अति नै दूरावस्था छ । लामखुट्टेले सताउँदा झूल छैन सोझो अर्थ देखिन्छ भने व्यङ्ग्य अर्थमा सामन्ती परिजिवीले निमुखालाई सताइ रहेको बोध हुन्छ । फूलबारीमा फूल नफुलेर यतिखेर काँडा मात्र फुलेको कुरा समेत गजलमा उदासीले व्यक्त गरेका छन् । मान्छे र सहरको पढ्यो त्यो अन्जान छ, आज नैतिकता इमान जमान हराएको छ भनेर व्यङ्ग्य गरेको देखिन्छ । उदाहरण स्वरुप उदासीको लामखुट्टेले सताइराछ गजलको केही अंश हेरौं :-

लामखुट्टेले सताइराछ आफ्नो एउटा झूल छैन
काँडै फुल्छ बगैचामा त्यसैले त फूल छैन
मान्छे सहर पऱ्यो कि सहर पऱ्यो मान्छेमा
नैतिकताको बजारमा आज कुनै छुल छैन । [१५]

### ३.२.२.४ समानताको वकालत गर्ने गजल

मान्छे एउटा चेतनशील प्राणी हो । जब एउटै समाजमा बस्ने मान्छे आपसमा असमानताको अनुभूति हुन्छ, यसको बिरुद्ध क्रान्ति हुन्छ । जब सातसीनहरु सतामा रहिरहनको लागि जनतामाथि अन्याय, अत्याचार गर्छन् विभिन्न अवसरमा जनतामाथि भेदभाव हुन्छ, त्यतिबेला समानताको लागि आन्दोलनको राँको बल्छ । विभिन्न किसिमले आन्दोलन हुन्छ तर

१४. ऐजन्, पृ. १९ ।

१५. ऐजन्, पृ. ३३ ।

साहित्यकारहरुले आफ्नो लेखनीको प्रयोग गरी समानताको लागि चर्को नारा दिने गर्छन् । गजलकार टीकाराम उदासीका गजलमा पनि यो प्रवृत्ति देखा पर्दछ । उनले आफ्ना गजलहरुमा जनतामाथि भएको असमानताको विरुद्ध बुलन्द आवाज निकालेका छन् । मत्स्यन्याय प्रवृत्तिले निमुखा जनतामाथि कस्तो अत्याचार गरेको छ भन्ने कुराको बोध गराउँदै असमानताको विरुद्ध आवाज उठाउन प्रेरित गरेका छन् । यस्ता गजलहरुमा 'यो सहरमा मान्छेहरुको' यो अँध्यारो रात पनि, अनायास, आँधीले उडाएको मलिन किन लाग्छन् अझै' जिन्दगी जस्तै लेखनमा जुलुश छ वर्तमान विरुद्ध जस्ता गरेका छन् । उदाहरणको रुपमा 'जिन्दगी जस्तै लेखनमा' गजल शीर्षकको केही अंश यहाँ प्रस्तुत गरिएको छ । जस्तै :

जिन्दगीजस्तै लेखनमा दम हुनुपर्छ ।
प्रत्येक शब्द आजभोलि बम हुनुपर्छ ।[१६]

१६. ऐजन्, पृ. ४० ।

# परिच्छेद चार

# उदासीका कृतिहरुको अध्ययन र उनको योगदान

## ४.१ उदासीका कृतिहरुको अध्ययन

### ४.१.१ टीकाराम उदासीका कविता कृतिको अध्ययन

'अनुरोध' कविता सङ्ग्रह र 'मौसमका हरफहरु (संयुक्त कविता सङ्ग्रह) टीकाराम उदासीका कविता सङ्ग्रह छन् । अनुरोध कविता सङ्ग्रहमा उनका मात्र कविता सङ्ग्रहित रहेको कविता सङ्ग्रह हो भने अर्को 'मौसमका हरफहरुमा' दाङ, चार जना कविहरुको साथमा थलो पनि हो । उनको अनुरोध कविता सङ्ग्रह प्रकाशन साहित्यप्रेमी जीतमान बुढाले प्रकाशित गरिदिएका हुन् भने अर्को संयुक्त कविता सङ्ग्रह मौसम हरफहरु अतिरिक्त प्रकाशन नेपालले प्रकाशित गरिदिएको हो ।[१७] यसरी व्यक्ति र प्रकाशन दुबैले प्रकाशित गरिदिएर स्रष्टाको ठूलै सम्मान गरेको देखिन्छ । उनको अनुरोध कविता सङ्ग्रहमा बीस ओटा र मौसूफका हरफहरु कविता सङ्ग्रहमा दसओटा गरी जम्मा तीस ओटा कविताहरु कृतिमा सङ्ग्रहित भएका छन् । कवि टीकाराम उदासीलाई गद्यकवि गोपालप्रसाद रिमालको "आमाको सपना" कविता सङ्ग्रहको निकै मात्रामा प्रभाव परेको देखिन्छ । समसामायिक नेपाली कविताको क्षेत्रमा गद्य कविता लेखनको बाढी नै आएको बेलामा नेपाली साहित्यको फाँटमा टीकाराम उदासी उदाएका देखिन्छन् । गद्य कविताको आफ्ना सम्पूर्ण अनुभूतिलाई नविकारिकन लेख्न सकिने भएको तर

छन्दमा काट्छाँट गर्दा भाव खजमजिने भएकोले नै गद्यमा कविता लेखेको कुरा उदासी बताउँछन् । त्यसैले उनले आफ्नो भावनालाई गद्य शैलीमा व्यक्त गर्ने काम गरेका छन् । यहाँ कवि उदासीको २ वटा कविता सङग्रहमा प्रकाशित कविताहरुको कविता तत्वको आधारमा विश्लेषण र मुल्याङ्का गरिएको छ ।

१. विषयवस्तु
२. संरचना विधान
३. लय विधान

---

१७. शोधनायकसँगको अन्तरवार्ता ।

४. अलङ्कार विधान
५. भाषाशैली
६. कथनपद्धति
७. निष्कर्ष

### ४.१.१.१ विषयवस्तु

कविको उद्गमस्थल नै विषयवस्तु हो । विषयवस्तुको बीजको कार्य गर्दछ । त्यसलाई कविले कल्पना र कलाका हाँगाविगा फिंजाएर पूर्णरुप दिने कार्य गर्दछ । कविता विभिन्न सामाजिक, ऐतिहासिक, पौराणिक, राजनैतिक, भौगोलिक समसामयिक आदि जेजस्तो विषयवस्तु सिर्जना गर्न थाले पनि सर्जकले जे जस्तो विषयवस्तु सिर्जना गर्न थाले पनि सर्जकले आफ्ना अनुभूति र कल्पनाले रङ्गाएर कलात्मक रुप प्रदान गर्दछन् । अनि मात्र सिर्जनाले आफ्नो स्वरुप प्राप्त गर्दछ । कुनै पनि विषयवस्तुले सबैको हृदयमा एकै किसिमको छाप पारेको हुँदैन । त्यसैले त एउटा विषयमा लेखिएका सिर्जना पनि व्यक्तिपिच्छे फरक हुने गर्छन् । यसको मुख्य कारण सर्जकहरुको अनुभूतिजन्य भिन्नता हो ।

कवि उदासीका कविता सङ्कलित 'अनुरोध' कविता सङ्ग्रह र साझा कविता सङ्ग्रह मौसमका हरफहरुमा राम्राराम्रा विषयवस्तुका नमुनाहरु प्रस्तुत गरेको पाइन्छ । यी कविता सङ्ग्रहहरु फुटकर कविता सङ्ग्रह भएको हुँदा यसमा समाजका विभिन्न विषयवस्तुको संयोजन पाइनु स्वभाविक हो । कवि गाउँले परिवेशमा जन्मिएको र सहरिया परिवेशमा बसिरहेको हुनाले पनि होला उनका विषयवस्तुमा ग्रामीण र सहरिया दुबै जीवनसँग सम्बन्धित सुख, दुःख, उकालीओराली, उत्पीडित र उत्पीडन आदि विषयवस्तुलाई आफ्ना कविताहरुमा समेटेको देखिन्छन् । उनका कविताहरुको विषयवस्तुका आधारमा गरिएको वर्गीकरणबाट धेरै कुराको विश्लेषण गरिएको छ । यहाँ छोटकरीमा उनका कविताको विषयवस्तुगत विविधताको विश्लेषण गरिएको छ । उनले 'सुन्तली', 'हुरीको गीत', आन्तरिक व्यथा आदि कविताहरुमा एउटा निम्नवर्गीय पात्रको जीवन भोगाइको यथार्थ पीडालाई स्थान दिएका छन् । उनले आफू र समग्र समाजको जीवनभोगाइले ल्याएको निराशा, प्रकृतिप्रेम, सामाजिक विकृति, विसङ्गति, आजको परिवेश, हाम्रो नेपालको समसामयिक अवस्था आदि जस्ता विषयवस्तुलाई आफ्ना कविताहरुमा स्थान दिएका छन् । उनले अभिलेख, ऐना, पानी र अनुहार जस्ता कवितामा विविध खाले समस्यासँग सङ्घर्ष गर्न नसकी निराश भएको गुनासो पोखेका छन् । उनले आफ्ना कवितामा कोरा कल्पनालाई कमै मात्रामा स्थान दिएका छन् । स्वस्थ कल्पनालाई यथार्थमा साकार गर्न आफ्ना कविताहरुको प्रतिपादन गरेको देखिन्छ । समाजका विविध पक्षबाट यथार्थ जीवनमा भोगेको घटनाहरु नै प्रमुख रुपले विषयवस्तु बनाएको देखिन्छ । उनले समाजमा रहेको अन्याय, अत्याचार, व्यभिचारी प्रथा, दासप्रथा कमलरी प्रथा थिचोमिचो, चाकरी, चाप्लुसी प्रथा आदिको घोर भर्त्सना गरी लेखेका छन् । उनले वास्तविक जीवनलाई बुझेर कलात्मकता प्रदान गरेको देखिन्छ । यसरी कवि उदासीले विषयवस्तु छनौटका दृष्टिले सफल र सचेत रहेको देखिन्छ । समाज परिवर्तनको माध्यम साहित्य हुनुपर्ने विचारलाई आत्मसात गर्दै साहित्य रचनाको विषयवस्तु चयन गरेको पाइन्छ ।

### ४.१.१.२ संरचना विधान

संरचनाका दृष्टिले हेर्दा कवि उदासीका समग्र फुटकर कविताहरुमा आदि, मध्य र अन्त्यको संरचना रहेको पाइन्छ । उनका कविताहरुमा कुनैमा तीन श्लोकसम्मको लघु संरचना फेला पार्न सकिन्छ । यस्तो स्थिति उनको 'तिन टुक्रा' कवितामा देख्न सकिन्छ । यस्तो स्थिति उनको 'तिन टुक्रा' कवितामा देख्न सकिन्छ । डाँडामाथि घाम कवितामा चारवटा मात्र श्लोक छन् । यसरी यस्ता कविताहरुमा संरचनाको लघुरुप फेला पार्न सकिन्छ भने जाजरकोट अभिलेख, पीडा, सुन्तली, हुरीको गीत, सग्लो समय ऐना, पानी र अनुहार, आगोको यात्रा, जूनको माला, आन्तरिक व्यथा, प्रतिक्षा गर्नेहरु, म र आफन्तहरु, उज्यालो दिन ल्याउँ अब, कालो पर्खालभित्र आदि जस्ता कविताहरुमा संरचनाको मध्यरुप फेला पार्न सकिन्छ ।

त्यसैगरी उसको आत्मविश्वास, तिम्रो र मेरो अन्तराल, 'आफ्नै चिहान खन्न आतु साढेहरु', 'तिम्रो बलिदान', 'अनुरोध', 'कैद भएको अधिकारी', 'त्यो मान्छे', 'ब्यूझिसकेको कुम्भकर्णहरु', 'लिएर आऊ', 'परिचय' आदि कविताहरुमा संरचनाको बृहत रुप पाइन्छ । कवि उदासीको समग्र फुटकर कविताहरुमा उठान, विस्तार र बैठानको क्रमलाई कतै पनि अङ्ग गरिएको पाइन्छ । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने कविताको संरचना सत्रात्मक कथन पद्धतिमा अङ्गालिएको छ । जसले गर्दा कविताको शिल्प र शैली एवम् अभिव्यक्तिकला सङ्क्षिप्त हुनुपर्दछ भन्ने कविता मान्यतालाई कविले आत्मसात गरेको देखिन्छ ।

### ४.१.१.३ लय विधान

लय कविताको अनिवार्य कुरा हो । लय विना कविताको कल्पना गर्न समेत सकिंदैन । अन्य विधा र कविता विधा छुट्याउने आधार लय हो । लय विधान भन्नाले कविताको पुनरावृत्ति वा शब्दहरुको पुनरावृत्तिबाट उत्पन्न हुन जान्ने एक प्रकारको शब्द चमत्कार हो । त्यसले पाठकवर्गलाई नयाँ प्रकारको रसास्वादनको अनुभूति गराँउछ । छन्दको प्रयोग, छन्दको अनुशासन, शब्दको चयन विचलनको सिर्जनाका साथै भाषिक अनुशासित पद र पदावलीको विन्यास क्रमले कवितामा उत्पन्न हुन जाने श्रुतिमा धूर्यतालाई नै लय भनिन्छ । त्यही लय

उत्पन्न गराउनका लागि पालन गरिने शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित संयोजनबाट जुनप्रकारको मिठासपूर्ण भाव तरङ्ग, श्रोता वा पाठकले अनुभूति गर्छ त्यसैलाई नै लय विधान भनिन्छ ।

लय दुई प्रकारका हुन्छ छन्दवद्ध रुपमा रचिएको कवितालाई पद्य, लय र शब्दहरुको उपयुक्त संयोजन गरी गद्यमा लेखिएको कवितालाई गद्य लय भनिन्छ । पद्य कविताबाट पद्यलयको रसस्वादन गरिन्छ भने गद्य कविताबाट गद्य लयको रसस्वादन गरिन्छ ।

यसरी लय विधानका दृष्टिले हेर्दा उदासीका कविताहरुमा द्वन्द्वको सुगन्ध फेला पर्न नसकेतापनि गद्यलयको सुवास सहजरुपमा फेला पार्न सकिन्छ । गद्य कविता स्वतन्त्ररुपमा रचित शब्द चयन गरी कवि उदासीले आफ्नो साहित्यिक यात्राको निरन्तरतालाई कायम राख्दै आएका छन् । तसर्थ पद्य लयमा कविता नलेखेतापनि गद्य कविता लेख्न सफल भएको हुनाले लय विधानको दृष्टिले कवि उदासी सफल नै रहेको पाइन्छ । उदाहरणको लागि उनको छोटो वाक्यमा भाव व्यक्त गर्ने 'तिन टुक्रा' शीर्षक कविताको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

**नेता**

बगलीमा छुरी राखेर
रामरा जप्ने दोगीहरु जस्तो
मानौ आजको नेता
मौसम हेरी रङ्ग बदल्ने छेपारो जस्तो [१८]

वाक्यझै लाग्ने पङ्क्तिको नमुना आदि बढिरहेको जुलुस कवितामा यसरी देख्न सकिन्छ । जस्तै :

मेरा प्रत्येक चाहनाहरु सन्तापका सर्पले बेरिएका हुन्छन् ।
मेरा प्रत्येक प्रयासहरु निरर्थकताको अग्निमा जलिरहेका हुन्छन् ।
प्रत्येक साँझ व्यासोहरुले लखेटिरहन्छन् मलाई यहाँ
प्रत्येक बिहान मृत्युहरुले जिस्काइरहन्छन् मलाई यहाँ ॥[१९]

यसरी कवि उदासीले आफ्ना सबै कृतिहरुमा गद्य लयको कविता रचना गरेका छन् । यी माथिका दुईवटा नमुनाबाट पनि के स्पष्ट हुन्छ भने उदासीका कविताहरुमा गद्य लयको सशक्त अनुभूति भएको कुरा पुष्टि हुन्छ ।

### ४.१.१.४ अलङ्कार विधान

अलङ्कार भन्नाले काव्य वा कवितामा प्रयुक्त भाव र कलाको चमत्कारलाई जनाउँछ । अलङ्कार सिर्जना नगरी रचिएको यदि कुनै सिर्जना छ भने त्यसले पाठक वर्गमा कुनै प्रभाव पार्न सक्दैन । कविताको भाषा विचित्र र चमत्कारपूर्ण हुनुपर्दछ । शब्द र वाक्य चमत्कार अनि

---

१८. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. २७ ।

१९. ऐजन्, पृ. १७ ।

कलाको विशिष्ट सिर्जनाले साहित्यलाई सजीव बनाउँछ । अलङ्कार विधान भन्नाले कवितामा प्रयोग हुने एकप्रकारको विशिष्ट संरचना शैलीलाई जनाउँछ । अलङ्कार दुई प्रकारका हुन्छन् ।

#### ४.१.१.४.१ शब्दालङ्कार

कविका अगाडि शब्दहरु अनन्त हुन्छन् । तर ती सबै शब्दहरु कविताका निमित्त उपयुक्त हुँदैनन् । कविले आफ्नो कवितालाई उत्कृष्ट र विशिष्ट बनाउनका लागि विभिन्न शब्यहरुको चयन गर्दछ । जसले रचनालाई विशिष्ट बनाइदिन्छ । आदि, मध्य र अन्त्य अनुप्रासको संयोजन बाह्य समानान्तरताको सिर्जना, कोमल पद र पदावलीको श्रृङ्खलित विन्यासक्रम आदिले कवितालाई विशिष्ट र प्रभावकारी बनाएको हुन्छ । यस दृष्टिले हेर्दा उदासीका समग्र कविताहरुमा पूर्णरुपले अलङ्कारको चमत्कारपूर्ण प्रयोग भएको नपाइएतापनि कतिपय कवितामा केही अंशहरुमा चमत्कारपूर्ण प्रयोग भएको पाइन्छ । उदाहरणको लागि ‘हुरीको गीत’ शीर्षक कविताको निम्न कवितांशलाई हेरौं ।

"यहाँ कालो बादल हाँस्नु हुँदैन ।
यहाँ कालो कुहिरो नाच्नु हुँदैन ।"[२०]

प्रस्तुत पङ्क्तिमा अधानुप्रास, अन्त्यानुप्रासको सहज संयोजन भएको देखिन्छ । गद्य कवि र उनका कविताको पनि गद्य शैलीमा रचित भएको हुनाले कतिपय ठाउँमा अन्यानुप्रास मिलेको छ त कतिपय ठाउँमा मिलेको छैन । अरु जे जस्तो भएतापनि कविताको शब्दालङ्कार चमत्कारपूर्ण रहेको देखिन्छ ।

---

२०. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु कविता सङ्ग्रह, २०५९, पृ. ७ ।

**४.१.१.४.२ अर्थालङ्कार :**

अर्थालङ्कार भन्नाले कविताको बाह्य पङ्क्तिले पाठकलाई दिने आनन्दभन्दा अदृश्य रुपमा उसको मन मस्तिष्कमा जुनप्रकारको अदृश्य भाव तरङ्ग उत्पन्न हुन जान्छ । त्यसलाई अर्थालङ्कारका दृष्टिले हेर्दा उदासीका कविताहरुमा कतै उपमा कतै उत्प्रेक्षा, कतै रुपक कतै अतिशयोक्ति, कतै स्वाभावोक्ति आदि जस्ता अर्थालङ्कारहरु फेला पार्न सकिन्छ ।

उपमा अलङ्कारको उदाहरणको रुपमा "उसको आत्मविश्वास' कविताको निम्न अंश हेरौं :

"आँधी झैं भौतारिदै रह्यो कता कता ऊ ?
पागल झैं बरलिदै रह्यो कता कता ऊ !" [२१]

उपमा अलङ्कारको अर्को नमुनाको रुपमा 'जूनको माला' कविताको निम्न अंश हेरौंः

"आँसुजस्तै निरन्तर बगिरहेको नदी
आर्तनन्द जस्तै प्रतिफल गुञ्जिरहेको मौसम
र कुनै अनकण्ठार जंगलभित्र
हराइरहेको कुनै पर्यटक जस्तै वर्तमान"[२२]

रुपक अलङ्कारको एउटा नमुनाको रुपमा "डाँडामाथिको धाम" कविताको निम्न अंश हेरौं:

"जलिरहेछ आकाश
बजिरहेछ मृत्युव्यङ्गीत
र छन् उदाए उदासी
शोकमग्न पहाडहरु"[२३]

---

२१. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. ५ ।

२२. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु कविता सङ्ग्रह, वि.सं. २०५९, पृ. १० ।

२३. ऐजन्, पृ. ५ ।

अतिशयोक्ति अलङ्कारको निम्ति "उज्यालो दिन ल्याउ अब" कविताको निम्न अंग हेरौं :-

"शत्रुसितको लडाई पनि सम्झौतामा टुङ्गियो रे !
गरिएछ तयार यहाँ षड्यन्त्रको महल रे
प्रजातन्त्रको गर्भबाट अभाव पो जन्मेछ अरे
नेता भन्छन् मुक्ति ! मुक्ति ! जनताको बिजोक छ रे ॥[२४]

यसरी अलङ्कार विधानको दृष्टिले उदासीका कविताहरुमा शब्दालङ्कार र अर्थालङ्का दुबैको सहज संयोजन रहेको पाइन्छ ।

### ४.१.१.५ भाषाशैली

भाषाशैलीको दृष्टिले हेर्दा उदासीका कविताहरुमा तत्सम प्रधानपद र पदावलीको जटिल प्रयोग कमै मात्रामा भएको पाइन्छ । कविताका कतिपय पङ्क्तिहरुमा विचलनको सिर्जना छ भने कतिपय पङ्क्तिहरुमा विचलनको स्थिति ल्याइएको छैन । यसरी हेर्दा उनले व्याकरणिक र आलङ्कारिक दुबै पदक्रमको पनि सिर्जना गर्न सकेको पाइन्छ ।

व्याकरणिक पदक्रम मिलेको पङक्तिको रुपमा "अगाडि बढिरहेको जुलुस" कविताको कवितांश यहाँ प्रस्तुत गरिएको छ ।

मेरा प्रत्येक चाहनाहरु सन्तापका सर्पले बेरिएका छन् ।
मेरा प्रत्येक प्रयासहरु निरर्थकताको अग्निमा जलिरहेका हुन्छन् ।[२५]

प्रस्तुत कवितांशले कविमा व्याकरणिक पदक्रम मिलाएर कविता लेख्न सफल भएको देखाएको छ । सरल र सहज शैलीमा पाठकसामु आफ्नो विचार राख्न सजिलो भएको देखिन्छ

---

२४. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. २६ ।

२५. ऐजन्, पृ. १७ ।

भने अर्कोतिर उनको पद विचलन गरी आलङ्कारिक पदक्रमको प्रयोग गरिएका कवितांशहरु भेट्टिन्छन् । यसको उदाहरण स्वरुप "अभिलेख" कविताको केही कवितांश प्रस्तुत गरिएको छ ।

"आस्थाको पद्चाप छैन आँगनमा
आँगनमा अठोटका बिस्कुनहरु छैनन्
यात्राको डोब छैन चौपारीमा
चौपारीमा परिश्रमका विश्वासहरु छैनन् ।[२६]

प्रस्तुत कवितामा कविले व्याकरणिक पदविन्यासको क्रमलाई बिगारेर क्रियापदको प्रयोग कतै बीचमा त कतै वाक्यको शुरुमै गरेका छन् । यस्तो प्रयोगले कविताको भाषा बिग्रेको भने छैन । बरु अझ राम्रो बनेको छ । तसर्थ भाषाशैलीका दृष्टिले हेर्दा उदासीका कवितामा विचलनको सिर्जना पनि भेटिन्छ । साथै अभिव्यक्तिलाई विशिष्ट र चमत्कारपूर्ण बनाइएको छ । आफ्ना कविताहरुमा व्याकरणिक र आलङ्कारिक दुबै शैलीको प्रयोग गरी भाषाशैली ज्यादै आकर्षक र रोचक बनाई प्रस्तुत गरेका छन् । कवितामा प्रयोगमा भएका शब्द भावको दृष्टिले बलिया पनि छन् ।

### ४.१.१.६ कथनपद्धति

कथनपद्धतिका दृष्टिले हेर्दा उदासीका कविताहरुमा प्रथम पुरुषप्रधान र तृतीय पुरुषप्रधान कथनपद्धति अङ्गालिएको देखिन्छ भने कतिपय कविताहरुमा प्रथम पुरुष प्रधान र तृतीय पुरुषप्रधान कथनपद्धतिको मिश्रितरुप समाख्यानात्मक कथनपद्धति पनि अङ्गालिएको पाइन्छ ।

---

२६. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु कविता सङ्ग्रह, वि.सं. २०५९, पृ. ३ ।

### ४.१.१.७ केन्द्रीय भाव

केन्द्रीय भाव भनेको समग्र कविताहरुको मूल निचोड हो । कवि उदासीका कविताहरुमा उच्च प्रगतिशील भावना, नेपाली जीवनशैली, नेपाली समाजमा सामन्त वर्गबाट निम्न वर्गका मान्छेमाथि भएको अन्याय, अत्याचार, थिचोमिचोको भण्डाफोर, उत्पीडकले उत्पीडित माथि गसरेको दुर्व्यवहार, मानवजीवन र जगतका विकृति र विसङ्गति जीवन भोगाईको यथार्थ चित्रण, नेपालीहरुले भोग्दै आएको दमनजस्ता भावना उदासीका कविताहरुको केन्द्रीय भाव हुन् । प्रस्तुत विषयहरुकै केन्द्रीयतामा रहेर उदासीले आफ्ना सिर्जनालाई अगाडि बढाएको पाइन्छ । यसका साथै परिवर्तनको चाहना, सामन्ती सरकारको विरोध, जीवनवादी दृष्टिकोण र जोशपूर्ण भावव्यक्ति नै उदासीका कविताको केन्द्रीय कथन हो । केन्द्रीय कथनका दृष्टिले हेर्दा उनका कविताहरुले प्राय : नेपाली समाजको यथार्थ चित्रण गरेको पाइन्छ जुन गतिलो चित्रण पनि हो ।

### ४.१.१.८ निष्कर्ष

कवि उदासीका 'अनुरोध' र मौसमका हरफहरु (संयुक्त कविता) सङ्ग्रहमा गरी जम्मा ३० वटा कविताहरु सङ्ग्रहित छन् । यी कविता सङ्ग्रहित छन् । यी कविता सङ्ग्रहहरुमा गद्यशैलीको रोचक रचना छन् । कवि प्रोढौक्ति कथन पद्धतिमा आधारित छन् । यी कविताहरुमा कतिपय स्थानमा स्वभाविक रुपमा शब्दालङ्कार र अर्थालङ्कारले कवितामा सौन्दर्य तथा

भावगाम्भीर्य थपेका छन् । सरल, सहज र सर्वसंवेध भाषा र अधिकांश वर्णनात्मक शैलीमा लेखिएका यी कविता विषयवस्तु अनुकूल र भावको प्रतिनिधित्व गर्ने खालका छन् । कवि उदासीले शब्दात्मक र पदावलीयुक्त गरी दुई किसिमका शीर्षक चयन गरेको देखिन्छन् । अन्याय, अत्याचार, शोषण र थिचोमिचोको अन्त्य हुनुपर्ने र सामाजिक विकृति तथा विसङ्गतिलाई ध्यान दृष्टिले केलाउँदै समानतामूलक समाजको निर्माण गर्नुपर्दछ भन्दै परिवर्तनका लागि नागरिकहरुलाई सचेत गराउने मुख्य उद्देश्य देखिन्छ । समाजमा विविध सरलता जटिलता, हाँसो-रुवाइ, सुख-दुःख कर्तव्योत्मुख र कर्तव्याविमुख सबै विषयवस्तुको संयोजन गरी लेखिएका उनका फुटकर कविताहरु सार्थक देखिन्छन् । कवि उदासीका यी दुई कृतिहरुले नेपाली साहित्यमा एउटा नयाँ पाना थप गरेका छन् । नेपाली साहित्यप्रेमी नेपालीहरुलाई ऋणी बनाउन सफल भएका छन् ।

### ४.१.२ टीकाराम उदासीका गजल कृतिहरुको अध्ययन

'वर्तमान बाँच्न खोज्दा' गजल सङ्ग्रह र 'परिवेशका धूनहरु' गजल सङ्ग्रह टीकाराम उदासीका दुईवटा गजल सङ्ग्रह हुन् । 'वर्तमान बाँच्न खोज्दा' गजल सङ्ग्रहलाई प्रकाशित गर्ने जिम्मेबारी तुला विषम र भरत जङ्गमले र परिवेशका धुनहरु गजल सङ्ग्रहलाई प्रकाशित गर्ने जिम्मेबारी मध्यपश्चिमाञ्चल साहित्य परिषद, काठमाडौंले लिएर स्रष्टाको ठूलो सम्मान गरेको देखिन्छ । उनको 'वर्तमान बाँच्न खोज्दा' शीर्षक गजल सङ्ग्रहित छन् भने 'परिवेशका धुनहरु' गजल सङ्ग्रहमा पचास वटा गजल सङ्ग्रहित छन् । गजलकार उदासीमा नेपाली साहित्यका युवक कवि एवम् नेपाली गजल साहित्यका प्रथम गजलकार मोतीराम भट्टको निकै प्रभाव पारेको देखिन्छन् । गजललाई साहित्य विधाबाट अपहेलना गरिरहेको बेला अर्थात मोतीराम भट्टपछि लोप भइसकेको अवस्थामा समसामयिक नेपाली साहित्यिक परिवेशमा गजलकार उदासी गजलको दरो पक्षपतीको रुपमा नेपाली साहित्यिक क्षेत्रमा उदाएका छन् ।

यहाँ गजलकार उदासीका यी दुई गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरुको गजल तत्वको आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

(१) विषयवस्तु

(२) संरचना विधान

(३) लय विधान

(४) भाषाशैली

(५) केन्द्रिय भाव

(६) निष्कर्ष

### ४.१.२.१ विषयवस्तु

विषयवस्तु वा भावजगत कुनै पनि साहित्यिक विधाको अनिवार्य तत्व हो । गजलकारको मूल स्रोत नै विषयवस्तु हो । विषयवस्तुले बीजको काम गरेको हुन्छ । यसको अनुपस्थितिमा कुनै पनि गजलकारले गजलको सिर्जना गर्न सक्दैन । तसर्थ गजल विधामा विभिन्न सामाजिक, राजनैतिक, भौगोलिक समसामयिक आदि जे जस्ता विषयवस्तु सिर्जना गर्न थालेपनि सर्जकले आफ्ना अनुभूति र अनुभवपुञ्जहरुलाई गजल भित्र अटाउँदै कलात्मक रुप प्रदान गर्दछ । त्यसैले एउटा विषयमा लेखिएका सिर्जना पनि फरक पर्दछ । जसको कारण चाहिँ यही अनुभूति र अनुभवपुञ्ज नै हो । जसले जस्तो जीवन भोगाई भोग्छ, उसको परिभाषा पनि त्यस्तै हुन्छ र त्यही कुरालाई नै आफ्नो सिर्जनामा प्रस्तुत गर्ने कार्य गरिन्छ ।

गजलकार उदासीका गजल सङ्ग्रहहरु 'वर्तमान बाँच्न खोज्दा' र परिवेशका धूनहरु' मा राम्रा र आकर्षक गजलहरुको नमुना प्रस्तुत भएको पाइन्छ । यी गजलहरुको नमुना प्रस्तुत भएको पाइन्छ । यी गजलहरु भएको कारण विविध विषयवस्तुको संयोजन गरी प्रस्तुत गरेको पाइन्छ । गजलकार उदासी एक निम्न र मध्यमवर्गीय परिवारमा हुर्केको मान्छेको नाताले पनि होला विशेषगरी निम्न वर्ग वर निम्न वर्ग र निम्न मध्यम वर्गका मान्छेले भोगेको सुख, दुःख, अन्याय, अत्याचार, उत्पीडित र उत्पीडक आदि विषयवस्तुलाई आफ्ना गजलहरुमा समेटेको देखिन्छन् । उनका गजलहरुको वर्गीकरण विषयवस्तुको आधारमा गरिएको वर्गीकरणमा स्पष्ट विश्लेषण गरिएको छ । उनका कुनै पनि गजलमा लैङ्गिक मायाप्रेम स्थान दिएको पाइँदैन ।

उनले आफ्नो विचार भावनालाई सामन्ती संस्कार र विसङ्गति आजको यथार्थ परिवेश, हाम्रो नेपालको समसामयिक अवस्था आदि जस्ता विषयवस्तुलाई आफ्ना गजलहरुमा स्थान दिएका छन् । उनले गजलको माध्यमबाट साना भाइबहिनीहरुलाई उपदेश समेत दिनपछि परेका छैनन् । उनले आफ्ना गजलहरुमा कोरा कल्पनालाई मात्र प्राथमिकता नदिएर समाजमा जेजस्तो घटनाघटित हुन्छ । समाजमा निमुखा प्राणीले जे जसरी जीवन गुजार्न व्यथित छन् ती विषयवस्तुलाई टपक्क टिपेर समसामयिक जीवनलाई बुझी कलात्मकता प्रदान गरेको देखिन्छ । यसरी गजलकार उदासी विषयवस्तु छनौटका दृष्टिले सफल देखिन्छन् ।

### ४.१.२.२ संरचना विधान

संरचनाको दृष्टिले हेर्दा उदासीका समग्र गजलहरुमा शेरहरु मिलेका छन् । शेरहरुको समष्टि रुप नै गजल हो । एउटा शेरमा दुईटा पङ्क्ति हुन्छन् । शेरको माथिल्लो पङ्क्ति हुन्छन् । शेरको माथिल्लो पङ्क्तिलाई मिसरा ए उला' र तल्लो पङ्क्तिलाई मिसरा ए सानी' भनिन्छ । हरेक गजलको माथिल्लो अंशले उपस्थापना गर्छ त तल्लो अंशले त्यसलाई निरुपण सहित पुष्टि गर्छ । एउटा गजलमा कम्तीमा पाँच र बढिमा तेह्र शेर हुनुपर्दछ भन्ने मान्यतालाई उदासीले आत्मसात गरी पाँच शेर भएका गजलहरु प्रायशः लेखेको पाइन्छ । गजलमा धेरै शेर हुनु राम्रो मानिदैन । उनका तीनवटा मात्र शेर भएका लघु आकारका गजलहरु पनि भेटिन्छन् । त्यस्ता गजलहरुमा हावाजस्तै माथि उड्ने, सुन्दर सुन्दर फूलहरु, विश्वासको हाँगोमा आदि हुन् । यस्ता तीन शेर भएका गजल एकातिर भेटिन्छन् भने अर्कोतिर चारवटा शेरको प्रयोग गरी लेखेका गजल पनि भेटिन्छन् । त्यस्ता गजलहरुमा धेरै छन् बाँझा अझै, तनहरु अचेल, सुदूर वस्तीको पसल, सारा तिम्रो व्यवहार, अचेल पीडाको अँध्यारो छ मूहार आदि हुन् ।

त्यसैगरी काँडा होइन यो बगैंचामा, पत्र नलेखे भैगो, आफ्नो त्यो गाउँको घरमा, जुनकिरी रोयो, तारा रोयो, चिसो लाग्छ मौसम, प्रतिपल मनहरुमा, बुद्धको यो देशमा हिजोआज यो सहरमा आस्थाको आकाश, अभाव र पीडाको आउनपर्ने समयको आदि गजलहरुमा पाँचवटा शेरको प्रयोग गरी लेखिएको पाइन्छ ।

गजलकार उदासीका समग्र गजलहरुमा मतला, शेर र मुक्ताको ऋणलाई कतै पनि भङ्ग गरिएको पाइँदैन । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने गजलको संरचना सूत्रात्मक कथन पद्धतिमा अङ्गालिएको छ । जसले गर्दा गजलको शिल्प र शैली एवम् अभिव्यक्तिकला संक्षिप्त हुनुपर्दछ भन्ने गजल मान्यतालाई गजलकारले आत्मसात गरेको देखिन्छ । प्रत्येक शेरको विषय फरक फरक हुनुपर्ने गजलको मौलिक विशेषता एवम् मान्यतालाई पनि ध्यान केन्द्रित गरी फरक फरक विषयको प्रयोग गरेको समेत पाइन्छ । उनका गजलमा एउटा शेरमा एउटा अनुभव वा अनुभूतिको सम्पूर्ण अभिव्यक्ति हुन्छ वा हुनुपर्दछ भन्ने कुरालाइ पनि पूर्णरुपले आत्मसात गरेको पाइन्छ ।

### ४.१.२.३ लय विधान

लय गजलको अनिवार्य एवम् महत्वपूर्ण अङ्ग हो । लय विधान भन्नाले गजलको लयात्मकता र गेयात्मकता हुनु हो । शब्दहरुको द्वन्द्वको अनुशासन शब्दको चयन, विचलनको साथै अधिक अनुशासन, शब्दको चरण, विचलनको साथै अधिक अनुशासित पद र पदावलीको विन्यास ऋणले गजलमा उत्पन्न हुन जाने श्रुति माधुर्यतालाई नै लय भनिन्छ । त्यही लय उत्पन्न गराउनका लागि पालन हुने विभिन्न शास्त्रीय छन्द (बहर) र स्वनिर्मित छन्द प्रयोग गजलमा गरिएको हुन्छ ।

यसरी लय विधानका दृपिष्टले हेर्दा उदासीका गजलहरुमा द्वन्द्व (वहर) को सुगन्ध सहज रुपमा फेला पार्न सकिन्छ । शास्त्रीय छन्दको कठोरता उदासीमा नरहेतापनि गजलको स्वर्णिम लयमा अवश्य बाँधिएका छन् । गजल एउटा लयात्मक र गेयात्मक पद्य रचना हो । यसमा मतला, रदीफ र काफिया जस्ता मौलिक पंक्तिपुञ्जले लयको सिर्जना गर्दछ । उदासीका गजलमा शेरहरुको उचित प्रयोग, वर्णको अधिकतम समानता, सरल प्रस्तुति, सहजभाव तथा सुकोमल शब्दको प्रयोग पाइन्छ । उनका गजलमा स्वनिर्मित लयको प्रयोग पाइन्छ ।

बाह्य संरचनाका आधारमा उनको गजलको स्वरुप पहिचान गर्न उदाहरणार्थ एउटा गजल प्रस्तुत गरी त्यसमा विद्यमान तत्वहरुको सङ्केत गरिएको छ ।

**'अनायस आँधीले उडाएको'**

(१) अनायस आँधीले उडाएको छानो भएँ
म आफ्नै घरमा आज विरानो भएँ
(२) समय र मान्छे भरे धेरै डायरीभित्र
अन्तत आफू चाँहि यौटा रित्तो पानो भएँ ।
(३) आफूमाथि खुकुरी सधै बञ्चरो पनि
चोट सारा सहेर म मौन अचानो भएँ ॥
(४) भित्रिएर व्यर्थै धुर्तहरुको यो सहरमा
मुसलधारे झरिमा पनि अभानो भएँ ।
(५) आफ्नो नाममा सधैँ सधैँ उदाए साँझहरु
थाह छैन कहिले देखि पीडाको रानो भएँ ।[२७]

यस गजलमा जम्मा ५ वटा शेरहरु छन् । पहिलो शेर मतलाको रुपमा र अन्तिम शेर मक्ताको रुपमा आएको छ । भए रदीफ तथा बिरानो, पानो अचानो र राम्रो शब्दहरु काफियाका रुपमा प्रयोग भएका छन् । ५ वटा मिसरा उला र ५ वटा मिसर ए सानी गरी यस गजलमा जम्मा १० वटा मिसराहरु आएका देखिन्छन् । यसप्रकार बाह्य संरचनाका दृष्टिले उदासीका गजल पूर्णरुपले सफल देखिन्छ ।

यस गजलमा आन्तरिक शक्ति, विलक्षणशैली भावको तिब्र विन्यास र लय विधान पनि उचित छ । सङ्गीतचेतना धरातलमा सरल, सहज एवम् सुगात्मक पद्य संरचना उनका गजलमा पाइन्छ । लय विधानका कोणबाट हेर्दा पनि गजलकार उदासी अति सफल रहेको देखिन्छ ।

**४.१.२.४ शैली**

शैली लेखकको पहिचान हो । एउटै विषय लेखेपनि शैलीले गर्दा कुनै लेखकको सिर्जनाले उच्चता प्राप्त गरेको हुन्छ भने कुनै लेखकको सिर्जनाले चाहि त्यो प्राप्त गर्न सक्दैन । मूलतः

सङ्क्षिप्तता, नवीनता, प्रभाव वा असरजस्ता तत्वहरुको समष्टिगत संयोजनबाट गजलको शैलीले आकार ग्रहण गर्दछ । यहाँ ती बुँदाहरुको सङ्क्षिप्त चर्चा गरिन्छ ।

### ४.१.२.४.१ सरलता

सरलता गजलको शैलीभित्र पर्ने कुरो हो । गजल गेय विधा भएकोले समास, बहुल र कठोर शब्दको प्रयोग गर्नु अभिशाप बन्दछ । सुललित पद-पदावलीको प्रयोगले गजललाई गाउन

२४. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. २७ ।

सकिने बनाउँछ । गजल गेयात्मक भएन भने त्यसको कुनै मूल्य रहन्न । त्यसैले सरल शैलीको प्रयोग गजलका लागि अनिवार्य कुरो हो । गजलकार उदासीका गजलहरुमा अति मिठो भाषामा सरलता अपनाइएको पाइन्छ । जसले उनका गजललाई सहज र स्वफूर्त तरिकाले गाउन सकिन्छ ।

### ४.१.२.४.२ सङ्क्षिप्तता

सङ्क्षिप्ततामा पूर्णता गजलको महत्वपूर्ण शैली हो । गजल दुई पङ्क्तिमा अनुभूति जगतको चित्र उतार्ने सङ्केत प्रधान, सुक्तिवत संरचना भएकोले शेरमा प्रयोग हुने शब्दमा कमी खट्किनु हुँदैन । यसमा प्रयोग गरिने विषय वा भाव अत्यन्त गहन र प्रभावकारी हुनुपर्दछ । गजलकार उदासीका गजलमा पनि यो प्रवृत्ति पूर्णरुपमा देखापरेको छ । उनले एउटा शेरमा नै पूर्ण भाव व्यक्त गर्न सफल रहेको देखिन्छ ।

### ४.१.२.४.३ नवीनता

मानवसभ्यताको इतिहासदेखि वर्तमान सम्मको समय यात्रामा विषयगत विविधता पाइतापनि एउटै युग र समाजका सन्र्दभमा प्राय : समान विषयहरु विद्यमान रहेका देखिन्छन् । वस्तुत एउटै विषयवस्तु वा भाव धरातलमा लेखिए पनि अन्यका सापेक्षतामा नितान्त नवीनता र मौलिकता लिएर प्रस्तुत हुने सिर्जनात्मक शैलीद्वारा नै कुनै पनि लेखकीय प्रतिभाको पहिचान गर्न सकिन्छ । बारम्बार भनिसकिएको कुरालाई पुनरुक्ति गर्नु गजलको उद्देश्य होइन बरु कतै कसैले व्यक्त गरेको भाव गर्नु यसको अभिप्राय हो । सिर्जनामा नवीनता गजलको महत्वपूर्ण शैली हो ।

गजलकार उदासीका जेजति गजलहरु छन् ती सबैमा नवीनता पाइन्छ । पाठक वर्गमा नवीनताको आभाष दिन सफल रहेको देखिन्छ । यस दृष्टिकोणले हेर्दा पनि उदासी सफल रहेको देखिन्छन् ।

### ४.१.२.४.४ प्रभाव वा असर

विशिष्ट प्रभावको चमत्कार नै गजलको मूल प्राप्ति हो । प्रभाव नै गजलको शेरमा हुने महत्वपूर्ण खुबी हो । यसको अभावमा गजलको पाठक वा स्रोतालाई आकर्षित गर्न सक्दैन । शेरले पाठकलाई पढिरहुँ, सुनिरहुँ जस्तो बनाउन सक्नुपर्दछ । कथ्यको सटीक, मार्मिक, प्रतिकात्मक अभिव्यक्तिद्वारा गजलमा प्रभावको सिर्जना हुन्छ । गजलकार उदासीका गजलहरुले पाठक-स्रोतालाई चुम्बकले फलामलाई तानेझैं आकर्षण गर्दछ । साहित्यिक खुराकका दृष्टिले उदासीका गजलहरु भावकका लागि दालभात र तरकारी होइनन् बरु मीठो अचार हुन्, चटनी हुन् । यसरी उनका गजलमा अति नै प्रभाव जमाउन सक्ने सामर्थ्य रहेको देखिन्छ ।

### ४.१.२.५ कथनपद्धति

कथनपद्धतिका दृष्टिले हेर्दा उदासीका गजलहरुमा तीनै किसिमका पुरुषहरुको प्रयोग गरिएको पाइन्छ । प्रथम पुरुष प्रधान गजलहरु धेरै लेखिएको पाइएतापनि द्वितीय र तृतीय

पुरुषप्रधान गजलहरु पनि कम भने अवश्य छैनन् । कतिपय गजलहरुमा प्रथम, द्वितीय, तृतीय पुरुषप्रधान कथनपद्धतिको मिश्रित रुप पनि अङ्गालिएको पाइन्छ ।

### ४.१.२.६ केन्द्रीय भाव

केन्द्रीय कथ्य भनेको समग्र गजलहरुको मूल निचोड हो । गजलकार उदासीका गजलहरुमा विद्रोही भाव, सर्वहारा वर्गको ज्वलन्त आवाज, नेपाली समाजमा रहेको चरम अन्याय, अत्याचार, थिचोमिचो, उत्पीडकले उत्पीडित माथि गरिने दुर्व्यवहार, सामन्ती वर्गको भण्डाफोर, चाकरी, चाप्लुसी प्रथाको नाङ्गोस्वरुप, नैतिक सन्देश, प्रकृतिप्रेम आदि उदासीका गजलहरुमा केन्द्रीय कथ्य हुन् । प्रस्तुत विषयहरुकै केन्द्रीयतामा रहेर उदासीले आफ्नो सिर्जनामा प्रगतिशील स्तर घन्काउँदै अगाडि बढेको पाइन्छ । यसका साथै क्रान्तिकारिता, युगवोध, युद्धको विरोध, जनआक्रोश र करुणरसप्रधान गजलहरुप्रतिको आकर्षण उदासीका गजलको केन्द्रीय कथन हो । केन्द्रीय कथनका दृष्टिले हेर्दा उनका गजलहरुले प्राय : नेपाली समाजको गतिलो चित्रण गरेका छन् । जुन चित्रण आफ्नो अनुहार ऐनमा हेरेझैं हुन्छ । उनका गजल पढ्नु नै नेपाली यथार्थ जीवन भोगाई बोध गर्नु हो ।

### ४.१.२.७ निष्कर्ष

गजलकार उदासीका 'वर्तमान बाँच्न खोज्दा' र 'परिवेशका धुनहरु' शीर्षकका दुई गजल सङ्ग्रहहरुमा गरी जम्माजम्मी ५८ वटा गजलहरु सङ्ग्रहित छन् । यी गजलहरु स्वनिर्मित बहर (छन्द) मा रचिएका छन् । यी गजलहरु स्वभाविक रुपमा सरल, नवीन र संक्षिप्त छन् ; जुन कुराले गजलमा सौन्दर्य तथा भावगाम्भीर्य थपेका छन् । सरल, सहज र सर्वसंवेद्य भाषा र प्रत्येक शेरहरुमा पूर्ण भाव दिने शैलीमा लेखिएका यी गजल विषयवस्तु अनुकूल र भावको प्रतिनिधित्व गर्ने खलाका छन् । गजलकार उदासीले पदावलीयुक्त र वाक्यात्मक गरी दुई किसिमका शीर्षक चयन गरेका देखिन्छन् । अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध ज्वलन्त आवाज, प्रकृतिप्रेम, सामाजिक विकृति र विसङ्गतिलाई औंल्याउँदै कर्तव्यपरायणको ख्याल गरी

अगाडि बढ्नुपर्दछ भन्दै परिवर्तनका लागि निम्नवर्गीय र निम्नमध्यम वर्गीय आमनागरिक एकजुट भएर क्रान्तिमा लाग्नुपर्दछ । एकतामा ठूलो बल छ भन्ने चेतना फैलाउने मुख्य उद्देश्य देखिन्छ । समाजका विविध सरलता, जटिलता, हाँसो, रुवाई, सुख, दुःख, कर्तव्यमुख कुराहरुमा उनका गजलहरु सार्थक देखिन्छन् । गजलकार उदासीका यी दुई गजल कृतिहरुले नेपाली साहित्यमा एउटा नयाा उर्जा थप गरेका छन् जसले गजल विपरित लिङ्गका बीचको प्रेम आकर्षण प्रेमभाव मात्र हो भन्ने व्याख्यालाई नराम्रोसँग पराजय गर्न सफल रहेका देखिन्छन् ।

## ४.१.३ टीकाराम उदासीको "अनुभूतिका बाछिटाहरु" हाइकू सङ्ग्रहको अध्ययन

'अनुभूतिका बाछिटाहरु' हाइकू सङ्ग्रह नै उनको एउटा मात्र हाइकू सङ्ग्रह हो । 'अनुभूतिका बाछिटाहरु' हाइकू सङ्ग्रहको पूर्ण प्रकाशन आदिवासी मउच त्रैमासिक ( कार्तिक-पुष) वि.सं. २०५९ वर्ष ४ पूर्णाङ्क ४, दाङ, घोराहीले प्रकाशित गरिदिएर स्रष्टाको ठूलै सम्मान गरेको देखिन्छ । उनको यो हाइकू सङ्ग्रहमा १०० वटा हाइकूहरु सङ्ग्रहित रहेका छन् । हाइकूकार उदासीमा नेपाली हाइकूका प्रथम प्रयोक्ता शङ्कर लामिछानेको धेरैथोरै प्रभाव अवश्य परेको देखिन्छ । वर्तमान नेपाली साहित्यको फाँटमा हाइकू विधाले टुसा उमार्न थालेकै बेलामा उदासी हाइकूका सफल प्रयोगकर्ताका रुपमा देखा परेका छन् । हुनत हाइकू पनि कविताको एउटा रुप हो । कविताको तत्वको बारेमा अगाडि नै वर्णन गरिएको छ तापनि यहाँ उनको हाइकू सङ्ग्रहमा सङ्ग्रहित हाइकूको हाइकू तत्वको आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

(१) विषयवस्तु

(२) संरचना विधान

(३) लय विधान

(४) भाषाशैली

(५) कथनपद्धति

(६) केन्द्रीय भाव

(७) निष्कर्ष

### ४.१.३.१ विषयवस्तु

हाइकूको उद्गमस्थल नै विषयवस्तु हो । विषयवस्तुबिना हाइकू निर्माण गर्न सकिंदैन । जुनसुकै विषयमा लेखिएका हाइकूहरु पनि कविताभैं व्यक्तिपिच्छे फरक फरक हुन्छन् । सर्जकले आफ्ना अनुभूति र कल्पनाले रङ्गाएर कलात्मक रुप भर्ने काम गर्दछन् ।

हाइकूकार उदासीका हाइकू सङ्कलित 'अनुभूतिका बाछिटाहरु' मा अति नै मार्मिक विषयवस्तका नमुनाहरु प्रस्तुत गरेको पाइन्छ । यो हाइकू सङ्ग्रह फुटकर हाइकूहरुको सँगालो भएको हुँदा यसमा समाजमा विभिन्न विषयवस्तुको संयोजन पाइनु स्वभाविकै हो । उनको यस हाइकूसङ्ग्रहमा नेपाली समाजमा रहेका विभिन्न विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएको पाइन्छ । टाढाको गाउँ देशको बजेटमा बाभ्को जमिन बनाएको जस्ता कुराहरु उनका हाइकूहरुमा भेटिन्छन् । नेपाली समाजमा भए गरेका कार्य, निम्न वर्गले भोग्नुपरेका पीडा, नेपाली समाजमा रहेका अन्याय, अत्याचार आदिको यथार्थ चित्रण गरी लेखेका छन् । उनले यथार्थ जीवनको कलात्मक चित्रण गरी लेखेका छन् । उनले यथार्थ जीवनको कलात्मक रुप प्रदान गरेको देखिन्छ । हाइकूको विषयवस्तु छनौटको दृष्टिकोणले उदासी सफल र सचेत रहेको देखिन्छ । साहित्य जीवनजगतका बहुआयामिक अनुभव र अनुभूतिको चित्रण गर्ने रचना विशेष हो भन्ने कुरालाई आत्मसात् हाइकू रचनाको विषयवस्तु छनौट गरेको पाइन्छ ।

### ४.१.३.२ संरचना विधान

संरचनाका दृष्टिले हेर्दा हाइकूकार उदासीका समग्र हाइकूहरुमा पूर्णरुपले हाइकूको सुत्र पालन गरेको पाइन्छ । प्रत्येक हाइकू सत्र अक्षरका छन् । हाइकूको नियम अनुसार ५-७-५ को एउटा स्वतन्त्र एकाई हाइकू मानिने भएकोले उदासीका हाइकूमा पनि यस्तै संरचनामा पाउन सकिन्छ । उदाहरणस्वरुप एउटा हाइकू हेरौं :

नयाँ बजेट
अर्थमन्त्रीको कोठा
चर्पीको गन्ध [२८]

योबाट के स्पष्ट हुन्छ भने हाइकू संरचना सुत्रात्मक कथनपद्धति अङ्गालिएको छ । जसले गर्दा हाइकूको शिल्प र शैली एवम् अभिव्यक्तिकला सङ्क्षिप्त हुनुपर्दछ भन्ने हाइकूको मान्यतालाई हाइकूकारले आत्मसात् गरेको देखिन्छ ।

२८. टीकाराम उदासी, अनुभूतिका बाछिटाहरु हाइकू सङ्ग्रह, आदिवासी मञ्च, वि.सं. २०५९, कार्तिक पुष, पृ. १९ ।

### ४.१.३.३ लय विधान

लय हाइकूको अनिवार्य तत्व हो । लय विनाको हाइकूको कल्पना समेत गर्न सकिंदैन । लयले नै पाठकवर्गलाई नयाँ प्रकारको रसास्वादनको अनुभूति गराउँछ ।

पद्य र गद्य गरी लय दुईप्रकार हुन्छन् । हाइकू पद्य लयमा नभई गद्य लयमा रचिने विधा हो । यसमा छन्दको प्रयोग हुँदैन । हुनतः हाइकूमा सुत्रवद्ध रचना विधा मानिन्छ र हो पनि । यति हुँदाहुँदै पनि गद्य लयमा लेखिने विधा भएकोले यसबाट गद्यलयको रसस्वादन गर्न सकिन्छ ।

यसरी लय विधानका दृष्टिले हेर्दा उदासीका हाइकूहरुमा गद्य लयको सुवास पाइन्छ । हाइकू सुत्रात्मक रुपमा उचित शब्द चयन गरी हाइकूकार उदासीले आफ्नो साहित्यिक यात्राको निरन्तरतालाई कायम राख्दै आएका छन् । तसर्थ लय विधानको दृष्टिले उदासी सफल नै रहेको पाइन्छ । उदाहरणस्वरुप उनको एउटा हाइकू हेरौ :-

हातमा घडी १३
समय गतिशील
जीवन उस्तै [२९]

यसरी हाइकूकार उदासीले आफ्ना हाइकूहरुमा सुत्रात्मक गद्य लयमा हाइकू रचना गरेका छन् । यो माथिको नमुनाबाट के स्पष्ट हुन्छ भने उदासी हाइकूमा चमत्कारपूर्ण गद्य लयको प्रयोग भएको कुरा पुष्टि हुन्छ ।

---

२९. ऐजन्, पृ. १८ ।

### ४.१.३.४ भाषाशैली

भाषाशैलीको दृष्टिले हेर्दा उदासीका हाइकूहरुमा तत्सम प्रधान शब्द र पदावलीको जटिल प्रयोग कमै मात्रामा भएको पाइन्छ । हाइकूमा विचलनको सिर्जना छ । बिना विचलनको प्रयोग कहीँकतै पाउन सकिंदैन । यसरी हेर्दा उनले हाइकूहरुमा आलङ्कारिक पदक्रमको प्रयोग गरेको देखिन्छ । उदाहरणको लागि एउटा हाइकू हेरौं :-

गरीब मान्छे
पैसाको दुनियाँमा '८०'
जिउँदो लाश [३०]

यसरी हाइकूहरुमा व्याकरणिक पदक्रम बिगारेर प्रयोग गर्दा भाषा बिग्रेको छैन, बरु अझ चमत्कारपूर्ण भएको छ । आलङ्कारिक पदक्रमको शैलीको प्रयोग गरी भाषाशैली ज्यादै आकर्षक र रोचक बनाई प्रस्तुत गरेका छन् । हाइकूमा प्रयोग भएका शब्द भावको दृष्टिले निकै बलिया पनि छन् ।

### ४.१.३.५ कथनपद्धति

कथनपद्धतिका दृष्टिले हेर्दा उदासीका हाइकूहरुमा तृतीय पुरुषप्रधान कथनपद्धति अङ्गालिएको पाइन्छ ।

---

३०. ऐजन्, पृ. १९ ।

### ४.१.३.६ केन्द्रीय भाव

केन्द्रीय भाव भनेको समग्र हाइकूहरुको मूल निचोड हो । हाइकूकार उदासीका हाइकूहरुमा उच्च प्रगतिशील भावना, नेपाली समाज जीवन भोगाई, नेपाली समाजको समकालिन अवस्थामा भएको विकृति र विसङ्गतिको यथार्थ चित्रण उदासीका हाइकूहरुको केन्द्रीय भाव हुन् । प्रस्तुत विषयहरुकै केन्द्रीयतामा रहेर उदासीले आफ्नो सिर्जनालाई अगाडि बढाइएको पाइन्छ । यसका साथै परिवर्तनको चाहना, विकृति, विसङ्गतिको तिखो व्यङ्ग्य प्रहार र जोशपूर्ण भावव्यक्ति नै उदासीका हाइकूको केन्द्रीय कथन हो । केन्द्रीय कथनका दृष्टिले हेर्दा उनका हाइकूहरुले प्राय नेपाली समाजको यथार्थ चित्रण गरेको पाइन्छ, जुन गतिलो चित्रण पनि हो ।

### ४.१.३.६ निष्कर्ष

हाइकूकार उदासीको 'अनुभूतिका बछिटाहरु' हाइकू सङ्ग्रहमा जम्मा १०० वटा हाइकूहरु सङ्ग्रहित छन् । यी हाइकू गद्यशैलीको चमत्कारपूर्ण रचना हुन् । सुत्रात्मक शैलीमा लेखिएका यी हाइकू अति नै भावपूर्ण छन् । नेपाली समाजमा रहेको समकालिन विकृति तथा विसङ्गतिलाई ध्यान दृष्टिले केलाउँदै समानतामुलक समाजको निर्माण गर्ने परिकल्पना गर्दै नागरिकहरुलाई सचेत गराउने मुख्य उद्देश्य देखिन्छ । विविध विषयवस्तुको संयोजन गरी लेखिएका उनका हाइकूहरु सार्थक देखिन्छन् । हाइकूकार उदासीको यो हाइकू सङ्ग्रहले नेपाली हाइकू जगतमा नयाँ पाना थप मात्र नगरी नेपाली हाइकू पारखी नेपालीहरुलाई ऋणी बनाउन समेत सफल भएका छन् ।

## ४.१.४ टीकाराम उदासीका कवितात्मक प्रवृत्तिहरु

कुनै पनि स्रष्टाको प्रवृत्ति भन्नाले उसभित्रको  सिर्जनशीलता सिर्जना गर्ने शैली शिल्प तथा उसले अङ्गालेका साहित्यिक विशेषताहरुलाई जनाउँछ । उदासीको सार्वजनिक प्रकाशन

'आन्तरिक व्यथा' नामक शीर्षकको कवितासँग आएको अन्याय, अत्याचार थिचोमिचोको साथै सामन्ती वर्गले गरीव वर्गमाथि गरेका दमनका विरुद्ध आवाजले भरिपूर्ण भावचेतना जुन वि.सं. २०४६ सालमा अङ्गालियो सोही प्रवृत्तिगत विशेषताको केन्द्रीयतामा रहेर उदासीले आफ्नो सिर्जनालाई निरन्तर रुपमा अगाडि बढाउँदै आएको पाइन्छ । प्रवृत्तिगत विशेषताको दृष्टिले हेर्दा यद्यपी विविध विषयलाई आफ्नो सिर्जनामा अङ्गालेका भएतापनि मूल रुपमा उच्च प्रगतिशीलको चेतना र आमपीडित नेपाली सर्वहारा वर्गको मुक्तिको चाहनाले समग्र कविताहरु ओतप्रोत भएको पाइन्छ । अध्ययन सरलताको लागि उदासीका सिर्जनागत प्रवृत्तिलाई निम्न प्रकारले वर्गीकरण गरी छुट्टाछुट्टै विश्लेषण गर्न सकिन्छ ।

### ४.१.४.१ प्रकृति चित्रण

प्रकृति नै मानिसको भगवान हो । मानिसलाई जन्मेदेखि नमर्दासम्म विहान उठेदेखि साँझा नसुतेसम्म प्रत्येक कामका लागि निर्देशन दिने काम प्रकृतिले गर्दछ । तसर्थ प्रकृति नै मानिसको गुरु वा भगवान हो भन्ने मान्यतालाई आत्मसात् गरी उदासीले आफ्ना कविता रचना गरेका छन् । प्रकृति यति महान छ, जो सारा सृष्टिका सिर्जनाहरुको अजन्य स्रोत हो । इतिहास, भूगोल, खगोल, विज्ञान आदि सम्पूर्ण विषयवस्तुको रहस्य प्रकृति भित्र लुकेको छ । अनुसन्धानका कामहरु भएका छन् । ती सबै कामहरुको मूलस्रोत नै प्रकृति हो । आजको विज्ञान र प्रविधिले जति नयाँ खोज र अनुसन्धानका कामहरु गरेपनि ती सबै प्रकृतिकै आधारमा गरिएका छन् । तसर्थ यस पृथ्वीमा प्रकृतिभन्दा महान अन्य केही छैन भन्ने विचारलाई आत्मसात गरी कवि उदासीले आफ्ना कविताहरुमा प्रकृतिको विशिष्ट स्थान दिएका छन् । यस क्रममा उनी खोला वगर स्थान आदिलाई संबोधन गर्न पुग्दछन् ।

### ४.१.४.२ स्वदेश प्रेम

स्वदेशको कुरा नगर्ने र स्वदेशप्रति प्रेम नगर्ने मानिस कोही हुँदैन तर भावनात्मक प्रेम, कर्मको प्रेममा भने धेरै फरक पर्छ । आज जीवन निर्वाहका निमित्त पलायन हुने प्रवृत्ति बढ्दै

गएको छ । विदेशमा बसेर स्वदेशको प्रेम यदि गरिन्छ भने त्यसको कुनै औचित्य हुँदैन । स्वदेशमा बसी स्वदेशको सेवा गर्नु उच्च देशभक्तिको भावना हो । कवि उदासीले स्वदेशमा बसी स्वदेशमा रहेका काला कानुन र काला जालहरु हटाएर स्वच्छ र समुन्नत नेपालको निर्माण गर्न स्वदेशमा रही स्वदेशका दलालहरु समाप्त गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । अरु देशको दाँजोमा नेपाललाई अगाडि बढाउन जोश जाँगरको साथ देश विकासमा अगाडि बढ्नुपर्ने सन्देश उनका कवितामा पाइन्छ ।

### ४.१.४.३ सामाजिक एवम् राजनैतिक विकृति र विसङ्गतिको विरोध

आजको समाज विकृति र विसङ्गतिले ग्रसित छ । जसअन्तर्गत सामाजिक र राजनैतिक दुबै प्रकारका विकृति र विसङ्गतिहरु देखिन्छन् । धनप्रतिको आशक्ति, मानवताको तिरस्कार, गरीबप्रतिको उपेक्षाको भाव, स्वार्थ, नगर सभ्यताको मोह लैङ्गिक असमानता आदि आजका सामाजिक विकृति र विसङ्गतिहरु हुन् भने दलगत स्वार्थ, अहमको भावना, स्वार्थ प्रवृत्ति आदि राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरु हुन् । यिनै सामाजिक समस्याप्रति व्यङ्ग्य र विरोध गर्दै 'तिन टुक्रा' कवितामा भनेका छन् ।

बगलीमा छुरी राखेर
रामराम जप्ने ढोगीहरु जस्तो
मानौं आजको नेता
मौसम हेरि रङ्ग बदल्ने छेपारो जस्तो [३१]

### ४.१.४.४ क्रान्तिकारी भावना

क्रान्ति भनेको मानिसमा जब अन्याय, अत्याचार, थिचोमिचो र दमन हुन्छ त्यसबाट

---

३१. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. ३१ ।

उत्पन्न हुने शक्ति हो । जब एउटा देभभक्त स्वाभिमान मानवको अगाडि अत्याचार भइरहेको हुन्छ, उसले त्यो सहन गर्न सक्दैन उसले एउटा क्रान्तिको आवश्यकता देख्छ । नेपाली समाज मत्यन्याय प्रणालीले हुनसम्म अत्याचार गरिरहेको विषय परिस्थितिले बेलाबेलामा क्रान्ति हुने गरेको छ । समाजमा रहेका कसिङ्गररुपी सामन्ती अवशेषको अन्तको निर्मित रहेको कसिङ्गररुपी सामन्ती अवशेषको अन्तको निर्मित कविहरुले पनि कलमरुपी क्रान्ति गर्दछन् । कवि उदासीले पनि कलमको माध्यमबाट क्रान्ति गरेका छन् । जसरी नेपाली साहित्यको क्षेत्रमा गोपालप्रसाद रिमालले गरे । उदासीको क्रान्ति नै साहित्यको भावभूमि हो । उनका अधिकांश कविताहरुमा क्रान्तिको भावना बेरिएका छन् । त्यसैले 'तिम्रो र मेरो अन्तराल' शीर्षकको कवितामा आफूमा रहेको तीव्र क्रान्ति चेतनाका रहर व्यक्त गरेका छन् । जस्तै :

मसँग एक रात सुत्ने छाप्रो छैन
लाज बचाउने पातलो एकसरो कपडा छैन
भनौं मेरो जीवन अशक्त छ, नाङ्गो छ
रित्तो छ, नितान्त दयनीय त्यतिबेला
फागत यस क्षणमा मसित
तिम्रो होस्टेमा हेरौ थप्ने साहसहरु छन्
तिम्रा बिद्रोही शब्दमा
आक्रोशका भावनाहरु झनै तीव्र रहरहरु छन् ।[३२]

यस्तै जोशिलो क्रान्ति चेतनाले भरिपूर्ण उनको त्यो मान्छे शीर्षकको सानो अंश अर्को उदाहरणको रुपमा हेरौं :

सिर्फ यहाँ एउटा आँधी चल्न बाँकी छ ।
तुफान आउन बाँकी छ ।[३३]

---

३२. ऐजन्, पृ. ७ ।

३३. ऐजन्, पृ. २७ ।

### ४.१.४.५ व्यञ्जनात्मक चेतना

कविताको मूल उद्देश्य नै व्यञ्जनात्मक प्रस्तुती हो । जुन कविता अभिधार्य प्रधान हुन्छ, त्यो कविता वास्तविक कविता नभएको देखिन्छ । व्यञ्जनात्मक चेतना सशक्त भएका कविता सजीव हुन्छन् भने व्यञ्जनात्मक चेतना नभएका कविता निर्जीव हुन्छ । कवि उदासीका समग्र कविताहरुमा व्यञ्जनात्मक चेतनाको सशक्त प्रस्तुति पाउन सकिन्छ । उदासी व्यञ्जनात्मक चेतना विकसित भइसकेका कवि हुन् । उदाहरणको निमित्त 'आगोको यात्रा' कविताको कवितांश हेरौं :

हिड्नेहरु
छेपारो जुलुसमा पनि हिडिरहेका छन्
हाँस्नेहरु
मुर्कुटा खुशीमा पनि हाँसिरहेछन् । [३४]

प्रस्तुत कवितांशमा कविले आजको मानव जातिले जनताको जुलुश र आफ्नो खुशी चिन्न नसकेको भाव व्यञ्जनात्मक रुपमा प्रस्तुत गरेका छन् । जसरी एउटा बोका बली दिने बेलासम्म पनि रमाइरहेको हुन्छ, त्यसरी नेपाली जनताहरु पनि हाँसिरहेको भाव व्यक्त गरेको पाइन्छ ।

### ४.१.४.६ मानवतावादी भावना

मानवतावाद भनेको मानिसलाई मानिसले मानिसको रुपमा व्यवहार गर्न मानवतावादी चिन्तन प्रस्तुत गर्ने दृष्टिकोण हो । आजको मानिस दिन-प्रतिदिन स्वार्थी र व्यभिचारी भएको छ । आजको घायल विश्वलाई नक्कली नयाँ कविको काम नगरी अलिकति मानवताको मलम

---

३४. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु, वि.सं. २०५९, पृ. ९ ।

लगाउनुपर्ने सन्देश कवि उदासीले कवितामा व्यक्त गरेको देखिन्छ । मानवता कुल्चिदै स्वार्थपूर्ति गर्ने सामन्ती संस्कारका हिस्सेदार हिमायतीहरुको खेद खन्ने काम कवि उदासीका कवितामा भेटिन्छ । यस्तै मानवतावादी भावनाले ओतप्रोत भएका एउटा कविता 'आफ्नै चिहान खत्र आतु साढेहरु' शीर्षकको केही कवितांश उदाहरणको लागि प्रस्तुत गरिएको छ । जस्तै :

कसैको अस्मिता नै दबाउन खोजिरहेका छन् ।
कसैको अस्तित्व नै कुल्चन थालिरहेका छन् ।
काला अनुहारका बलत्कारी साँढेहरु
अबोध चेलीहरुको कल्कलाउँदो वैश लुटेर
निरर्थक समवेदनका कविता लेख्न बसेका छन् । [३५]

## ४.१.४.७ निराशावादी स्वर

मान्छेले जे चाहन्छ त्यो कहिल्यै हुन सक्दैन । उसको चाहना विपरित नै जीवन बितिरहेको हुन्छ । समय र परिस्थितिले मान्छेलाई दास बनाइरहेको हुन्छ । त्यही क्रममा उसको आशावादी भावनामा विकृति निराशा बन्न पुगेको पाइन्छ । जीवन भोगाईले पनि स्रष्टालाई अछुतो राख्न सक्दैन । ऊ पनि समाजको एउटा प्राणी हो, जसको नाताले पनि भोग्न वाध्य बनाएको छ । बढी आशावादी भएतापनि कतिपय कवितामा उदासीको निराशावादी स्वर पाइन्छ । यस्तै निराशावादी स्वर रहेको एउटा कविता 'उसको आत्मविश्वास' शीर्षक कविताको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

आफ्नो चेतनाहीन व्यथित जीवन लिएर
आफ्नो उद्देश्यहीन रित्तो जीवन लिएर
आँधी झै भौतारिदै रह्यो कता कता ऊ
पागल झै बरालिदै रह्यो कताकता ऊ ।[३६]

---

३५. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. ११ ।

३६. ऐजन, पृ. ५ ।

### ४.१.४.८ विद्रोही भावना

स्रष्टा समाजमा जन्मन्छ, हुर्कन्छ र यही अन्त्य हुन्छ । समाजका हरेक क्रियाकलाप र वातावरणले साहित्यलाई प्रभाव पारेको हुन्छ । नेपालमा भएको पुरातन परम्परागत रुपमा विकसित हुँदै आएको शोषण, अन्याय, अत्याचारको विरुद्ध आवाज उठाएको भावचेतना कवि उदासीका कवितामा भेट्न सकिन्छ । जहाँ दमन हुन्छ, त्यहाँ बिस्फोट हुन्छ भन्ने विचारले गर्दा कवि उदासीले अत्याचारी, शोषक सामन्तहरुको विरुद्ध विद्रोही भावना व्यक्त गरेका छन् । यस्तै विद्रोही भावनाले रङ्गिएको 'आफ्नै चिहान खत्र आतुर साढेहरु' शीर्षकको कविताको अंश यहाँ प्रस्तुत गरिएको छ ।

आफ्नै मृत्युको प्रस्तावमा हस्ताक्षर गरिरहेका छन् ।
आफ्नै पतको दृश्य हेर्ने उत्सुकता लिएर
शायद अचेल साँढेहरु
त्यो दिनको प्रतीक्षामा बसिरहेका छन् ।
आफ्नै चिहान खत्र आतुर छन् ।[३७]

### ४.१.४.९ पीडा बोधको भावना

मानिसलाई जब समस्याले आक्रान्त बनाउँछ अनि पीडा बोध हुन्छ । जीवनमा विभिन्न प्रकारका समस्या आउँछन् । कुनै व्यक्तिगत हुन्छन् त केही सामुहिक हुन्छन् । साहित्यकारहलाई व्यक्तिगत भन्दा सामाजिक समस्या झन् छिटो हृदय हुन्छ र केही कोर्न बाध्य बनाउँछ । नेपालमा विगतदेखि रहेको अन्याय, अत्याचार, असमानता जस्ता समस्याले उदासी पनि पिडित भएका छन् । उनी व्यक्ति मात्र नभई आकाश, धर्ती जस्ता प्राकृतिक वस्तु समेत रोएको देख्छन् । उदाहरणको रुपमा 'पीडा' कविताको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

---

३७. ऐजन्, पृ. ११ ।

फेरि एकपटक
आकाश रोयो
धर्ती रोयो
र रोए जुनसँगै  आकाशमा
धुरुधुरु एक हूल ताराहरु
र रोए जुनसँगै धर्तीमा
धुरुधुरु एक हूल जुनकिरीहरु [३८]

### ४.१.४.१० भविष्यप्रति आशावादी

हामी भविष्यकै निमित्त बाँचेका हुन्छौं र काम गरिरहेका हुन्छौ । जेजति मेहेनत गरिन्छ गरिन्छ त्यो भविष्यमा केही राहत होला भनेर नै गरिन्छ । हाम्रो भविष्य अज्ञात छ तर सकारात्मक सोचका साथ हामी हाम्रो भविष्य प्रति उत्सुक रहन्छौ । त्यसैले हामीलाई राम्रो वा नराम्रो बनाउने अरु कोही होइन स्वयम् हामी नै हो । तसर्थ हामी सुन्दर भविष्यप्रति निरन्तर लागिरहनुपर्दछ भन्ने आशावादी सोच विचार भएका कविताहरु कवि उदासीका छन् । संघर्ष गर्नुपर्दछ जीवन नै संघर्षमय छ, संघर्षको फल सफल र मीठो हुन्छ भन्ने भावनाले ओतप्रोत कवि उदासीमा भविष्यमा सुनौलो विहानी आउँछ । नेपाली जनताको राज हुन्छ, यहाँ अन्याय र अत्याचार सहेर बस्नुपर्ने छैन भन्ने विचार भेटिन्छ । 'लिएर आऊ' शीर्षक कविताको निम्नलिखित कवितांशलाई उदाहरणको रुपमा लिन सकिन्छ । जस्तै :

---

३८. टीकाराम उदासी र अन्य, मौसमका हरफहरु कविता सङ्ग्रह, वि.सं. २०५९, पृ. १० ।

अचेतन हजारौ मनहरुमा
चेतनाको ज्योति बल्दै जानेछन् ।
उदास उदास अनुहारहरुमा
खुशीको मोतीहरु टल्कदैं जानेछन् ।
आऊ,
सबैको बाँच्न पाएको
सबैले हाँस्न पाएको
एउटा सुनौलो सन्देश लिएर आऊ ।[३९]

### ४.१.४.११ बिम्ब र प्रतीकको प्रयोग

साहित्यमा निर्जिवलाई जीवन्तता प्रदान गर्न रुपमा तथा उपमाको प्रस्तुतिका निमित्त, अव्यक्त भावलाई व्यक्त गर्न कुनै भाव वा विचारको प्रतिनिधिको रुपमा उभ्याएर आफ्ना अनुभूतिहरुलाई पाठक समक्ष पुऱ्याउन विम्ब तथा प्रतीकको प्रयोग गरिन्छ ।[४०] विम्ब र प्रतीकको प्रयोग गद्य कविको धर्म पनि हो । प्रतीकको प्रयोगले थोरैमा धेरै भन्न सकिन्छ भने बिम्वको प्रयोगले कवितालाई अमूर्तता भित्रै पनि सफलतापूर्वक आफ्ना अनुभूतिहरु संवाहन गर्न सहयोग पुऱ्याउँछ । कवि उदासीका कविताहरु पनि विम्व र प्रतीकको प्रयोगले जेलिएका छन् । उनले बिम्बको प्रयोग गरी कवितामा एकप्रकारको अनौठो तर रम्य मजा उपस्थित गराएका छन् । कवि उदासी बिम्बको प्रयोगद्वारा समाजमा देखिने अन्याय, अत्याचार, कुरीति, कुप्रवृत्ति, विसङ्गति, विकृति, वेथितिलाई बिना आक्रोश, बिना विद्रोह संयम शिष्ट मर्यादित र विनम्रतापूर्वक पाठक सामू उपस्थित गराउन सफल भएका छन् । उदाहरणको रुपमा 'ब्युझिसकेका कुम्भकर्णहरु' कविताको केही कवितांश यहाँ प्रस्तुत गरिएको छ । जस्तै :

---

३९. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. ३६ ।

४०. आचार्य, कृष्णप्रसाद, आधुनिक खण्डकाव्य र महाकाव्य सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण, वि.सं. २०६४, पृ. ५१० ।

यहाँ आकृति लिएर मान्छेको

- दानव जन्मेका छन् ।
- विराला जन्मेका छन् ।
- जूका र लामखुट्टे जन्मेका छन् ।

र निर्दोष मान्छेहरुलाई यहाँ-

- भिङ्गा भैं ठूलो किनारामा हत्या गरेका छन्
- मुसोभैं दूलो किनारामा हत्या गरेका छन्
- बाँच्ने आधार चुसी दिएका छन् ।
- जीउँदै पनि चिहानमा पुरिदिएका छन् ।[४१]

## ४.१.५ टीकाराम उदासीका गजलकीय प्रवृतिहरु

नेपाली कविता क्षेत्रमा भैं गजलको क्षेत्रमा पनि उनको आफ्नै प्रवृत्ति देखा परेको पाइन्छ । नेपाली गजलको ऐतिहासिक अध्ययन गर्दा नेपाली गजल मोतीरामकालीन र समकालीन गरी दुई भागमा विभाजन गर्न सकिन्छ । वि.सं. २०३५ सालदेखि देखापरेको समकालिन गजल क्षेत्रमा स्रष्टाहरु मध्येका एउटा प्रतिभाशाली स्रष्टाको रुपमा उदासीलाई लिन सकिन्छ । गजलका क्षेत्रमा उनको सार्वजनिक प्रकाशन वि.सं. २०४९ सालमा स्याङ्जाबाट प्रकाशित हुने 'विचार' साप्ताहिकबाट भएको पाइन्छ । त्यसैबेलाको गजलदेखि नै उनको व्यङ्ग्यचेतना, क्रान्तिकारी भावचेतनाका साथै शैलीगत नवीनता जस्ता प्रवृत्तिहरुलाई आत्मसात् गर्दै त्यसपछिका गजलहरुमा पनि सोही किसिमका प्रवृत्तिहरु पाइन्छन् । प्रवृत्तिगत विशेषताको दृष्टिले हेर्दा यद्यपी विविध विषयलाई आफ्नो सिर्जनामा अङ्गालेका भएतापनि मूलरुपमा प्रगतिवादी विचार र समाजमा रहेको अन्याय, अत्याचार थिचोमिचो अनि शोषणका विरुद्ध चर्को आवाजले उदासीका समग्र गजलहरु ओतप्रोत छन् । अध्ययन सरलताको लागि उदासीका गजलगत प्रवृत्तिलाई निम्नप्रकारले वर्गीकरण गरी छुट्टाछुट्टै विश्लेषण गर्दा हामीलाई अध्ययन गर्न सरल र सहज हुन्छ ।

४१. टीकाराम उदासी, अनुरोध कविता सङ्ग्रह, वि.सं. २०४८, पृ. २८ ।

### ४.१.५.१ प्रगतिशील चिन्तन

समाज विकासको कुनै चरणमा अग्रपङ्क्तिमा उभिएर समाजलाई नेतृत्व प्रदान गरी परिवर्तनको यात्रामा डोऱ्याउने शक्ति नै प्रगतिशील शक्ति हो । समाजमा देखिएका अराजकता, अन्या, शोषण, अव्यवस्था, अन्धविश्वास आडम्बर जस्ता विसङ्गतिहरुको विरोधमा आफ्नो कलम चलाउनु प्रगतिशीलहरुको दायित्व हो । प्रगतिशील स्वर आजको समकालीन गजलको एउटा महत्वपूर्ण स्वर हो, जसलाई गजलकार उदासीले आत्मसात् गरेको पाइन्छ । गजलकार उदासीले आफ्नो गजलहरुमा प्रगतिशील स्वरलाई अत्यन्त कलात्मक एवम् जीवन्त ढङ्गले प्रस्तुत गरेका छन् । समाज रहेका खराब प्रवृत्तिको अन्त्य गर्नुपर्ने धारणा राखेको पाइन्छ । उदासीले जिन्दगीमा उज्यालो हराउँदै गएको महसुस गरी जिन्दगीको लेखनमा केही आँट र शाहस हुनुपर्ने कुरा उल्लेख गर्दै साहित्यकारका प्रत्येक शब्द बमझैं शक्तिशाली हुनुपर्ने कुरा उल्लेख गरेका छन् । उदाहरणका रुपमा गजलकार उदासीको 'जिन्दगीजस्तै लेखनमा' भन्ने शीर्षकको केही अङ्ग हेरौं ।

जिन्दगीझैं लेखनमा दम हुनुपर्छ ।
प्रत्येक शब्द आजभोलि बम हुनुपर्छ ।[४२]

### ४.१.५.२ निराशावादी स्वर

समकालीन नेपाली गजल र गजलकार उदासीमा पनि प्रबल रुपमा देखा परेको एउटा प्रवृत्ति हो निराशावादी स्वर । युगीन विसङ्गति, विज्ञान र प्रविधिको विकाससँग देखिएको युद्धको विभिषिका, आणविक होडबाजी आफन्तको घात र पराई व्यवहार, अभाव र समस्याको भीड, अप्राप्ति, कुण्ठा, हताश एवम् जीवनयात्राको अन्त्य, व्यक्तिगत पीडा, छटपटी र गुनासाहरुको अभिव्यक्तिका रुपमा आएका गजलमा यो स्वर पाइन्छ । स्वभावतः मान्छेका इच्छा र आकाङ्क्षाहरु अनेकौं छन् तर पूरा हुँदैनन्, अभिलाषा र सङ्कल्पहरु धेरै छन् तर मूर्त हुन

---

४२. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ४० ।

पाउँदैनन् । परिणामस्वरुप आज मान्छेहरुमा निराशा छाएको छ । त्यसलाई अभिव्यक्ति दिने काम गजलकार उदासीले गरेका छन् । त्यसैले उदासीका गजलमा पीडाजन्य वैयक्तिक अनुभूति मात्र होइन, जीवनको मूल्यहीनता, पलायनवोध, कुण्ठा, निराश तथा मृत्युबोधका आवाजहरु पनि प्रकट भएका छन् । निराशाले गाँजेको बखत जीवन बाँच्नु र हाँस्नुको कुनै प्रयोजन नभई कुनै मरुभूमिमा रहेको बेलाको समयझै अनुभव उदासीले "सुन्दर वस्तीको पसल" शीर्षकको केही अंशमा गरेका छन् हेरौं ।

न फुल्नुको अर्थ, न त हाँस्नुको प्रयोजन
कुनै मरुभूमिको पल भएर बाँचेको छु [४३]

प्रवासबाट घर फर्कदा एक रात वास नपाएको र आजभोली गाउँपनि सहरजस्तै स्वार्थी बन्दै गएको देखि गजलकार उदासी "बाँच्नु पनि अचेल यहाँ" गजलमा यसरी आफ्नो भाव व्यक्त गरेका छन् ।

प्रवासबाट घर फर्कदा एक रात वास मिल्दैन
उदासीको गाउँ अचेल लाग्छ स्वार्थी सहरै भयो । [४४]

### ४.१.५.३ सहरी सभ्यताको वितृष्णा

सहरी सभ्यता भन्नु सहरमा बस्ने मान्छेहरुको समग्र जीवनशैली हो । विज्ञान र प्रविधिको अभूतपूर्व विकास र उन्नतिले वर्तमान विश्व समाज अत्यन्त साँघुरो बनेको छ । धेरै कठिन र असम्भव भनिएका कामहरु पनि आज सरल बनेका छन् भने कम्प्युटर र इन्टरनेटले धेरै कुरा सहज भएका छन् । यसका साथसाथै आजको मान्छे आफै होइन मेशिनद्वारा सञ्चालित

४३. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ४० ।

४४. ऐजन्, पृ. ३१ ।

देखिन्छ । मेशिनजस्तै व्यस्त दिनहरु व्यथित गरिरहेको छ । यी सबैको प्रभाव आज देशका सहरहरुमा परेको छ । यस बाहेक आज शहरमा धुँवा, भीड, प्रदुषण र कोलाहलजस्ता वातावरणीय विकृतिहरु मात्र होइन अपराध, छलकपट, ठगी, अविश्वास, आशङ्का, चोरी, हत्या बलात्कारजस्ता मानवीय विसङ्गति पनि प्रशस्तै देखिंदैछन् । उदासीका गजलमा सहरी स्वार्थी प्रवृत्ति र सम्वेदना शून्य यान्त्रिक मान्छेहरुप्रति आक्रोश एवम् वितृष्णाहरु प्रकट गरेको पाइन्छ ।

मान्छेहरु हिजाआज सबै चाहेर सहर पस्तैनन् र सहर बस्नेहरु सबै खुशी पनि हुँदैनन् । निर्दोष गाउँका अवोध अनुहारसँग बाँचेका मान्छे निश्चय नै सहरका स्वार्थी जमातको भीडमा हराउँदा पीडाले छट्पटिन्छन् । सहर भित्रेकोमो पश्चाताप गर्छन् अनि सहरप्रति वितृष्णा व्यक्त गर्दै प्यारो गाउँ सम्भन्छन् । यस्तै विषयवस्तु समावेश गरिएको गजलकार टीकाराम उदासीको "आफ्नै त्यो गाउँको घरमा" शीर्षकको गजलको केही गजलकीय अंश हेरौं :-

आफ्नै त्यो गाउँको घरमा बसेको भए हुन्थ्यो ।
स्वार्थीहरुको सहरमा नपसेको भए हुन्थ्यो ।[४५]

### ४.१.५.४ विकृति र विसङ्गतिको चित्रण

साहित्य शून्यमा लेखिने विषय होइन, यो मानव समाजको उपज हो । यसमा मानव समाजको यथार्थ वा मानवीय अनुभव, अनुभूति र विचारको कलात्मक अभिव्यक्ति हुन्छ । त्यसैले साहित्यमा समाजका विभिन्न सन्दर्भहरुको प्रभाव पर्नु स्वभाविकै हो । आजको मानव समाज विभिन्न विकृति र विसङ्गतिको कोलाज चित्र बनेको छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, नैतिक, लगायत समाजका सबै पक्षहरु आज विकृति मुक्त छैनन् । आजको विसङ्गत समाजभित्र बाँचेका मान्छेहरुको व्यवहार, सम्बन्ध चिन्तन र क्रियाकलाप सबैमा विसङ्गतिको प्रकटीकरण भएको छ । साहित्यको शुरुवात थारे बहुत रुपमा विविध विकृति र विसङ्गतिको चित्रण गर्ने परम्परा रहँदै आएको भएपनि समकालीन साहित्यमा बढी भएको

---

४२. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ३ ।

पाइन्छ । गजलकार उदासीका गजलहरुमा पनि युगीन विकृति र विसङ्गतिको अत्यन्त जीवन्त चित्रण भएको पाइन्छ ।

त्यसैले नै उदासीलाई आजको वर्तमान पनि अतीत जस्तै नुन नहालेको अलिनो तरकारी जस्तो छ । उनका सबै गजलहरु हेर्दा लाग्छ, नेपाली समाजको सिङ्गो संरचना तलदेखि माथिसम्म भित्रभित्रै खोक्रो भएर सडेको छ । कतै भ्रष्टाचार छ, कतै अनैतिकता व्यभिचार छ त कतै ढोग, नातावाद, कृपावादले जकर्डेको नेपाली समाजमा वकुला भगत तथाकथित समाजसेवी र राष्ट्रसेवकहरुको पूच्छर कन्याएर मुटु खाने व्याँसाजस्ता मात्र छन. । जीवनभर श्रम, पसिना र रगत चुहाउनेहरुको अनुहार ओइलाइरहकै छ । त्याग, तपस्या र धैर्यता राख्नेहरु त्यसरी नै बेहाल छन् तर आज पनि तिनै चाटुकारहरु रातारात मालामाल हुन्छन् । आफ्नो अस्तित्व र स्वाभिमान बेच्नेहरु एकाएक आकाश हुन्छन् : त्यसैले तथाकथित परिवर्तन पनि उदासीलाई पुरानै गीतको लय जस्तो छ । उदाहरणको लागि "प्रतिफल मनहरुमा" शीर्षकको गजलको केही गजलकीय अंश हेरौं :-

फेर्नुपर्ने देशको रुप यथावत छ अझै
गीत पुरानै, मात्र नयाँ लय छ यतिखेर [४६]

उदासीलाई आजको नेपाली समाजपनि राणाशासन जस्तै छलछाम र षड्यन्त्रका, स्वार्थलित्या रसतालित्सा आदि झै लाग्छ । वि.सं. २०४६ पछिको परिवर्तन नेपाली राजनीतिको सुन्दर चित्रण गर्दै त्यसको विरुद्ध संघर्षको खाँचो रहेको अनुभूति व्यक्त गर्दै उदासीले "अभाव र पीडाको" शीर्षक गजल लेखेका छन् । उदाहरण स्वरुप यस गजलका केही गजलकीय अंश हेरौं :-

छेपारोको पूजा हुन्छ, स्यालको अभिनन्दन
यथाक्रम परिवर्तनको आभाषा देखिएन [४७]

---

४६. ऐजन्, पृ. ६ ।

४७. ऐजन्, पृ. १० ।

### ४.१.५.५ व्यङ्ग्यचेतना

श्रव्य समाजको उपज हो । त्यसले समाजमा रहँदा विविध समस्याको सामना गरिरहेको हुन्छ । आफू बाँचेको युगको अव्यवस्था, मान्छेभित्रको अमानवीयता, संस्कृति भित्रको कुसंस्कृति, राजनीति भित्रको अराजकता प्रशासन भित्रको घुस, भ्रष्टाचार र चाकरी प्रवृत्ति, बढ्दो बेरोजगारी समस्या, धार्मिक आडम्बर र सामाजिक अन्धविश्वास एवम् अन्य सामाजिक विषयवसतुले एउटा साहित्यकारलाई व्यङ्ग्यको झटारो हार्न वाध्य पार्दछ । गजलकार उदासीलाई पनि युगको विसङ्गतिबाट ग्रस्त भए जस्तो लाग्छ । उनले मानवसम्बन्ध र व्यवहार अनेकौ स्वार्थ र कलुषित चिन्तनले समाज आक्रान्त भएको देख्छन् । समाज परिवर्तन भएको छ तर नाम मात्रको व्यवहार उस्तै छ भन्ने ठहर उदासीमा छ । वि.सं. २०४६ सालको परिवर्तनलाई के परिवर्तन भन्ने छेपारोले बाँदरसँग मित लगाएको जस्तो छ भन्दै उदासीले “खस्ने यहाँ आकाशबाट” शीर्षकको गजलमा यस्तै व्यङ्ग्य गरेका छन् । यही गजल शीर्षकका केही गजलकीय अंश यहाँ हेरौं :-

नभन आकाश फेरियो, धर्ती फेरियो नभन
छेपारोसँग बाँदरका यी मीत पुरानै लाग्छन् ।[४८]

### ४.१.५.६ नैतिक आदर्शप्रति जोड

नीति अनुसार चल्नु नैतिकता हो । मानिस नीतिवान् बन्दै गयो भने ऊ अझ राम्रो हुँदै जान्छ । तसर्थ साहित्यमा नीतिचेतनाप्रति चासो दिने साहित्यकारहरु पनि प्रशस्त भेटिन्छन् । गजलकार उदासीले पनि नैतिक आदेशप्रति जोड दिन चाहेका छन् । यद्यपि उनी नैतिक सन्देश दिने गजलकार नभई एउटा विद्रोही, समाज परिवर्तनको निम्ति कलम चलाउने क्रान्तिकारी गजलकार हुन् । तापनि गलत कर्म र बाटोमा लाग्नुहुँदैन भन्ने नीतिचेतना पनि उनका गजलमा

---

४८. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ३६ ।

प्रस्तुत भएको पाइन्छ । उदाहरणको लागि "उत्साहको गीत बन्नु" शीर्षकको गजलको केही अंश लिन सकिन्छ ।

उत्साहको गीत बन्नु जाँगरको खानी
मान्छेजस्तो मान्छे बन्नु मेरो बाबु नानी [४९]

### ४.१.५.७ नयाँ युगको खोजी

हामी सबै नयाँ वस्तुको प्राप्तिको चाहनामा हुन्छौ र काम पनि त्यही अनुरुप गरिरहेका छौं । हाम्रो भविष्य अनिश्चित र अज्ञात छ । तर सकारात्मक सोचका साथ हामी हाम्रो भविष्यप्रति उत्सुक रहन्छौ । हामीले भोगीरहेको चीज राम्रो र मीठो हुँदैन । नयाँ नयाँ कुराको खोजी गर्न र एउटा स्वच्छ सफा चिज प्राप्तिको लागि जोकोही लालायित हुन्छ । भोगी रहेको, युगले दिएको विविध पीडा र दुःखका कारण गजलकार उदासी एउटा नयाँ युगको खोजीमा छन् । नयाँ संस्कृतिको खोजीमा छन्, एउटा नयाँ विहानीको खोजीमा छन् । जहाँ समाजका यी सम्पुर्ण फोहोर कसरहरु जलाई सकिएर एउटा स्वच्छ वातावरणको सिर्जना भैसकेको होस् । त्यसैले गजलकार उदासी यतिबेला नयाँ युगलाई निमन्त्रणा गर्न पत्र पठाउने उपक्रममा भएको उनको "उज्यालो त्यो जिन्दगीको" शीर्षकको गजलको केही अंश उदाहरणको रुपमा हेरौं :-

उदाउँदो नयाँ युगलाई पत्र लेखेपछि
पठाउनलाई आजभोलि खान खोज्दैछु म । [५०]

---

४९. टीकाराम उदासी, परिवेशका धुनहरु गजल सङ्ग्रह, वि.सं. २०५६, पृ. ४१ ।
५०. ऐजन्, पृ. ४८ ।

यसरी गजलकार उदासीको प्रवृत्तिगत विशेषतालाई नियाल्दा माथि उल्लेखित बुँदाहरुको आधारमा उनका प्रवृत्तिगत विशेषताको मूल्याङ्कन गर्नु उपयुक्त देखिन्छ ।

## ४.२ टीकाराम उदासीको योगदान

### ४.२.१ नेपाली कविताको विकासक्रममा टीकाराम उदासीको स्थान

कविता विधा साहित्यको सबै विधाभन्दा जेठो विधा हो । लोक कविताको रुपमा जनजिब्रोमा आदिमकालदेखि प्रचलित भएतापनि नेपाली कविता लेखनको प्रारम्भ नेपाल एकीकरणको थालनी पछि मात्र भएको हो । यस कुराको हालसम्म प्राप्त भएका अनुसन्धनात्मक सामग्रीबाट पुष्टि भइसकेको छ । वि.सं. १९२६ तिरबाट नेपाली कविता लेखनको प्रारम्भ वीरधाराबाट भएको पाइन्छ । नेपाली कविताको पूर्वाद्ध (वि.सं. १८२६- १८७२) मा तत्कालिन राजा महाराजाहरुको गुणगान र जातीय वीरताको गायनलाई महत्व दिएको देखिन्छ । एकीकरण कार्यको निरन्तरता र सफलताको कारण यस समयमा नेपाली कविहरुले उत्साहित भई वीररसप्धान कविता लेखेको पाइन्छ ।

नेपाली र अङ्ग्रेजी बीचको युद्ध र नेपालीको पराजयका कारण वि.सं. १८७२ मा सुगौली सन्धी हुन्छ । जुन सन्धीले नेपाल अधिराज्यको संकुचित सीमाना निर्धारण गर्दछ । त्यसपछि वीर गाथाको गायनलाई थाती राखेर नेपाली कविहरु भावगत भक्तिमा लीन भएको देखिन्छ । अनि नेपाली कविता क्षेत्रमा भक्तिधाराको सुरुवात हुन्छ । यस समयमा कविहरु मौलिक रचना रच्नुभन्दा विभिन्न धार्मिक ग्रन्थहरुको अनुवादतर्फ लागेको देखिन्छ । भक्तिधारामा विभिन्न प्रतिभाहरुको आगमन हुन्छ । भक्तिधारामा पनि सगुण भक्तिधारा र निर्गुण भक्तिधारामा विभाजित भएको छ । सगुण भक्तिधारा रामभक्ति उपधारा र कृष्ण भक्ति उपधारामा विभाजित हुन्छ । यस समयका केन्द्रीय प्रतिभाका रुपमा रामभक्तिधाराका कवि आदिकवि भानुभक्त आचार्य स्थापित हुन्छन् । उनले नै नेपालीहरुलाई भाषिक एकीकरण गरी एउटै मालामा उन्ने सौभाग्य पाउँछन् । यो अवधि वि.सं. १९४० सम्म कायम रहन्छ ।

वि.सं. १९४१ मा मोतीराम भट्टको आगमन हुन्छ । त्यसपछि नेपाली कविताले कोल्टे फेर्ने मौका पाउँछ । भाषासेवा तथा साधकका रुपमा उनले श्रृङ्गारिक धारा भित्र्याउँछन् । नेपाली कविता क्षेत्रमा गजलको सुरुवात गर्दछन् । आफ्ना अग्रजहरुको सम्मान गर्ने परम्पराको सुरुवात र जीवनलेखन प्रारम्भ पनि मोतीराम भट्टबाट नै हुन्छ । शिष्ट श्रृङ्गारिक धाराबाट सुरु भएको यो धारा अश्लीलतातर्फ उन्मुख हुँदै चरमोत्कर्षमा प्राप्त गर्दछ । सुक्तिसिन्धुको प्रकाशनसँगै चरमचुलीमा पुगेर ओरालो झर्न थाल्दछ । सङ्गठित संस्थागत रुपमै कविता लेखनमा संलग्न भएतापनि यस समयको नेतृत्व मोतीरामले नै गर्दछन् । यसकालमा कविताको केही मौलिक चिन्तन तथा प्रकाशनमा जोड दिने जस्ता विशेषताहरु पाइन्छन् । जसले गर्दा छिटोछरितो रुपमा साहित्यरचना पाठकसामु आओस् भन्ने चाहना तत्कालिन स्रष्टाहरुमा रहेको देखिन्छ ।

वि.सं. १९७३ मा ५० श्लोकी ‘वर्षाविचार’ लिएर नयाँ नेतृत्व प्रदान गर्न कवि लेखनाथ पौड्याल देखापर्दछन् । वि.सं. १९७४ मा सुक्तिसिन्धुको प्रकाशनमा लागेको प्रतिबन्ध पश्चात वि.सं. १९७५ मा ऋतु विचारको प्रकाशन हुन्छ । यसैसाथ नेपाली कविताले आधुनिकतामा प्रवेश गर्दछ । लेखनाथ पौड्याल केन्द्रीय प्रतिभाका रुपमा स्थापित भई परिष्कारवादी धारालाई डोऱ्याउने कार्य गर्दछन् । यसै कालमा अरु प्रतिभा पनि उदाउँछन् । परिष्कारवादी धाराका कविताहरुमा नैतिक आदर्श, चेतना, सामाजिकता, आध्यात्मिकताको सन्देश दिन थाल्दछन् । कविताको क्षेत्रमा दार्शनिकताको सुरुवात पनि यही वि.सं. १९७५-१९९० सम्मकै अवधिमा हुन्छ । सौन्दर्यचेत र कलात्मक उचाईका दृष्टिले लेखनाथका कविता उत्कृष्ट देखिन्छन् । कविता विधाको आधुनिकताको प्रवेश गर्नु र खण्डकाव्य स्तरका मौलिक कृति जन्मनु यस समयका महत्वपूर्ण उपलब्धी हुन् ।

वि.सं. १९९१ मा शारदाको प्रकाशनसँगै नेपाली साहित्य आकाशमा चम्किला नक्षत्रका रुपमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको उदय हुन्छ । यिनै प्रतिभाहरुले स्वच्छन्दतावादको आगमन गराउने र साहित्यको श्रीबृद्धिमा समर्पित हुने कार्य गर्दछन् । स्वस्फूर्त प्राकृतशैली, सहज भावनाको अविरल प्रवाहका कारण आँशु लेखनमा धनी, प्रकृतिप्रेमी, मानवतावादी, राष्ट्रवादी कविका रुपमा महाकवि लक्ष्मीप्रसाद देवकोटा स्थापित हुन्छन् । सामाजिक विकृति र विसङ्गति प्रति व्यङ्ग्य गर्दै चेतनाको दियो बाल्ने प्रयास सिद्धिचरण श्रेष्ठले गर्दछन् । यसै कालमा गोपालप्रसाद रिमाल आफ्नै मौलिक गद्यशैली लिएर क्रान्तिकारी स्वर

सुसेल्न थाल्दछन् । जसको अनुशरण पछिसम्म देवकोटा जस्ता नेपाली साहित्यका मूर्धन्य प्रतिभाले समेत गर्न थाल्दछन् । स्वच्छन्दवादी धाराको काल (वि.सं. १९९१-२०१६) नेपाली साहित्यको इतिहासमा स्वर्णाक्षरले लेखिने काल हो । यसै समयमा समले नेपाली कविता क्षेत्रमा वैज्ञानिकता भित्र्याउँछन् । भावनाको कलात्मक उच्चता साथै समाज परिवर्तनका स्वरहरु सुसेल्दै नेपाली साहित्यको भण्डार भनै कार्य गर्दछन् । यस समयका प्रतिभाहरुले खण्डकाव्य क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । देवकोटा, सम, सोमनाथ र लेखनाथ जस्ता होनहार प्रतिभाले नेपाली महाकाव्यको भण्डार भर्ने कार्य गरेका छन् । अर्को उल्लेखनीय प्रतिभा भिमनिधि तिवारीको आगमन पनि यही कालमा हुन्छ । स्वच्छन्दतावादी भावना परिष्कारवादी शिल्प, सङ्क्षिप्तता र कलात्मकता लिएर माधव घिमिरे उदाउँछन् । यिनै मूर्धन्य प्रतिभाहरुको नेतृत्वमा स्वच्छन्दतावादी धारा अगाडि बढ्दछ ।

वि.सं. २०१६ सालमा देवकोटाको निधन पश्चात वि.सं. २०१७ सालमा प्रयोगवादी लेखनको 'घाइते युग' कविता लिएर मोहन कोइराला देखापर्दछन् । यसपछि कविता क्षेत्रमा अमूर्त लेखनको सुरुवात भयो । विभिन्न बिम्ब र प्रतीकको अत्याधिक प्रयोगले कविता दुबोध्य बन्न पुग्दछन् । यसैभित्र आयामेली आन्दोलनका त्रय तिलविक्रम नेम्वाङ, इन्द्रबहादुर राई, ईश्वर बल्लभ जीवनलाई लम्बाइ, चौडाइ र गहिराइबाट समेत अध्ययन गरिएमा मात्र सम्पूर्णताको अध्ययन हुन सक्ने मान्यता लिएर वि.सं. २०२० सालतिर देखा पर्दछन् । यो प्रयोगवादी धारा वि.सं. २०२३ सम्म रहेको पाइन्छ । त्यसपश्चात समसामयिक धाराकाको सुरुवात हुन्छ । नेपाली कविताको विशेषता के छ भने जे जस्ता उतारचढाव, घुम्तीमोड र धाराहरु पार गर्दै नेपाली कविताको विकासक्रम अगाडि बढेपनि गौण रुपमा यी सबै धाराहरु अगाडि बढिरहेका छन् ।

यही परम्परामा वि.सं. २०४६ सालमा "नयाँ युगवोध राष्ट्रिय दैनिक" पत्रिकामा 'आन्तरिक व्यथा' शीर्षकको कविता प्रकाशित गरेर टीकाराम उदासी औपचारिक रुपमा साहित्य क्षेत्रमा प्रवेश गर्दछन् । वि.सं. २०४६ सालमा कविता क्षेत्रमा प्रवेश गरेका उदासी आफ्नो अध्ययन र पेशागत जीवनको व्यस्तताको साथमा पनि उनले उल्लेख्य कविताहरु रचना गरेको पाइन्छ । यस आधारबाट साहित्यिक यात्राको क्रममा कुनै समयमा मन्दगति र कुनै समयमा तीब्र गतिमा साहित्य साधनामा निरन्तर रुपमा लागिरहेका प्रतिभाका रुपमा उनलाई लिन सकिन्छ ।

गद्य कविताको भेल चलिरहेको समसामयिक नेपाली कविताको अवस्थामा कवि उदासीले पनि गद्य कविता लेखेर गोपालप्रसाद रिमाल जस्ता कविको बिँडो थाम्न पुगेको देखिन्छ । उनले गद्य कविता शैलीले ओतप्रोत भएका कविता सङ्ग्रह अनुरोध वि.सं. २०४८ सालमा र मौसमका हरफहरु (संयुक्त कविता सङ्ग्रह) वि.सं. २०५९ सालमा गोपाल प्रसाद रिमालको 'आमाको सपना' कविताझैं लाग्ने कविताहरुको प्रकाशन गरी नेपाली साहित्यको भण्डार झनै काम गरेका देखिन्छ । यसरी नेपाली क्षितिजमा रहरलाग्दो प्रतिभाको रुपमा आफूलाई देखाउन सफल भएका देखिन्छन् ।

उनका कविता सङ्ग्रहमा सङ्ग्रहमा सङ्कलित कविताहरु हेर्दा नेपाली समाजमा रहेको अन्याय, अत्याचार, सामन्ती संस्कारको विरोध, समाजका उत्पीडित र उत्पीडकका अन्तर्व्यथा, क्रान्तिकारी भावना आदि विषयवस्तु समेटेको पाइन्छ । कवि उदासीले आफ्ना कविता मार्फत परिवर्तनका लागि सबैजना एकजुट भएर लाग्नुपर्ने भाव व्यक्त गर्दै व्यङ्ग्य र विद्रोहका स्वरहरु पनि सुसेलेका देखिन्छन् ।

### ४.२.२ नेपाली कविता क्षेत्रमा टीकाराम उदासीले दिएको योगदान तथा मूल्याङ्कन

टीकाराम उदासी वि.सं. २०४७ सालदेखि अद्यावधि साहित्यका विविध विधामा कलम चलाउने साहित्य साधक हुन् । कविता विधाबाट नै उदासीले आफ्नो साहित्य यात्रामा लेखनी चलाएका छन् । पुस्तककार कृतिका रुपमा २ वटा कविता सङ्ग्रह प्रकाशित गरेका छन् ।

उदासीको अनुरोध कविता सङ्ग्रहमा बीसवटा गद्य कविता सङ्ग्रहित छन् । उनको अर्को कविता सङ्ग्रह मौसमका हरफहरु (संयुक्त कविता सङ्ग्रह) मा उनका दसवटा गद्य कविताहरु सङ्ग्रहित गरिएका छन् । उनका गद्य कविता अत्याधिक मार्मिक र हृदयस्पर्शी छन् । प्रथम र तृतीय दुबै कथनपद्धतिमा आधारित यी कविताहरुमा स्वभाविक रुपमा शब्दालङ्कार र अर्थालङ्कारको समेत प्रयोग भएको पाइन्छ । सरल, सहज र सर्वसंवेध भाषाशैलीको प्रयोग गरी लेखिएको उदासीका कविता विषयवस्तु अनुकूल भावको प्रतिनिधित्व गर्ने खालका छन् । उनका कवितामा अन्याय, अत्याचार, थिचोमिचो, मत्स्यन्याय प्रणालीको भण्डाफोर गर्ने प्रगतिशील

चाहनाले ओतप्रोत भएको छ । उनका कविताले समतामूलक समाजको निर्माणका लागि आजका नागरिकहरुलाई सचेत गराउने उद्देश्य लिएका देखिन्छन् ।

परिमाण वा सङ्ख्याका हिसाबले मात्र व्यक्तिको मूल्याङ्कन गर्नुभन्दा उसको सत्कर्मलाई निस्वार्थ भावनाले सहर्ष स्वागत गर्नुपर्ने हुन्छ । सहज प्रवाहमय कवित्वका धनी नभएतापनि आफ्नो व्यस्त समयबाट केही भाग उदासीले नेपाली कवितालाई दिएका छन् । निरन्तर लगनशील बनेर नेपाली कविताको भण्डार भर्न दिएका यी कृतिहरुलाई महत्व दिइनुपर्दछ । विन्दु विन्दु मिलेर सिन्धु बन्ने यथार्थ सबेका सामु छ । कविता क्षेत्रलाई मूल्याङ्कन गर्दा पनि उनको उचाइ उच्च छ । फुटकर कविता लेख्ने एउटा लगनशील प्रतिभा सम्पन्न कविका रुपमा स्थापित भएको कुरा प्रमाणित हुन्छ ।

### ४.२.३ नेपाली गजलको विकासक्रममा टीकाराम उदासीको स्थान :

नेपाली फारसी र उर्दु गजल गायन परम्परा धेरै लामो रहेको परिप्रेक्ष्यमा नेपाली गजल लेख्न र गायन प्रयासहरु धेरै अगाडिबाटै हुन सक्ने सम्भावना यथावत रहेतापनि अहिलेसम्मको खोज अनुसन्धानबाट मोतीराम भट्ट नै नेपाली गजल लेखनका प्रथम बिन्दुका रुपमा स्वीकार गर्नुपर्ने हुन्छ । मोतीराम भट्टले गजलका माध्यमबाट माध्यमिककालीन साहित्य श्रृङ्गारिकताको आरम्भ गरेका हुन् । मोतीरामकालीन गजलहरुमा अंशत : भक्तिभाव पाइएतापनि प्राय : श्रृङ्गारिकता विषयवस्तुमै केन्द्रित रहेका छन् ।

नेपाली गजलको प्रथम चरण (वि.सं. १९४० देखि २०३४ सम्म) मोतीराम भट्टका प्रवृत्ति र विशेषतालाई आत्मसात् गरी गजल लेखेको पाइन्छ । मोतीराम भट्टको प्रवृत्तिमा टेकेर कलम चलाउने लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल, भिमनिधि तिवारी जस्ता गजलकारहरु देखापर्दछन् । पहिलो चरणमा नेपाली गजलमा उर्दु गजलको प्रत्यक्ष प्रभाव, गेयात्मकता, श्रृङ्गारिकता विषयवस्तुको प्रधानता जस्ता प्रवृत्तिहरु भेट्न सकिन्छ ।

वि.सं. २०३५ साल असोजको रुपरेखा पत्रिकामा गजलकार ज्ञानुवाकर पौडेलको गजल मार्फत अर्को चरण आगमन हुन्छ । उनको आगमनले नेपाली गजल परम्पराको अन्त्य भई नयाँ परम्पराको थालनी हुन्छ । नेपाली गजलमा शास्त्रीय वहरको बहिष्कार गद्यात्मकता, शैलीगत

नवीनता र विषयगत विविध जस्ता नयाँ प्रवृत्तिहरु देखा पर्दछन् । नेपाली गजल परम्पराले नौलो खुट्किलो टेक्ने सुनौलो अवसर प्राप्त गर्छ ।

समकालिन नेपाली साहित्यमा प्रायः सबै विधामा सशक्तरुपले देखापरेको व्यङ्ग्य चेतना गजलका क्षेत्रमा पनि एउटा महत्वपूर्ण प्रवृत्ति बनेर आउँछ । युगीन विसङ्गति, विद्रुपना, विडम्बना, बेइमानी, प्रशासनिक अव्यवस्था चारैतिरबाट बढिरहेको आशङ्का सन्त्रास र अराजकतालाई उद्घाटन गर्ने क्रममा यस कालका गजलकारहरुले व्यङ्ग्यात्मक शैलीलाई हतियारको रुपमा प्रयोग गरेका छन् । भावको धारिलो प्रभाव सिर्जना गर्न एवम् विविध युगीन विसङ्गति र विकृतिको सटीक चित्रण गर्न यसको महत्वपूर्ण भूमिका खेलेको छ । यस्तो प्रवृत्तिका गजल लेख्ने गजलकारहरुमा ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, घनश्याम न्यौपान (परिश्रमी) लगायत टीकाराम उदासी पनि पर्दछन् ।

यस्तै नेपाली गजल परम्परामा पहिलेदेखि ने देखापर्दै आएको श्रृङ्गारिक चेतना वा प्रेम प्रणयसम्बन्धी अनुभूतिको अभिव्यक्ति पनि देखापर्दछ । यस समयका गजलकारहरुमा प्रेमको आमन्त्रण, मिलनको खुशी, वियोगको पीडा तथा प्रेमको व्याकुलता, छटपटी, सन्ताप एवम् प्रेम र प्रेमिका बीचको कथक्ष, व्यवहार र परिवेशको रोमाञ्चक चित्रण भएको पाइन्छ । यो प्रवृत्ति पनि ज्ञानुवाकर पौडेलदेखि देखा परेको पाइन्छ । यस प्रवृत्तिको आत्मसात् खड्गसेन ओली, मनु ब्राजाकी प्रकाश घायल र उत्तमकृष्ण मजगैया जस्ता गजलकारले गरेको पाइन्छ । टीकाराम उदासी यो प्रवृत्तिबाट ओझेलमा परेको देखिन्छ ।

प्रगतिशील चिन्तन लिएर पनि यस समयका गजलकारहरु देखा परेका छन् । समाज विकासको कुनै चरणमा अग्रपङ्क्तिमा उभिएर समाजलाई नेतृत्व प्रदान गरी परिवर्तनको यात्रामा डोऱ्याउने शक्ति नै प्रगतिशील शक्ति हो । यो समकालीन गजलका क्षेत्रमा देखा परेको एउटा शक्तिशाली प्रवृत्ति हो । प्रगतिशीलहरु सधैं यथास्थितिको विरोध गर्दै परिवर्तनका पक्षमा आवाज उठाउँछन् । प्रगतिशील प्रतिभाहरु समाजका युगीन विसङ्गति, शोषण, अन्याय र बिडम्वनाको चित्रण गर्दै परिवर्तनको लागि समाजलाई अभिप्रेरित गर्दछन् । यस प्रवृत्तिमा सशक्त रुपमा कलम चलाउने गजलकारहरुमा पूर्ण भण्डारी (पङ्कज), प्रेम ओझा, मनु ब्रजाकी घनश्याम न्यौपाने (परिश्रमी) टिकाराम उदासी आदि छन् ।

समकालीन नेपाली गजलमा देखिएको अर्को महत्वपूर्ण प्रवृत्ति निराशावादी स्वर हो । युगीन विसङ्गति, विज्ञान र प्रविधिहरुको विकाससँगै देखिएको युद्धको विभिषिका वा आणविक होडबाजी, आफन्तहरुको पराई व्यवहार, अधुरा आकाङ्क्षा सधैका निराश र पीडा आदि जीवन भोगाईका क्रममा देखिएका निराशा भावहरु आजका गजलहरुमा प्रस्तुत भएका छन् । आजको गजलमा निराशावादी स्वर कतै सामान्य रुपमा त कतै अत्यन्त तीब्र रुप बनेर आएकोले मृत्यु चिन्तन र पलायनवादी जीवनदृष्टिका तहसम्म पुगेको देखिन्छ । यस प्रवृत्तिमा कलम चलाउने प्रतिभाहरुमा ज्ञानुवाकर पौडेल, मनुब्रजाकी रमेश क्षितिज जस्ता देखा परेका छन् । टीकाराम उदासी पनि यसबाट अछुतो रहन सकेका छैनन् ।

शहरी सभ्यता भन्नु सहरमा बस्ने मान्छेहरुको शैली हो । आजको सहरी मान्छे अत्यन्त व्यस्त देखिन्छन् । रातदिन मेसिनजस्तै बनेर बाँचेको सहरको मान्छेहरुमा आज मानवीय विश्वास, आशा, मानवता, करुणा सबै हराउँदै गइरहेको छ । समकालीन नेपाली गजलमा सहरमा स्वार्थी, समवेदना शुन्य विश्वासघाती र अवसरवादी मान्छेहरुप्रति आक्रोश र वितृष्णा भाव प्रकट गरिएको छ । यो आजको गजलमा देखिएको अर्को प्रवृत्ति हो । यस प्रवृत्तिमा कलम चलाउने प्रतिभाहरुमा युवराजा (नयाँघरे) घनश्याम परिश्रमी र टीकाराम उदासी जस्ता प्रतिभा देखिएका छन् ।

उपयुक्त प्रमुख प्रवृत्तिहरुका अतिरिक्त समकालीन नेपाली गजलमा गौण रुपमा मानवतावादी स्वर, देशप्रेम वा राष्ट्रियता, सांस्कृतिक आस्था, स्थानविशेषणको वर्णन एवम् विभिन्न व्यक्तिक अनुभव र अनुभूतिजस्ता अन्य प्रवृत्तिहरु पनि रहेका छन् ।

वि.सं. २०४९ सालमा 'विचार' साप्ताहिक पत्रिकामा एउटा गजल प्रकाशित गरेर औपचारिक रुपमा टीकाराम  उदासी गजलको फाँटमा देखा परेको पायन्छ । नेपाली गजल आधुनिक कालमा लोप हुन आँटेको अवस्थामा समसामयिक गजलको विकासमा ज्ञानुवाकर पौडेल र घनश्याम न्यौपाने जस्ता प्रतिभा देखा परेका हुन्, तिनै प्रतिभाहरुको बिडो थाम्न र गजल साहित्यमा थप उर्जा भर्न उदासी देखापरेको देखिन्छ । उनले कृतिको आकारमा दुईवटा गजलकृति वर्तमान बाँच्न खोज्दा र परिवेशका धूनहरु लेखेका छन् । नेपाली गजलको रिक्तता परिपूर्ति गर्ने काम यी गजल सङ्ग्रहबाट भएको पाइन्छ । उनले गजलमा नेपालीको लुप्त रहेको

भावना छिटो र छरितो तरिकाले बाहिर ल्याउने काम गरेर नेपाली गजल आकाशका रहर लाग्दो प्रतिभाको रुपमा आफूलाई देखाउन सफल भएको देखिन्छन् ।

उदासीले सुरुसुरुमा कतिपय अग्रज गजलकारहरुको गजलको अध्ययन र अनुकरणबाट प्रभावित भएर गजल लेखेको देखिन्छ । उनका गजलहरुमा कतै ज्ञानुवाकर पौडेल त कतै मनुब्रजाकी जस्ता प्रतिभाको झल्को उनको गजलका बहरहरुको अध्ययनको क्रममा फेला पार्न सकिन्छ । विषयवस्तु विविधताले गर्दा उनका गजलमा भावगत विविधता पाइन्छ । उनी आफूलाई समयसापेक्ष परिवर्तन गर्न सक्ने वा समयानुकूल ढाल्नसक्ने प्रतिभाको रुपमा देखा पर्दछन् । उनका दुईवटै गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरु हेर्दा व्यङ्ग्य चेतन, निराशावादी स्वर, सहरी सभ्यताप्रतिको विकृति र विसङ्गतिको भण्डाफोर जस्ता विषयवस्तु समेटिएको पाइन्छ । गजलकार उदासीले आफ्नो कृति मार्फत परिवर्तनका लागि सबैजना एकजुट भएर लाग्नुपर्ने भाव व्यक्त गर्दै व्यङ्ग्य र विद्रोहका स्वरहरु पनि शुसेलेका देखिन्छन् ।

आफ्नो व्यस्त समयका बाबजुद जे जति उदासीले गजल साहित्यलाई समय दिए यो गजल साहित्यप्रतिको मोह भन्नुपर्ने देखिन्छ । यसरी नेपाली गजलहरुमा प्रतिभा, व्युत्पत्ति र अभ्यासका धेरैथोरै तिनै क्षमता भएका गजलकार उदासी थप अभ्यासका कारण गजलकीय प्रतिभालाई मूर्तरुप दिने र नेपाली गजल लेखन परम्परालाई उल्लेखनीय स्थान राख्न समेत सफल देखिन्छन् ।

### ४.२.४ नेपाली गजल क्षेत्रमा टीकाराम उदासीले दिएको योगदान तथा मूल्याङ्कन

वि.सं. २०४९ सालदेखि गजलमा कलम चलाउन थालेका टिकाराम उदासीले नेपाली समसामयिक धारालाई आत्मसाथ गरेका छन् । उदासीको गजल लेखनशैली स्वनिर्मित छ साथै वर्तमान विषयवस्तुलाई आत्मसाथ गरेर कलम चलाएको समेत देखिन्छ ।

उदासीका 'वर्तमान बाँच्न खोज्दा' गजल सङ्ग्रह आठवटा र 'परिवेशका धूनहरु' मा पचासवटा गरी दुई गजलहरु सङ्ग्रहित भएका छन् । यी दुईवटा गजल कृतिमा गरी जम्मा ५८ वटा गजलहरु सङ्ग्रहित गरिएका छन् । गजलमा पालन गर्नुपर्ने नियम र अनुशासनको आत्मसाथ गरिएको छ । स्वनिर्मित शैलीमा भएपनि लयवद्ध रुपमा लेखिएको छ । सरल, सहज,

हृदयस्पर्शी भाषाशैलीमा लेखिएका उदासीका गजल विषयवस्तु अनुकूल भावको प्रतिनिधित्व गर्ने खालका छन् । उनका गजलले मध्यपश्चिम विकासक्षेत्रको प्रतिनिधित्व नै गर्न सक्ने भाव बोकेका छन् । उनका गजलमा समसामयिक समाजको विकृति, विसङ्गति प्रति तिखो व्यङ्ग्य परिवर्तनको अथक चाहना, नैतिक सन्देश र क्रान्तिकारी भाव धाराको अभिव्यक्त भएको छ । उनका गजलहरुले परिवर्तन गर्नुपर्ने आजको आवश्यकतातर्फ नागरिकलाई सचेत गराउने उद्देश्य लिएको देखिन्छन् । समाजमा परिवर्तन चाहिएको छ जसको निम्ति आम गरीब पिडित नेपाली एकजुट भई अघि बढ्नुपर्छ भन्ने सन्देश झल्किएको देखिन्छ ।

यसरी टीकाराम उदासीको गजल यात्री समयका दृष्टिले थोरै र प्रकाशित कृतिका दृष्टिले पनि थोरै देखिएतापनि भावको उच्चता, एकान्विति, आकर्षक शैली एवम् विधागत सचेतनाले उनका गजलहरु अत्यन्त सुन्दर बनेका छन् । पाठकीय रुची, अन्य स्रष्टाहरुको उनी प्रतिको आकर्षण र लोकप्रियताको दृष्टिले पनि उदासीका गजलको स्थिति निकै उच्च रहेको छ । विशेषत : असङ्ख्य युवा र नवोदित प्रतिभाहरुको उनी प्रतिको आकर्षण र समर्पण उल्लेख्य रहेको देखिन्छ । अतः उनले गजलको छोटो यात्राको गजल रचनाको ऋणमा देखाएको सक्रियता र लगनशीलताले नै उनलाई मध्यपश्चिमाञ्चलका उच्च गजलकारको रुपमा स्थापित गरेको कुरा प्रमाणित हुन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा उपसंहार

वि.सं. २०२० सालमा रोल्पाजस्तो विकट जिल्लामा एउटा सामान्य किसान परिवारमा टीकाराम उदासीको जन्म भएको हो । पारिवारिक पृष्ठभूमि हेर्दा उनको अधिकांश नातागोता फोर्सतिर जागिर गरिरहेको कुरा स्वयम् उदासीले बताउँछन् । यति हुँदाहुँदै पनि फोर्सप्रति आफूमा भित्रबाट इच्छा नआएको र आफूले पढी भाषा  साहित्यको सेवा गर्ने रहर आत्मदेखि पलाएकोले नै भाषा साहित्यमा लागेँ । फोर्सतिर गइन भनी बताउने उदासीले नेपाली भाषा साहित्यमा आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको देखिन्छ । उनले नेपाली भाषा साहित्यमा करिब डेढ दशक लामो यात्रा समेत पूरा गरिसकेका छन् र अथक निरन्तर रुपमा लागिरहेका पनि छन् ।

उनको साहित्य रचनाको कालक्रम र साहित्य साधनालाई हेर्दा तीनवटा चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । पहिलो चरण वि.सं. २०४६ देखि वि.सं. २०४९ सम्म, दोस्रो चरण वि.सं. २०५०-५९ सम्म र तेस्रो चरण वि.सं. २०६० देखि हालसम्म मानी अध्ययन गर्न सकिन्छ । उनको पहिलो चरणमा कविता विधा अगाडि देखिन्छ भने दोस्रो चरणमा गजल विधामा प्रभुत्व जमाएजस्तो देखिन्छ । तेस्रो चरणमा समालोचनात्मक लेखरचनाहरु बढी सशक्त रुपमा आएको पाइन्छ ।

वि.सं. २०४७ सालदेखि अद्यावधि साहित्यका विविध विधामा कलम चलाउने साहित्य साधक टीकाराम उदासी हुन् । कविता विधाबाट आफ्नो साहित्य यात्रा शुभारम्भ गरेका उदासीले गजल विधामा पनि उत्तिकै सशक्त र प्रबल तरिकाले गजलको पनि सिर्जना गरेका छन् । कविता र गजलका क्षेत्रमा मात्र नभएर साहित्यका विविध विधा, निबन्ध, गीत, कथा, निबन्ध, लेखरचनाले उनलाई नेपाली परिचय प्रदान गरेका छन् साथै विभिन्न समयमा राष्ट्रिय

स्तरमा प्रकाशित पत्रिकामा उनका समालोचनात्क लेखहरुले उनलाई कुशल द्रव्यको रुपमा पनि स्थापित गरेको छ ।

साहित्यकार टीकाराम उदासीको डेढ दशक लामो साहित्यिक यात्रालाई सरसर्ती हेर्दा कविता क्षेत्रतर्फ २ वटा कविता सङ्ग्रह, २ वटा गजल सङ्ग्रह, एउटा हाइकू सङ्ग्रह र एउटा समालोचनात्मक ग्रन्थ गरी ६ वटा मात्र कृति प्रकाशित गरेको भएतापनि स्थानीय र राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा प्रकाशित रचनाहरुलाई पुस्तकको आकार दिने हो भने यो भन्दा बढी पुस्तक प्रकाशित नहोलान् भन्न सकिन्न । आफ्नो अध्ययनको समयदेखि शिक्षा पेशामा संलग्न हुँदै विभिन्न सामाजिक र साहित्यिक संघसंस्थामा कार्यरत रहेर पनि आफ्नो व्यस्त समयबाट केही अंश साहित्यफाँटमा अर्पण गर्नु सानोतिनो कार्य होइन । यसरी व्यस्त समयका बाबजुद पनि उदासीले जेजति योगदान दिए त्यसलाई उनको भाषा साहित्यप्रतिको अगाध मोह भन्न सकिन्छ । यसरी नेपाली साहित्यमा आफ्नो अमूल्य देन दिन सफल देखिन्छन् ।

कुनै पनि स्रष्टाको मूल्याङ्कन सङ्ख्यात्मक हिसाबले मात्र नगरी उनको सत्कर्मलाई निस्वार्थ भावले सहर्ष स्वागत गर्नुपर्ने हुन्छ । सहज प्रवाहमय साहित्यिक धनी नभएतापनि आफ्नो व्यस्त समयबाट केही अंश उदासीले नेपाली साहित्यलाई दिएका छन् । निरन्तर लगनशील भएर नेपाली साहित्यको मन्तर गर्न दिएका यी कृतिहरुलाई महत्व दिइनुपर्दछ । एक थुकी सुकी, सय थुकी नदी बन्ने सबैका सामु छ । नेपाली भाषा साहित्यप्रति अगाध प्रेमभाव राख्ने सबै साहित्य अनुरागीले साहित्यकार उदासीबाट प्रेरणा लिनुपर्दछ । आफ्नो साहित्य चेतनालाई उच्च बनाउँदै आफ्ना साहित्य कृतिहरुलाई परिस्कृत र परिमार्जित गर्न उदासी सफल छन् ।

समग्रमा परिमाणात्मक रुपमा थोरे कृति देखापरेतापनि उनले जेजति कविता, गजल वा साहित्यिक अन्य विधा रचना गरेका छन् । तिनको गुणात्मक मूल्याङ्कन गर्दा आधुनिक नेपाली साहित्य परम्परामा उनी एक लगनशील प्रतिभा सम्पन्न स्रष्टाको रुपमा स्थापित भएको पुष्टि हुन्छ ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली पुस्तक विवरण


१. आचार्य, कृष्णप्रसाद, आधुनिक खण्डकाव्य र महाकाव्य सैद्धान्तिक तथा ऐतिहासिक विष्लेषण, प्रथम संस्करण, क्षितिज प्रकाशन, कीर्तिपुर, २०६४ ।

१. उदासी, टीकाराम, अनुरोध कविता सङ्ग्रह, प्रथम संस्करण, २०४८ ।

२. उदासी, टीकाराम, वर्तमान बाच्न खोज्दा गजल सङ्ग्रह, प्रथम संस्करण, २०५१ ।

३. उदासी, टीकाराम, परिवेशका धुनहरु गजल सङ्ग्रह, प्रथम संस्करण, २०५६, मध्यपश्चिम साहित्य परिषद, काठमाडौं ।

४. उदासी, टीकाराम र अन्य मौसमका हरफहरु, प्रथम संस्करण, २०५९, अतिरिक्त प्रकाशन ।

५. उदासी, टीकाराम, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, प्रथम संस्करण, २०५९, अतिरिक्त प्रकाशन ।

६. न्यौपाने, डा. घनश्याम (परिश्रमी), गजल परिचय र रचना विधि २०६३, मोती जयन्तीका सन्दर्भमा प्रस्तुत कार्यपत्र ।

७. जोशी, डा. कुमारबहादुर, पाश्चात्य साहित्यका प्रमुख धारा, पाँचो संस्करण, २०६६, साझा प्रकाशन ।

८. पराजुली, कृष्णप्रसाद, राम्रो रचना मिठो नेपाली, दसौं संस्करण, २०४५, सहयोग प्रेस ।

९. शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र, शोधविधि, तेस्रो संस्करण, २०६२, साझा प्रकाशन ।

**स्नातकोत्तर शोधपत्र विवरण**

१. रेग्मी मदनराज, कृष्णराज डि.सी.को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६६, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके ।

**पत्रपत्रिका विवरण**

१. उदासी, टीकाराम, अनुभूतिका बाछिटाहरु हाइकू सङ्ग्रह (आदिवासी मञ्च त्रैमासिक कार्तिक- पौष), (वि.सं. २०५९ वर्ष ४, पूर्णाङ्क ४, दाङ्ग, घोराही ) ।

२. उदासी, टीकाराम, अग्नि पीडा कविता, राप्ती दूत, वि.सं. २०६२, वैशाख वर्ष २८, अङ्क ५, पेज ३ ।

३. उदासी, टीकाराम : बाटाहरु र मुटुभरि गीत, राप्तीका गीत, २०६०, पेज ४५ ।

४. उदासी, टीकाराम : दिनेश शुक्लाको गजल, अन्तर्ध्वनि त्रैमासिक, वर्ष ४०, अङ्क २, पूर्णाङ्क १२, २०६३ (माघ-चैत्र), पेज ४७ ।

५. गिरी, अमर दाङ्गका कविहरुमा समसामयिक यथार्थ (नयाँ युगवोध, वर्ष १९, अङ्क १, २०५५ वैशाख १ गते मङ्गलबार)

६. विभास नविन, गजल सिद्धान्त र नेपाली गजलको इतिहासको शोधग्रन्थ (नयाँ युगवोध, वर्ष २६, अङ्क १६०, २०५९ कार्तिक ८ गते शुक्रबार)

७. मजगैया, उत्तमकृष्ण, दाङ्गका कथाकारहर एक संक्षिप्त परिचय (नयाँ युगबोध, वर्ष २७, अङ्क १९६, २०६० मंसिर २६ शुक्रबार)

८. मजगैया, उत्तमकृष्ण, दाङ्गका गजलहरु एक संक्षिप्त परिचय (नयाँ युगबोध, वर्ष २७, अङ्क २४५, २०६०, माघ २३ शुक्रबार)

९. शर्मा, गिरीराज, परिवेशका धून्हर एक नजरमा ससर्ती नियाल्दा (नयाँ युगबोध, वर्ष २०, अङ्क २४९, २०५६, फाल्गुण १३, शुक्रबार)

# परिशिष्ट

## साहित्यकार टीकाराम उदासीसँग शोधको क्रमा लिइएको अन्तवार्ता :

**(१) बाल्यकाल र शिक्षादीक्षाको बारेमा बताइदिनु हुन्छ कि ?**

मेरो जन्म रोल्पा जिल्लाको गर्पा भन्ने गाउँमा भएको हो । मैले १२ वर्षसम्मको बाल्यकाल जन्मस्थान रोल्पाको गर्पामा नै बिताएँ । त्यहाँको वातावरणमा घुम्दै खेल्दै मेरो बाल्यकाल बित्यो । मैले प्रा.वि. गर्मा रोल्पाबाट ४ वर्षको उमेरदेखि बाह्रखरी पढ्न आरम्भ गरे । त्यस स्कूलमा कक्षा ३ सम्म अध्ययन गरेपश्चात कक्षा ४ र ५ पढ्न तत्कालिन बालकल्याण मा.वि. लिवाङबाट प्राथमिक शिक्षा पूरा गरे । त्यसपछि मेरो परिवार बसाइँ सरी दाङ्ग आएको हुँदा कक्षा ६ महेन्द्र साधारण मा.वि. धर्ना दाङ्ग र कक्षा ७ देखि १० सम्म पद्मोदय पब्लिक उच्च मा.वि. भरतपुर दाङ्गबाट प्रवेशिका परीक्षा उत्तिर्ण गरे । त्यसपछि माथिल्लो तहको शिक्षा स्नातकसम्म महेन्द्र बहुमुखी क्याम्पस, घोराही, दाङ्ग र स्नातकोत्तर र बि.एड. त्रि.वि.बाट गरेको हुँ । हाल म "समकालिन नेपाली गजलका प्रवृत्तिहरु" शीर्षकमा विद्यावारिधी अध्ययनरत छु ।

**(२) हजुर एउटा बहुमुखी साहित्यकार, समालोचक र एउटा प्राध्यापक पनि हो तर आफूलाई के भनेर चिनाउन चाहनुहुन्छ ?**

पेशाले जीविकोपार्जनको आधार जे जस्तो भएतापनि म आफूलाई साहित्यकार भनेर चिनाउन चाहन्छु ।

**(३) विभिन्न संलग्नता मध्ये बढी कुन क्षेत्रमा आफूलाई सफल रहेको जस्तो ठान्नु हुन्छ ?**

सफलता र असफलताको कुरालाई परिभाषित गर्न निकै मुस्किल छ । यस बारेमा निष्कर्षमा पुग्ने समय पनि आइसकेको छैन । तापनि अहिलेसम्मको अवस्थामा मेरो साहित्यिक संलग्नता बढी छ । त्यसैले मलाई साहित्यतिर नै सफल भएको छु जस्तो लाग्छ ।

**४ जीवन भोगाई र रचनाबी कत्तिको सहसम्बन्ध रहन्छ ? जस्तो लाग्छ यहाँलाई ।**

जीवन भोगाइ र रचनाबीच नङ् र मासु जस्तै गाढा सम्बन्ध हुन्छ । व्यक्तिगत जीवनको भोगाइले मात्र साहित्य बन्दैन तर यसमा सामाजिक अनुभव र घटनाक्रमलाई रचनामा बढी प्राथमिकता दिइन्छ ।

**(५) साहित्य सिर्जनाको प्रेरणा स्रोत कहाँबाट प्राप्त गर्नुभयो ?**

स्थानीय छिमेकी अग्रज साथी गिरबहादुर अधिकारी 'क्षणिक' को सङ्गतले नै शुरुमा प्राप्त गरेको हुँ । यदि उहाँको संसर्गमा नभएको भए म साहित्यको यो अवस्थामा आउने नै थिएन ।

**(६) यहाँको बिचारमा साहित्य के हो ? र साहित्य कस्तो हुनुपर्छ भन्ने लाग्छ ?**

जीवन भोगाइका अनुभव र अनुभूति र समाजका घटनाक्रम प्रतिको प्रतिक्रिया नै साहित्य हो । साहित्य शोषित पीडित जनताको दर्पण हो ।

**(७) यहाँको विचारमा साहित्य र देशकाल परिस्थिति बीच सम्बन्ध हुन्छ भन्ने जस्तो लाग्छ कि लाग्दैन र साहित्यले देशलाई डोऱ्याउँछ कि देशले साहित्यलाई ?**

साहित्य र देशको बीचमा सम्बन्ध हुन्छ । साहित्यले देशलाई र देशले साहित्यलाई प्रभावित पार्दछ । साहित्यले देशलाई डोऱ्याउनुपर्छ ।

**(८) जीवनमा सुखद र दुःखद क्षण बताइदिनुहुन्छ कि ?**

जीवनमा मैले विशिष्ट रुपमा कुनै क्षणलाई दुःखद र सुखद अर्थमा लिएको छैन । वास्तविक रुपमा भन्नुपर्दा मेरो जीवन सरदर गतिमा नै बितिरहेको छ ।

**(९) हामी जस्ता शोधकर्तालाई के भन्नुहुन्छ, जसले यहाँको साहित्य छविलाई बाहिर ल्याई देखाउन कसरत गरिरहेका छौं ?**

तपाईहरुको यो प्रयास र साहसलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु । साथै सकिन्छ साहित्य सिर्जना गरौं, सकिंदैन संरक्षण र सम्मान गरौ भन्न समेत चाहन्छु ।

**(१०) अरु साहित्यिक कृतिहरुभन्दा हजुरले गजल साहित्यमा बढी जोड दिएको देखिन्छ ? किन यहाँले गजल क्षेत्र नै छान्नुभयो ?**

अरु साहित्य विधाभन्दा गजल विधामा मेरो बढी व्यक्तित्व रुची र चाहना भएको कारणले नै छानेको हुँ ।

**(११) यहाँ छन्दमा कविता नलेखी किन गद्य कविता लेख्नु भएको होला ?**

छन्द कविताले वर्तमान विषम परिस्थितिको सम्पूर्ण भाव ओगट्न सक्दैन तर यसको अर्थ गद्य कवितामा सहजै रुपमा मनका अनुभूतिलाई नबिगारेर व्यक्त गर्न सकिन्छ त्यसैले कविता लेखेको हुँ ।

**(१२) कुनै कृतिहरु तुरुन्तै प्रकाशनमा ल्याउने तरबारमा हुनुहुन्छ कि ?**

तुरुन्तै प्रकाशनका तयारीमा छु । "सल्ली बजारका साँझहरु" यात्रा निबन्ध सङ्ग्रह र अर्को निबन्ध सङ्ग्रह निस्कने तयारीमा छ । सायद यहाँको शोध निर्माण हुँदासम्म आइसक्छ कि ? जस्तो छ ।

**(१३) यहाँ साहित्य र प्राध्यापक कार्यमा दुबै क्षेत्रमा उत्तिकै लागिरहनुभएको छ ? स्वास्थ्यले साथ दिएको छ वा स्वास्थ्यमा कुनै समस्या त छैन ?**

त्यस्तो खासै केही छैन । समय व्यवस्थापन उचित तरिकाले गरेको हुँदा स्वास्थ्यमा केही समस्या छैन ।

**(१४) नेपाली साहित्यको गजल क्षेत्रमा यहाँको अग्रणी भूमिका देखिन्छ, यहाँका गजलले प्रगतिवादलाई हेर्ने गरेको देखिन्छ यसको भविष्य कस्तो देख्नु भएको छ ?**

अहिलेको समयमा नेपाली गजल केही कमी कमजोरीका बाबजुद पनि सकारात्मक दिशातिर फड्को मार्दै अगाडि बढीरहेको हुनाले यसको भविष्य उज्ज्वल छ ।

**(१५) एउटै क्षेत्रमा मात्र नलागी साहित्यका विविध क्षेत्रमा कलम चलाउँदा राम्रो लाग्छ कि एउटै क्षेत्रमा लागि त्यही क्षेत्रलाई तिखार्न सके राम्रो हुन्थ्यो जस्तो लाग्छ यहाँलाई ?**

हरेक विधाका आफ्नै सीमा छन् । एउटै विधामा लाग्दा सबै आफ्ना भावना र समवेदनाहरु छुटे जस्तो लाग्ने हुनाले आवश्यकता अनुसार फरक फरक विधामा कलम चलाउनुपर्छ । जसले गर्दा साहित्यका सबै विधामा कलम चलाउँदा आफूलाई सन्तुष्ट हुन्छ ।

**(१६) प्राध्यापक कार्य जस्तै नेपाली साहित्यमा अझ धेरै समय दिएमा यहाँको साहित्यले नेपाली भाषालाई बढी बलियो बनाउने क्षमता रहेकोले अझ धेरै समय साहित्यमा दिए हामी र हाम्रो साहित्य अझ माथि उठ्ने थियो, यस बारेमा केही सोच गर्नुभएको छ ?**

अहिलेसम्म नेपालको सामाजिक गति र प्रकृतिले पूर्णकालिन लेखक भएर बाँच्न सक्ने अवस्था छौ । एकाध लेखक बाहेक सबैले कुनै न कुनै पेशामा आवद्ध भएर जीवन चलाउन वाध्य भएको अवस्थामा हामीले पनि यो नियतिको सामना गर्नुपरिरहेको छ, त्यसैले यो कार्य साथसाथै अगाडि बढाइरहेको छु, जसले दैनिक आवश्यकता पनि परिपूर्ति गर्दै जाओस् र नेपाली साहित्यको विकासमा पनि सहयोग पुग्दै जाओस् ।

**(१७) अन्तमा यहाँले व्यस्त समय दिई मेरो उद्देश्य पूरा गरिदिनु भएकोमा कृतज्ञता व्यक्त गर्दै यहाँलाई धन्यवाद दिन चाहन्छु ।**

**टीकाराम उदासीका नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित रचनाहरुको झलक :**

## कविता

| | |
|---|---|
| १. अचेल | वि.सं. २०५६ आषाढ |
| २. धानको प्रतिक्षामा | वि.सं. २०५६ असोज |
| ३. बाटोमा | वि.सं. २०५६ पुष |
| ४. शब्दको जंगल | वि.सं. २०५७ श्रावण |
| ५. सुन्तली | वि.सं. २०५७ मंसिर |
| ६. स्लो पोइजन | वि.सं. २०५८ पुष |
| ७. कुनै बेला | वि.सं. २०५८ फाल्गुण |
| ८. दर्शन दिर्घा | वि.सं. २०५८ फाल्गुण |
| ९. मान्छे | वि.सं. २०५८ चैत्र |
| १०. रगत वर्षा | वि.सं. २०६० फाल्गुण |
| ११. ऐजन ऐजन | वि.सं. २०६४ असोज |
| १२. एउटा देश जलिरहेछ | वि.सं. २०६४ पुष |
| १३. समयको ऐना | वि.सं. २०६४ अषाढ |
| १४. यात्राक्रम | वि.सं. २०६४ अषाढ |

## कथा

| | |
|---|---|
| १. संकेत | वि.सं. २०५६ माघ |
| २. मानसिकता | वि.सं. २०५६ चैत्र |
| ३. भ्रष्टाचार | वि.सं. २०५७ वैशाख |
| ४. बजारभाउ | वि.सं. २०५७ असोज |
| ५. खान तलासी र वासी रोटीहरु | वि.सं. २०६६ कार्तिक |

**निबन्ध**

| | |
|---|---|
| १. मान्छे भावना पनि त हो नि | वि.सं. २०५७ कार्तिक |
| २. मेरो आँखामा हुम्लीहरुको हिमाली मुस्कान | वि.सं. २०५७ मंसिर |
| ३. कफ्र्युको रातमा धानको गीत | वि.सं. २०५९ असोज |
| ४. पागल कुहिरो चिसा अनुभूतिहरु | वि.सं. २०५९ फाल्गुण |
| ५. सल्ली बजारका साँझहरु भाग १ | वि.सं. २०६० चैत्र |
| ६. सल्ली बजारका साँझहरु भाग २ | वि.सं. २०६१ वैशाख |
| ७. प्रमिथसहरु | वि.सं. २०६१ भाद्र |
| ८. विचारयात्रा | वि.सं. २०६१ कार्तिक |
| ९. बादलमाथिको यात्रा छुटेपछि भाग १ | वि.सं. २०६२ श्रावण |
| १०. बादलमाथिको यात्रा छुटेपछि भाग २ | वि.सं. २०६२ श्रावण |
| ११. चिसो मौसम उदास साँझ | वि.सं. २०६३ असोज |
| १२. भीष्मा उभिएर | वि.सं. २०६३ असोज |
| १३. एउटा पात्रको दुःखान्त भाग १ | वि.सं. २०६३ मंसीर |
| १४. एउटा पात्रको दुःखान्त भाग २ | वि.सं. २०६३ मंसीर |
| १५ विर्सन नसक्ने सहयात्रा | वि.सं. २०६३ पुष |
| १६. कवि इच्छुकको स्मृति पीडा | वि.सं. २०६३ माघ |
| १७. सडकमा सिर्जनात्मक आवाज | वि.सं. २०६४ श्रावण |
| १८. तीन दिनहरु ती आयामहरु | वि.सं. २०६४ श्रावण |
| १९. सिर्जनाको यात्रारम्भ | वि.सं. २०६४ पौष |
| २०. उज्यालो सपनायात्रा | वि.सं. २०६४ माघ |
| २१ एउटा कथाको पात्र | वि.सं. २०६४ माघ |
| २२. मानिस खोजिरहेको समय | वि.सं. २०६४ माघ |
| २३. फुर्सदमा सिर्जनाको चिन्ता | वि.सं. २०६४ माघ |

| | |
|---|---|
| २४. यात्राकै आरम्भ बिन्दुमा | वि.सं. २०६४ फाल्गुण |
| २५. आफ्नो आवाज आफै बिम्ब | वि.सं. २०६४ फल्गुण |
| २६. मध्यान्तरमा उभिएर | वि.सं. २०६४ फाल्गुण |
| २७. मुर्खहरुको भीड | वि.सं. २०६४ चैत्र |
| २८. चुपचाप आत्महत्या | वि.सं. २०६४ चैत्र |
| २९. गुनासोदेखि गुनासोसम्म | वि.सं. २०६४ चैत्र |
| ३०. एउटा समयसँग दिनभर | वि.सं. २०६४ चैत्र |
| ३१. गुफा बाहिर | वि.सं. २०६५ वैशाख |
| ३२. नयाँ नेपालको कला साहित्य | वि.सं. २०६५ वैशाख |
| ३३. तिम्रो गहिरो माया बस्यो जलजला | वि.सं. २०६५ वैशाख |
| ३४. हामीले सोचेको नयाँ संविधान कसरी बन्ला | वि.सं. २०६५ वैशाख |
| ३५. राजधानी गोष्ठी र पुस्तक प्रदर्शनी | वि.सं. २०६५ जेष्ठ |
| ३६. अलिकति सिमाको कुरा | वि.सं. २०६५ जेष्ठ |
| ३७. एउटा उज्यालो विहानीलाई सलाम | वि.सं. २०६५ जेष्ठ |
| ३८. आफ्नै अनुभवमा गोर्खा | वि.सं. २०६५ जेष्ठ |
| ३९. कला समय र जीवन | वि.सं. २०६५ जेष्ठ |
| ४०. भानुभक्त र उनको चर्चाबाट सिक्ने कुरा | वि.सं. २०६५ अषाढ |
| ४१. अषाढको आरम्भ, यात्राको आरम्भ | वि.सं. २०६५ अषाढ |
| ४२. देउडा गीतसँग एउटा यात्रा. | वि.सं. २०६५ श्रावण |
| ४३. यात्राको बिन्दुमा पुगेर | वि.सं. २०६५ श्रावण |
| ४४. हेर्नुछ कविको चेतनाको आयाम | वि.सं. २०६५ श्रावण |
| ४५. थात्ले चौरको डेरा | वि.सं. २०६५ भाद्र |
| ४६. मटेला फुलबारी | वि.सं. २०६५ भाद्र |
| ४७. अनुभूतिको भूगोल | वि.सं. २०६५ भाद्र |
| ४८. खलंग पर्खिरहेछ राजधानी | वि.सं. २०६५ असोज |
| ४९. समाचार खोज्नेहरुको भीडमा | वि.सं. २०६५ असोज |

| | |
|---|---|
| ५०. एउटा अजम्बरी प्रश्न | वि.सं. २०६५ कार्तिक |
| ५१. महाकविको शतवर्षिकी | वि.सं. २०६५ कार्तिक |
| ५२ दन्त्यको कथाको प्रसंग | वि.सं. २०६५ कार्तिक |
| ५३. आँखाभरी दुई रात | वि.सं. २०६५ कार्तिक |
| ५४. सिर्जनाको मृगतृष्णा | वि.सं. २०६५ मंसिर |
| ५५. सिमा सेवकहरु | वि.सं. २०६५ मंसिर |
| ५६. पच्चीस वर्षपछि ती दिनहरु सम्झदै | वि.सं. २०६५ पुष |
| ५७. स्पष्ट हुँदै गएका स्मृति बिम्बहरु | वि.सं. २०६५ पुष |
| ५८. अग्निकुण्डमा उभिएर | वि.सं. २०६५ पुष |
| ५९. आफैमा खुम्चिएको बन्दरगाहा | वि.सं. २०६५ मंसिर |
| ६०. अविष्मरणीय एउटा साँझ | वि.सं. २०६५ माघ |
| ६१. बिरामी हुँदाका ती दुई अनुभव | वि.सं. २०६५ माघ |
| ६२. सिर्जनाको धागो | वि.सं. २०६५ चैत्र |
| ६३. आँधी आउनुअघि | वि.सं. २०६६ चैत्र |
| ६४. समय र  उन्मुक्ति | वि.सं. २०६६ वैशाख |
| ६५ नेपाली साहित्यको उपाधी | वि.सं. २०६६ श्रावण |
| ६६. ज्ञानको यात्रा पूर्व र पश्चिम | वि.सं. २०६६ श्रावण |
| ६७. सम्झनाको तरेली अषाढको मौसम | वि.सं. २०६६ श्रावण |
| ६८. आँखाभरी जाजरकोट | वि.सं. २०६६ श्रावण |
| ६९. जुन पर्खने यात्रामा हिडेको कवि दुःखी | वि.सं. २०६६ जेष्ठ |
| ७०. बुधुजीवी अर्थात बुद्धीजीवी | वि.सं. २०६६ जेष्ठ |
| ७१. अध्ययन संस्कृतिको चिन्ता | वि.सं. २०६६ अषाढ |
| ७२. पश्चिमहरुको रेडिमेड चिन्तन | वि.सं. २०६६ अषाढ |
| ७३. अर्को राजा आयो फेरी | वि.सं. २०६६ भाद्र |

## समालोचनात्मक टिप्पणी

| | |
|---|---|
| १. भाषा लेख्य र काव्य रुप | वि.सं. २०५६ जेष्ठ |
| २. नेपाली बालसाहित्य आवश्यकता र औचित्य | वि.सं. २०५६ मंसिर |
| ३. जनपीडाको पेटारो खातल्दा | वि.सं. २०५६ मंसिर |
| ४. कवि नेत्रलालको अर्को खण्डकाव्य भुक्राजबोट | वि.सं. २०५६ मंसिर |
| ५. राणाकालीन परिवंशको सुत्रात्मक अभिव्यक्ति अनिला अणु समीक्षा | वि.सं. २०५६ मंसिर |
| ६. दा४. कवि नेत्रलालको अर्को खण्डकाव्य भुक्राजबोट | वि.सं. २०५६ मंसिर |
| ५. राणाकालीन परिवंशको सुत्रात्मक अभिव्यक्ति अनिला अणु समीक्षा | वि.सं. २०५६ पुष |
| ६. दाङ्गको छहरामा सल्यानी प्रतिभाहरु | वि.सं. २०५६ पुष |
| ७. सिर्जनाको लेखकीय हस्तक्षेप समीक्षा | वि.सं. २०५६ माघ |
| ८. पाठकहरु : रत्नाकरको लेख भ्रामक छ | वि.सं. २०५६ फाल्गुण |
| ९. लघु दृष्टिमा उदय जी.एम. को उपन्यास | वि.सं. २०५६ चैत्र |
| १०. पो ओल्जा छेङ्गा | वि.सं. २०५७ वैशाख |
| ११. फेरी अभागीकै बारेमा | वि.सं. २०५७ वैशाख |
| १२. प्रतिभा पलायनको सन्दर्भमा | वि.सं. २०५७ वैशाख |
| १३. साहित्य सिर्जनामा विधारत चेतनाको प्रसङ्ग | वि.सं. २०५७ जेष्ठ |
| १४. राप्ती सन्देश एउटा ऐतिहासिक समीक्षा | वि.सं. २०५७ अषाढ |
| १५. बुद्ध राणाको एउटा रातो मलाई प्यारो समीक्षा | वि.सं. २०५७ अषाढ |
| १६. कवि गोकुलको सम्झनामा | वि.सं. २०५७ अषाढ |
| १७. संक्षिप्त अवलोकनमा सङ्कल्पका शिखा | वि.सं. २०५७ श्रावण |
| १८. वर्तमान प्रगतिशील साहित्यका केही समस्याहरु | वि.सं. २०५७ श्रावण |
| १९. कवि विसमको रहरभित्र राष्ट्रप्रेमको परिपाक | वि.सं. २०५७ भाद्र |
| २०. मेरो एउटा अनुकरणीय प्रायश स्मृति | वि.सं. २०५७ फाल्गुण |

| | |
|---|---|
| २१. यो मूर्च्छना : नेपाली गजलको रुपरेखा | वि.सं. २०५७ फाल्गुण |
| २२. मेरो आँखामा जाजरकोटको इन्द्रेणी | वि.सं. २०५८ जेष्ठ |
| २३. जाजरकोटका कर्मचारीको परिक्रम | वि.सं. २०५८ जेष्ठ |
| २४. गजल कृतिका सूचीमा पीडा आनन्द हुन्छ | वि.सं. २०५८ भाद्र |
| २५. सल्यान जिल्लाको साहित्यिक रुपरेखा | वि.सं. २०५९ भाद्र |
| २६. बस : स्वागत गरौ स्मृता बहिनीलाई | वि.सं. २०५९ असोज |
| २७. जाजरकोटको दर्पणभित्र राजुमानसिंह | वि.सं. २०५९ फाल्गुण |
| २८. मिरमिरेको चौथोपटक एउटा शुभकार्य | वि.सं. २०५९ श्रावण |
| २९. उत्तमकृष्ण मजगैयाको वेशीतिर एक विचरण | वि.सं. २०६० असोज |
| ३०. शुशील गौतमका एकसय एक प्रेमगीतहरु | वि.सं. २०६० असोज |
| ३१. प्युठानी प्रतिभा सुमनलाई शुभकामना | वि.सं. २०६० कार्तिक |
| ३२. युगीन पीडा चिन्ता र चिन्तनको अभिव्यक्ति फूल बिनाको शाखा | वि.सं. २०६१ वैशाख |
| ३३. अनुहारको भीडमा मधुवनको अनुहार | वि.सं. २०६१ जेष्ठ |
| ३४. साहित्य पाठकको इच्छा | वि.सं. २०६१ पुष |
| ३५. राप्तीदूतको छैठौ अङ्क सङ्ग्रहनीय | वि.सं. २०६३ श्रावण |
| ३६. शालिक र मान्छेहरुमा बिचार बिम्ब | वि.सं. २०६३ श्रावण |
| ३७. कला, साहित्य, चिन्ता र चिन्तन | वि.सं. २०६३ श्रावण |
| ३८. निबन्धका नेपालका मूल्यहरु | वि.सं. २०६३ चैत्र |
| ३९. राप्ती साहित्य सम्मेलन भावभूमि | वि.सं. २०६३ चैत्र |
| ४०. नेपाली महिलामाथि दृष्टिमहिला | वि.सं. २०६३ चैत्र |
| ४१. बूढा जोर सिमला रुख | वि.सं. २०६३ मंसिर |
| ४२. धीरु विचित्रको गजलकृति उनीसँग | वि.सं. २०६३ भदौ |
| ४३. आन्दोलनमा दङ्गाली स्रष्टाहरुको भूमिकाको खोजी | वि.सं. २०६३ फाल्गुण |
| ४४. जाजरकोट विकास सन्देश | वि.सं. २०६३ फाल्गुण |
| ४५. अबको कला साहित्य | वि.सं. २०६३ माघ |

| | |
|---|---|
| ४६. एउटा प्युठानी कविका २ कविताकृति | वि.सं. २०६३ पुष |
| ४७. कला साहित्यको भावभूमि | वि.सं. २०६३ पुष |
| ४८. राप्तीका मगरहरुको कहला | वि.सं. २०६४ अषाढ |
| ४९. खसानीमा मध्यपश्चिमका कथाहरु | वि.सं. २०६४ अषाढ |
| ५०. साहित्यका केही समकालीन सन्दर्भ | वि.सं. २०६४ जेष्ठ |
| ५१. एकै ठाउँमा मध्यपश्चिमका गजल | वि.सं. २०६४ जेष्ठ |
| ५२. आँखाभरि ती आँधीमय दिनहरु | वि.सं. २०६४ पुष |
| ५३. गजलको सौन्दर्यशास्त्र | वि.सं. २०६५ माघ |
| ५४. कला साहित्य जातीय अपमानको प्रश्न | वि.सं. २०६५ फाल्गुण |
| ५५. नेपाली साहित्यमा पत्रकरिता | वि.सं. २०६५ फाल्गुण |
| ५६. नेपाली गजलको परम्परा र भविष्य | वि.सं. २०६५ चैत्र |
| ५७. राप्तीको साहित्यिक पत्रकारिता स्थिति र चुनौती | वि.सं. २०६६ वैशाख |
| ५८. रोल्पाली कवि र कविता | वि.सं. २०६६ वैशाख |
| ५९. अपराजित परिजात | वि.सं. २०६६ वैशाख |
| ६०. समकालीन गजलका केही तथ्यहरु | वि.सं. २०६६ जेष्ठ |
| ६१. राप्तीको गजल एक अवलोकन | वि.सं. २०६६ जेष्ठ |
| ६२. कवि इच्छुकको सपनामाथि | वि.सं. २०६६ जेष्ठ |
| ६३. तासकन्द प्रवचन वैचारिक आयाम | वि.सं. २०६६ अषाढ |
| ६४. कला साहित्यमा नविनताको आयाम | वि.सं. २०६६ अषाढ |
| ६५. मजगैयाको निबन्धमा सामाजिक चासो | वि.सं. २०६५ भाद्र |
| ६६. नेत्र एटमको सिमान्त आकाश | वि.सं. २०६५ भाद्र |
| ६७. एउटा कलाखण्डका परिनेता मोतीराम भट्ट | वि.सं. २०६५ भाद्र |

## टीकाराम उदासीका 'गाउाघर' साप्ताहिकमा प्रकाशित रचनाको एक झलक

### कथा

| शीर्षक | प्रकाशित समय |
|---|---|
| १. उमेशले पसल छोड्यो | वि.सं. २०५६ फाल्गुण |
| २. अर्ध परिचित | वि.सं. २०५६ फाल्गुण |
| ३. लेख्न नसकेको | वि.सं. २०५६ फाल्गुण |
| ४. श्यामलाल | वि.सं. २०५६ फाल्गुण |
| ५. एउटा नयाँ घरमा | वि.सं. २०५६ चैत्र |
| ६. मलामी माना | वि.सं. २०५६ चैत्र |
| ७. परिचय | वि.सं. २०५६ चैत्र |
| ८. बाजेको स्मृति | वि.सं. २०५६ चैत्र |
| ९. पहलमानको धोका | वि.सं. २०५६ चैत्र |
| १०. अतिरिक्त जिज्ञासाहरु | वि.सं. २०५७ वैशाख |
| ११. सारंगीको पीडा | वि.सं. २०५७ वैशाख |
| १२. केही भूतपूर्व साथीहरु | वि.सं. २०५७ वैशाख |
| १३. आधुनिक क्लिनिक पेटीमा | वि.सं. २०५७ वैशाख |
| १४. मर्महरु | वि.सं. २०५७ जेष्ठ |
| १५. पश्चाताप | वि.सं. २०५७ जेष्ठ |

### कविता

| | |
|---|---|
| १. सति सालहरु | वि.सं. २०६४ पुष |
| २. यात्राक्रम | वि.सं. २०६४ चैत्र |
| ३. यात्राक्रम | वि.सं. २०५५ वैशाख |

| | |
|---|---|
| ४. समयको ऐना | वि.सं. २०५५ वैशाख |
| ५. सडकमा चूपचाप | वि.सं. २०५५ वैशाख |
| ६. खलङ्गा | वि.सं. २०५५ जेष्ठ |
| ७. अबिरल आँसु | वि.सं. २०५५ अषाढ |

**जनउभार साप्ताहिकमा प्रकाशित उदासीका रचनाको झलक**

**कविता**

| **शीर्षक** | **प्रकाशित मिति** |
|---|---|
| १. शब्दकोष | वि.सं. २०६६ श्रावण |
| २. समानता स्वभाव | वि.सं. २०६६ अषाढ |
| ३. कोइलाबास | वि.सं. २०६६ अषाढ |
| ४. एउटा देश जलिरहेछ | वि.सं. २०६६ जेष्ठ |
| ५. बादशाह विरुद्ध | वि.सं. २०६६ वैशाख |
| ६. मशाल | वि.सं. २०६६ वैशाख |
| ७. जुनकिरी | वि.सं. २०६५ चैत्र |

यी बाहेक उनका यस्तै फुटकर रचना विभिन्न पत्रपत्रिकामा भेट्न सकिन्छ ।